
# मित्रसेन

मगन पथिक



N
891.491 092
M 697 P

भारतीय

N
891.491 092
M 697 P

अस्तरना छापिएको मूर्तिकलाको प्रतिरूप यो दृश्य राजा शुद्धोधनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरूले भगवान बुद्धकी आमा रानी मायको सपनाको अर्थको व्याख्या गरिरहेछन्। मनिपट्टि मुंशीजी बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन्। सम्भवतः भारतमा लेखन-कलाको यो सबैभन्दा पुरानो अनि चित्रांकित अभिलेख हो।

नागार्जुनकोण्ड, दोस्रो शताब्दी (ईस्वी)

सौजन्य : राष्ट्रीय संग्रहालय, नयाँ दिल्ली

भारतीय साहित्य का निर्माता

# मित्रसेन

लेखक
मगन 'पथिक'

साहित्य अकादेमी

**Mitrasen :** A monograph by Magan 'Pathik' on the Nepali author.
Sahitya Akademi, New Delhi (1994), Rs. 15.

© साहित्य अकादेमी

Library IIAS, Shimla
N 891.491 092 M 697 P
00116970

प्रथम संस्करण : 1989
द्वितीय संस्करण : 1994

**साहित्य अकादेमी**

**प्रधान कार्यालय**
रवीन्द्र भवन, 35, फिरोजशाह मार्ग, **नयी दिल्ली 110 001**
विक्रय विभाग : स्वाति, मंदिर मार्ग, **नयी दिल्ली 110 001**

**क्षेत्रीय कार्यालय**
जीवनतारा बिल्डिंग, चौथो तल्ला, 23ए/44 एक्स.,
डायमंड हार्बर रोड, **कलकत्ता 700 053**
304 & 305 अन्ना सालई, तेनामपेट, **मद्रास 600 018**
172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग,
दादर, **बम्बई 400 014**
ए डी ए रंगमंदिर, 109, जे.सी.मार्ग, **बंगलौर 560 002**

N
891.491 092
M 697 P

**मूल्य : पन्द्रह रुपियाँ**
**ISBN 81-7201-675-1**

Indian Institute of Advanced Study
1169.70
8/12/94
SHIMLA

**मुद्रक :**
मोना इन्टरप्राईसिज, नवीन शाहदरा, दिल्ली

# विषय सूची


| | | |
|---|---|---|
| 1. | युग प्रभाव | 7 |
| 2. | जीवन झांकी | 11 |
| 3. | गीता | 24 |
| 4. | महाभारत | 29 |
| 5. | अन्य खण्डकाव्य | 39 |
| 6. | गीत भजन | 49 |
| 7. | नाटक | 64 |
| 8. | निबन्ध | 73 |
| 9. | बुद्ध वाणी | 85 |
| 10. | कथा रूपान्तर | 89 |
| | उपसंहार | 94 |

# 1. युग-प्रभाव

बहुप्रतिभासम्पन्न मित्रसेनको जीवनकाल (1895-1946) भारतीय नेपाली साहित्यको इतिहासको एक गौरवशाली युग हो। यस दौरानमा देश भित्र आध्यात्मिक-नैतिक, सामाजिक एवं राजनैतिक क्षेत्रहरूमा खुबै हलचल मच्चि रहेको थियो। विवेकानन्द, रामतीर्थ अनि लोकमान्य तिलकको दौर सकिए पछि सम्पूर्ण भारतमा महात्मा गाँधीको अहिंसात्मक सत्याग्रह आन्दोलनले ठूलो प्रभाव जमाएको थियो। उक्त महापुरुषहरूबाट प्रेरणा पाएर प्रत्येक भाषाका अनेकानेक साहित्यिकहरूद्वारा उत्कृष्ट साहित्यको सृजना हुन थाल्नु स्वाभाविकै थियो। रवीन्द्रनाथ ठाकुर, शरच्चन्द्र, जयशंकर प्रसाद, मैथिलीशरण, प्रेमचन्द, डाक्टर इक़बाल, हसरत मुरादाबादी, अकबर इलाहाबादी वा जोश मलीहाबादी इत्यादि बंगला, हिन्दी वा उर्दूका प्रतिष्ठित कवि, कथाकार, साहित्यकार एवं शायर यसै युगका बरदान हुन्। त्यतिबेला भारतीय गोरखालीहरूको मातृभाषा (नेपाली) मा साहित्य-सृजना गर्ने लेखकहरू मद्धे धरणीधर शर्मा, सूर्य विक्रम ज्ञवाली, पारसमणि प्रधान, ठाकुर चन्दनसिंह (पत्रकार), बहादुरसिंह बराल अनि मित्रसेन यहाँ उल्लेखनीय छन्।

मित्रसेन एक कवि, नाटककार, निबन्धकार, अनुवादक, गायक, संगीतकार तथा समाज-सुधारक थिए। आठ वर्ष (1912—1920) को सैनिक जीवनको अधिकांश भाग प्रथम विश्व-युद्ध ताक यूरोप, अफ्रीका र मध्यपूर्वका देशहरूमा बिताउनु पर्दा, त्यहाँ प्रत्यक्ष देखा परेका भयंकर रक्तपातको दृश्यहरुले भावुक बिचारशील युवा मित्रसेनको मनभित्र ठूलो हलचल पैदा गरिदिएको थियो। विदेशदेखि भारत फर्की आएपछि तुरुन्तै मित्रसेनले पच्चीस बर्षको उमेरमा सैनिक जीवनबाट सधैं भरिका लागि छुटकारा लिए। बाँकी जीवनको पच्चीस वर्ष उनले गीत-संगीतको साधनामा, नाटक प्रदर्शनीमा, साहित्य-सृजनामा अनि समाज सुधारको कार्यहरुमा व्यतीत गरे। यस बीच उनले गीता-महाभारतका प्रसंगहरू माथि सातवटा गीति-खण्डकाव्यको रचना नेपाली भाषामा गरे। युवा जागरणको उद्देश्यले लेखिएका खण्डकाव्य परशुराम-लक्ष्मण-सम्बाद, भक्त प्रहलाद, चन्द्र-

हास अनि वीर अभिमन्यु तथा नारी कल्याणको भावनाले प्रेरित भई लेखिएका अन्न अन्य खण्डकाव्यहरूमद्धे एकादशी व्रतकथा, सत्यनारायण-कथा, बिल्वा-मंगल-चिन्तामणि अनि सन्त सखुवाई इत्यादि उनका रचनाहरुले नेपाली साहित्य को भण्डारलाई बढ़ाएका छन्। नाटकहरुमद्धे उनले कृष्ण-जन्म, प्रभु भक्ति, श्रवण कुमार, भक्त सूरदास, वीर अभिमन्यु इत्यादि लेखी रंगमंचमा प्रदर्शित गरे साथै ध्रुवभक्त, राजा हरिश्चन्द्र, द्रौपदी चीरहरण, स्वस्थानी व्रतकथा (शिव-पार्वती कथा), कृष्ण-सुदामा अनि सत्यवान-सावित्री नाटकहरूलाई लेखी वा तयार पारी ग्रामोफोन रेकर्डिंग सम्म गराए। यस प्रकार भारतीय विचार-संस्कृति लाई नेपाली भाषाभाषी लाखौं मानिसहरूमा फिजाउने प्रयास मित्रसेनले गरे। हितकोकुरा, उन्नतिको सांचो अनि गहिरो-खोज पुस्तिकाहरूमा उनले निबन्ध-मालाका रूपमा आध्यात्मिक वा मानवीय मूल्यहरूको व्याख्या अत्यन्त सरल भाषामा लेख्नु भएको छ। लोक-गीतको प्रसिद्ध झ्याउरे शैलीमा उनका विभिन्न रचनाहरू तथा उनीद्वारा गाइएका गीत वा भजन आदिका थुप्रै रेकर्डहरू आज सम्म पनि गोरखाली जगतमा लोकप्रिय भइआएका छन्। महात्मा बुद्ध अनि विश्वविख्यात लेखक टालस्टाय प्रति पनि प्रगाढ़ आस्था वा श्रद्धा राख्ने मित्रसेनले विस्तार पूर्वक बुद्धवाणिको अनुवाद गर्न सक्नु अनि टालस्टायका केहीं उत्कृष्ट कथा हरुलाई गद्य वा पद्य दुवै विधामा अनुवाद गर्नु उनको मानवतावादी दृष्टि-कोणका परिचायक तथ्य छन्।

दासताको त्यस दौरमा शोषण वा अशिक्षाले समाजलाई छोपे को थियो। फलस्वरूप, अनेकौं प्रकारका नैतिक वा सामाजिक त्रुटिहरू सर्वत्र देखा पर्दथे। निर्धन र अशिक्षित समाजमा जागृति जन्माउने उद्देश्यले मित्रसेनले साहित्य-सृजना साथै आफ्नु संगीत एवं नाटककला प्रतिभाको भरपूर प्रयोग गर्न चाहन्थे। यसैले होला उनका प्रायः जम्मै पद्य-साहित्यमा गायन-शैलीको प्रयोग पाइन्छ। लेखेपछि ती गाएर सुनाउँदै हिंड्न उनी रुचाउँथे। नाटक लेखेर, रंगमंचको लागि तयार पारेर जहाँ-तहाँ देखाउँदै जाने उनको अर्को रहर थियो। छोटो-मिठो भजन-गीत-नाटक इत्यादिलाई सबैले सुन्न सकुन्, सिक्न सकुन्-यसै विचार ले होला मित्रसेनले ग्रामोफोन रेकर्डिंगको व्यवस्थासम्म मिलाउनु भएको। किताब छाप्ने झिंजो चाहिं उनले गरेनन् किन भने त्यति बेलाको अशिक्षित वा निर्धन समाजमा शायद त्यसको उति महत्त्व थिएन होला—धन अभाव अर्को कारण हुन सक्त छ।

यस शताब्दीको तेस्रो दशकमा पंजाबमा आर्यसमाज अनि सनातन धर्म प्रति-निधि सभाको खुबै बोलबाला थियो। मित्रसेनले 1928 देखि 1932 सम्म चार बर्ष लगातार सनातन धर्म प्रतिनिधि सभाको अन्तर्गत धर्म उपदेशकको हैसियत मा पंजाबका पश्चिमी क्षेत्रहरूमा गाउँ-गाउँ ठाउँ-ठाउँ घुमिघुमीकन प्रचार

कार्य गरे। प्रचारको माध्यम उर्दू हिन्दी मिश्रित हिन्दोस्तानी भाषा थियो। त्यहिताक लाहौरका प्रसिद्ध शायर डाक्टर मोहम्मद इक़बालको उत्कृष्ट शेर-शायरी को प्रभावले गर्दा मित्रसेन वसेरी घोरिए। 'सारे जहांसे अच्छा, हिन्दोस्तां हमारा'मा इक़बालले भारतको प्राचीन गौरवलाई साह्रै घत्तलाग्दो ढंगले उजाग्र गरेको थियो। यी अनुभवहरूवाट प्रेरणा पाएर होला मित्रसेनले भारतीय दर्शन वा संस्कृतिको अध्ययन गहिराईका साथमा गर्ने चासो राखे अनि कालान्तरमा उनले नेपाली भाषामा अनेकानेक पौराणिक तथा ऐतिहासिक चरित्रहरूलाई साहित्य, रंगमंच वा रेकर्डिगको माध्यमबाट जनता उघि प्रस्तुत गर्न सके।

1932 ताक देहरादूनबाट ठाकुर चन्दनसिह द्वारा सम्पादित साप्ताहिक नेपाली पत्रिका 'तरुण गोरखा' मा महात्मा गांधीको आत्मकथा धारावाहिक रूप मा छापिंदै गरेको थियो। तिलकको गीता-रहस्य (उर्दू मा अनूदित) तथा गांधी जीको अनासक्ति-योग (हिन्दीमा अनूदित) पुस्तक वा पत्रिकादि पढेर मित्रसेनले गीताको अनुवाद नेपाली भाषामा, खण्डकाव्यको रूपमा लेख्ने प्रेरणा पाए। 'जिउ-ज्यानको मोह-भयलाई त्यागेर अन्यायी वा अत्याचारी शासकहरूका विरुद्ध मुठी कसी लड़नु नै वीर मानिसको धर्म र कर्त्तव्य हो' भन्ने अमर सन्देशलाई मधुर कण्ठले गाएर नेपाली भाषा-भाषी गोरखाली जनतामा पुर्‍याउने मित्रसेनले आज़ाद हिन्द फौजका वीर दुर्गामल्ल अनि दलबहादुर थापाको अनुपम वलिदान को समाचार थाहा पाएर अवश्य पनि सन्तुष्टि एवं गौरव प्राप्त गरेको हुनु पर्छ। कवि द्वारा रचित गीता खण्डकाव्य बाटका केही अंश यहाँ उद्धृत गरे बेस होला—

**क्षत्रीयको लागि लड़ाइं छ ठुलो, धर्म-युद्धमा अघि सर्नु**
**शत्रुलाई मार्नु कि त धर्मको लागि मर्नु**
**आत्मा अमर छ मर्दैन कहिले, चोला मात्र यो फेरिन्छ**
**तर मायाको भ्रमले गर्दा मरेको जस्तो बुझिन्छ**
**यो आत्मा एक छ सर्वत्र, अनेक शरीरमा छ यसको बास**
**मर्नु मा किन मान्नु सुर्ता, फांकमा किन हुनु उदास**
**निष्काम कर्म गर्ने जतिलाई, लाग्दैन, अर्जुन कुनै पाप**
**निष्काम कर्मको महिमा छ ठुलो, निष्काम भक्तिले छुट्छ सन्ताप**

स्वतन्त्रता संघर्षमा जहाँ महात्मा गाँधीको सबल नेतृत्वमा सत्य वा अहिंसा रूपी अस्त्रहरूको खुला प्रयोग भइरहेको थियो, वहाँ राष्ट्र-प्रेमको भावनाले ओतप्रोत क्रान्तिकारी युवाहरूमध्ये सरदार भक्तसिह, राजगुरू, सुखदेव, चन्द्रशेखर आज़ाद, लाला हरदयाल, रामप्रसाद बिस्मिल आदि देशभक्तहरू शासकवर्गमा आतंक जन्माइदिन उपायहरूमा संलग्न थिए। साधन वेग्लावेग्लै भएतापनि

निशाना दुवै थरिको एउटै थियो—देशको आज़ादी ! मित्रसेनको दृष्टिमा शायद हिंसा वा अहिंसाको दुवै मार्ग निष्काम हुनाले, निस्स्वार्थ हुनाले, उचितै थियो। यसैले मित्रसेनको हृदयमा महात्मा गाँधीको अहिंसात्मक सत्याग्रह आंदोलन अनि नेताजी सुभाष चन्द्र वोसको आज़ाद हिन्द फौज दुवै प्रति आस्था-श्रद्धा र विश्वास थियो।

आज़ादी प्राप्त गरि हाले पनि यदि समाजको नैतिक वा चारित्रिक उत्थान हुँदैन भने राष्ट्र प्रगतिपथतर्फ अग्रसर हुन सक्तैन। यो विचार गाँधीजीले उहिले नै गरिसक्नु भएको थियो। यसैले उनी देशका विभिन्न क्षेत्रहरूमा गाँधी-आश्रमको स्थापना गरी देश-बासीहरूमा नैतिक वा आध्यात्मिक मूल्यको प्रचार गरिरहन्थे। अहिंसा, सत्य, अस्तेय (अलोभ), ब्रह्मचर्य, असंग्रह, शरीर श्रम, अस्वाद, निर्भीकता, सर्वधर्म समभाव, स्वदेशी व स्पर्श भावना आदि गुणहरूको समावेश उनी भारतीय समाजमा गर्न चाहन्थे। समाजबाट छुवाछूत, मदिरापान, अन्ध-विश्वास, अशिक्षा, निर्धनता इत्यादि दुगुर्णहरूलाई हटाउनका लागि उनले सक-भर कोशिश गर्दे थिए। गाँधीजी तथा त्यस दौरका अन्यान्य समाज-सुधारकहरू बाट प्रेरणा पाएर मित्रसेनले पनि नरोकी नथ।कीकन समाज-सुधारका क्षेत्रहरूमा न मरुन्जेल सेवा गर्ने अठोट गरेका। मित्रसेनका प्रायः जम्मै कृतिहरूमा हामी जहाँ सत्यनिष्ठा, साहस, वीरता, त्याग अनि बलिदानका भाव विद्यमान पाउँछौं, वहाँ श्रद्धा, भक्ति, प्रेम, दया, नम्रता र निष्काम सेवाका मानवीय मूल्यहरू पनि सर्वत्र छरिएका हामी देख्न सक्छौं। उनका हास्यशैलीमा लेखिएका कतिपय झ्याउरे गीतहरूले जुवा, जाँड़-रकसी, फेसन, फजूल खर्ची वा नारीउपर अत्याचार इत्यादि सामाजिक त्रुटिहरू विषयमा गहिरो व्यंग्य-प्रहार गरेको भेट्दा मित्रसेन को लेख्ने र गाउन सक्ने प्रतिभा बाबत हामीलाई अझ बढ़ी जानकारी प्राप्त हुन्छ।

# 2. जीवन झाँकी

मित्रसेनको जन्म 29 दिसम्बर 1895 का दिन भागसू छाउनीमा धाराखोला नेर भएको थियो । भागसू-धर्मशाला जिल्ला कांगड़ाको सदर मुकाम हो । नवम्बर 1966 मा यो जिल्ला पंजाबबाट छुटिएर हिमाचल प्रदेशमा गाभिएको छ । धर्मशाला (भागसू) को ऊंचाई साढ़े चारदेखि साढ़े 6 हजार फीट सम्म छ । माथि । नजिकैमा धौलिधार-हिमालयका अग्ला अग्ला चुचुराहरूले, आखापाखा चारैतिर बांज, सल्ला, केलु, दयार, गुराँस, मेहेल आदिका वनहरूले र बाह्रै मास बगिबस्ने खोलानालाहरूले यसको सौन्दर्यलाई खुबै आकर्षक बनाएको छ। प्राचीन शिव-मंदिर भागसूनाथ यहाँ भएकोले नै यस रमणीय क्षेत्रको नाम भागसू धर्मशाला राखिएको हो । पौष मासमा हिउँदोताक मित्रसेन जन्मँदा यहाँ प्रकृतिले सेतो निर्मल हिउँको वर्षा गरिरहेको थियो ।

मित्रसेनका बुबा पेन्शनर हविल्दार मनबीरसेन थापा त्यसताक भागसू छाउनीमा एम० ई० एस० का ठेकादार हुनुहुन्थ्यो । मुमाको नाम—राधाथापा । तीनवटी छोरीछोरी मात्र जन्म हुँदा बा-आमालाई छोराको ठूलो रहर थियो । दुवै (दम्पती) धार्मिक स्वभावको हुनुहुन्थ्यो । बुबाले दुर्गा अनि रामको उपासना गर्थे, मुमाको आस्था शंकर अनि कृष्णमा थियो । धेरै पाठ-पूजा-तीर्थव्रत गरेपछि आखिरमा छोरो जन्मियो । बा-आमाको धार्मिक भावनालाई बालक मित्रसेनले संस्कारको रूपमा सहजै प्राप्त गर्नसके ।

छोरालाई पढ़ाउन सकिने त्यहाँ त्यति वेला केही व्यवस्था थियो अनि पल्टनमा दस प्रतिशत जति मामूली पढ़ेलेखेका सैनिकहरूको खाँचो क्लर्क-सिगनल वा बाजा-बिगुलमा भएकोले अंग्रेज़ सरकारले पेन्शन उपरांत कतिपय गोरखाली परिवार हरूलाई छाउनीको आखापाखामा बसोबासो गर्ने चाँजो मिलाएको थियो । तर प्राइमरी-स्कूल छाउनीबाट पाँच माइल टाढ़ा हुनाले मित्रसेन आठ वर्षको उमेरमा मात्र पहिलो कक्षामा दाखिल गराइए । उनी बालखैदेखि कुशाग्र बुद्धिका थिए । इस्कूलमा भर्ना गरिनु भन्दा धेरै अघिदेखि नै बुबाले उनलाई घरैमा कखरा सिकाउनु हुन्थ्यो । मालश्रीका साथै भानुभक्तको रामायणका कतिपय श्लोकहरू

मित्रसेनले बुबाबाट मुखाग्र गरिसकेका थिए। छन्दहरूलाई लयहाली छोरोले गाइदिदा बा-आमालाई ठूलो हर्ष लाग्नु स्वाभाविकै थियो।

सन् 1905 को ठूलो भूँइचालोमा धेरै घरहरू यहाँ भत्किए, धेरै मानिस मरे, धेरै घाइते भए। दस वर्षीय बालक मित्रसेनको मनमा प्रकृति-प्रकोपको कष्टदायक त्यस भयंकर दुर्घटनाले गहिरो प्रभाव पार्‍यो। असार संसारमा मानव-जीवनको विवशताको उदाहरण उनले देखे। मित्रसेनको घर भत्क्यो तर कुनै प्राणी नोक्सान भएन। बुवाले दुइ फर्लांग टाढ़ा तोतारानी गाउँमा नयाँ घर बनाउनु भयो। त्यति बेलासम्ममा मित्रसेनकी तीनै जना दिदीहरूको बिहे भइसकेको थियो। घरमा बा-आमा र बालक मित्रसेन बाहेक अरू कोही थिएनन्। अतः अत्यन्तै लाड़प्यारमा मित्रसेनको बाल्यकाल बितिरहेको थियो।

त्यसताक पंजाबमा इस्कूली शिक्षाको माध्यम उर्दू थियो। पाँचौं कक्षादेखि उर्दूको अतिरिक्त हिन्दी, संस्कृत, फारसी भाषाहरू पढ़ाइन्थ्यो। गणित, इतिहास, भूगोल, विज्ञान, ड्राइंग इत्यादि विषयहरू पनि पढ्नपर्दथ्यो। उक्त जम्मै विषयहरूमा मित्रसेनले खुबै चाखमानी विद्या ग्रहण गरे। बालकैदेखि गायन-संगीततर्फ विशेष रुचि हुनाले उनी स्थानीय शहर (धर्मशाला) मा कुनै प्रकारको भजन-कीर्तन, कथा-पुराण, रासलीला अथवा रामलीला इत्यादिको कार्यक्रम हुँदा सधैं सुन्ने वा हेर्ने रहर गर्थे। छोरोले घरैमा गाउन-बजाउन पनि सिकोस् भन्ने बिचारले बुवाले एउटा हार्मोनियम किनिदिनु भयो। अतः मित्रसेनले विद्या-उपार्जनका साथसाथै गायन-संगीतमा पनि केही सीप हासिल गरे।

अवकाशका दिन बालक मित्रसेन प्रायः बन पहाड़ वा खोलानालामा एक्लै डुलिहिँड्न मन पराउँथे। कुन्जाको फूल टिप्न, जुरेलीको भाखा सुन्न, अइसेलु खान, रानीचरीको बगाल हेर्न उनी रहर मान्थे। डलझीलको संग्लो पानीमा केलु, दयारादि रूखहरूको प्रतिबिम्बलाई उनी एकटक्क हेरिबस्थे अनि कहिले भागसूनाथ नेरको निर्मल छाँगाको स्वरलहरीमा निमग्न रहन्थे। वर्षमा एक दुइ चोटि बा आमाको साथमा चामुण्डा, वज्रेश्वरी, ज्वालामुखी माताको दर्शन गर्न जाँदा उनलाई खुबै आनन्द लाग्थ्यो। किशोर अवस्थामा उनी धर्मकोट वा तिरूंडका अग्ला डाँड़ामा गएर तल टाढ़ाटाढ़ासम्मका प्राकृतिक दृश्यहरूलाई हेर्न रूचाउँथे। नौ-दस हजार फीट अग्ला टाकुरामा पुगेर संसारलाई हेर्ने, बिचार्ने प्रेरणा उनले यहाँ देखि नै पाएको हुनुपर्छ।

बालखैदेखि मित्रसेनलाई आमाको जस्तै आस्था भगवान् शंकरमा थियो। खोला-नालाहरूबाट चिल्ला सुन्दर ससाना ढुंगाहरू बटुलिल्याउने उनको शौक थियो। घरभित्र पूजा-थानमा राखी श्रद्धापूर्वक उनी ती ढुंगाहरूको पूजा-अर्चना गर्थे। छोरोको यस्तो पवित्र निष्ठा देख्दा आमाको आग्रहले बुबाले घरको आँगनको किनारमा एउटो सानो शिव-मन्दिर बनाइदिनु भयो, जसले आज पनि रहेर बालक

मित्रसेनको भक्ति-भावनाको सम्झनालाई ताजा गराउँछ ।

गर्दागर्दै मित्रसेन सोह् वर्षको भयो । त्यसताक सानै उमेरमा छोरा-छोरीको बिहे गरिदिने चलन थियो। मित्रसेन आठौं कक्षामा पढ़दापढ़दै उनको बिहे भयो सन् 1911 मा। बिहे उपरान्त उनलाई स्कूल छोड्न बाध्य हुनुपर्‍यो ।

छाउनीका छेउछाउ बसोबासो गर्ने प्रत्येक गोरखाली परिवार सम्बन्धमा पल्टनका अंग्रेज अधिकारीहरूलाई सम्पूर्ण जानकारी रहन्थ्यो । छोरालाई अलिकता विद्या पढ़ाएर फौजमा भर्ना गराउनु पर्ने सरकारको नीति थियो। अतः मित्रसेन जवान भएको चाल पाउँदा कर्नेल ल्याँगले अब छोरोलाई फौजमा भर्ती गराउनपर्छ भनि बुबालाई परामर्श दिए । सोही बमोजिम सन् 1912 मा मित्रसेन आफ्नु बाबु-बाजेको पल्टन 1/1 गोर्खा राइफल्ज़मा सिगनलमा भर्ती भए। सन् 1815 मा मलाऊन किल्ला (हिमाचल प्रदेश) मा अंग्रेज़हरूसित घमासान युद्ध भएको थियो। युद्धमा गोरखाली सैनिकहरूको बहादुरीलाई देख्दा अंग्रेज़हरूले युद्ध उपरान्त त्यसै वर्ष (1815 मा) सपाटू (शिमला हिल्ज़) मा पहिला गोरखा रेजिमेंट खड़ा गरे। सन् 1961 मा यस पल्टनले भागसू-धर्मशालामा पक्का ठेगाना पायो। आज़ादी पछि सन् 1955 मा 94 बर्ष उपरान्त यसलाई चौथा गोरखासंग गाभी यहाँ देखि यसको स्थानान्तरण गरियो अनि आजभोलि 14 गोरखा ट्रेनिंग सेन्टरको नामले यसको पक्का ठेगाना सपाटू (हिमाचल प्रदेश) भए-को छ।

मित्रसेनको गायन-संगीतमा ठूलो प्रतिभा देखेर पल्टनका जम्मै सरदार वा जवानहरू खुबै प्रभावित भए। पल्टनको चाड़बाड़ होरी-दशैंताक मित्रसेनको कला ले जम्मैलाई मन्त्रमुग्ध पारिदिन्थ्यो। उनले संगीत साधनातर्फ ज्यादा समय दिनसकुन् भन्ने बिचार गरी उनलाई कवाज-परेड इत्यादिबाट प्रायः मुक्तनै राखिन्थ्यो। पल्टनमा छँदा उनले झ्याउरे, रोदी, सोरठी, भजन, चुडका आदि विभिन्न प्रकारका लोकलयहरूमा रकमरकमका गीतहरू हार्मोनियम बजाएर गाउन सिके। मारुनी-नाच, फुसुंगे नाच, होरीताकको फाग-नाच इत्यादि किसिमकिसिमका लोक-नृत्यहरूमा पनि उनी खुबै चाख राख्थे। मालश्री गाउनमा साथै भानुभक्तको रामायणलाई लय हालिकन पाठ गर्नमा अत्यन्तै सिपालु हुनाले उनले झन् बढ़ता लोकप्रियता हासिल गरे।

कुशाग्र बुद्धि भएकाले उनलाई आफ्नु सिगनलिंग काम-काज सिक्न केही जस्तो पनि लागेन। यसै बीच पहिलो विश्व-युद्ध शुरू भयो। सन् 1914 मा उनी आफ्नो पल्टनका साथ फ्रांस जान मार्सेल्ज बन्दरगाहमा पुगे। लगातार एक वर्षसम्म फ्रांसका कैयन मोर्चाहरूमा सक्रिय रूपमा भाग लिए उपरान्त मित्रसेनको पल्टनलाई मेसोपोटामिया (मिडलइस्ट) मा जाने हुकुम भयो। त्यहाँ टर्कीको फौज़ासित लगभग तीन वर्ष (1916-18) सम्म निरन्तर लड़ाइं जारी रह्यो।

अन्ततः 1918 मा शान्ति-सन्धिको घोषणा गरिएपछि प्रथम विश्व-युद्ध टुंगियो। यस भयंकर युद्धमा अपार जन-धनको हानि भयो। लाखौं मानिसहरू मारिए, लाखौं जखमी भए। मित्रसेनको पल्टनका सैंकड़ौं जवानहरू उक्त चार वर्षको युद्धमा हताहत भए। भावुक-हृदय मित्रसेनको मनमा गहिरो चोट लागेको थियो। सन् 1920 मा विजय-पताका फहराउँदै मित्रसेनको पल्टन भारत फर्कि आयो। तर मित्रसेनलाई भने केही खुशी थिएन। अन्य देशहरूमा गएर लड्नुका सट्टा आफ्नै देशको वा समाजको केही ठोस सेवा गर्न पाए असल होला बुझी मित्रसेनले भागसू पुगे पछि तुरुन्तै रिलीज़ लिनु भयो। त्यति वेला उनको उमेर पच्चीस वर्ष थियो।

पल्टनबाट रिहा लिई घर फर्की आउँदा बुबा स्वर्ग भइसक्नु भएको थियो। आमाले घरैमा आँटा चामलादिको सानो पसल थापेकी थिइन्। पत्नीले घर गृहस्थीको कामकाज वा नानीहरू र गाइगोठको हेरचाह गर्थिन्। बुबाले ठेकादारी-बाट प्रशस्त धन-सम्पति संगालेर जानुभएको थियो तापनि मित्रसेनले सन् 1921 मा आफ्ना एक जना मित्र श्रीरंग शर्माको सल्लाह सहयोगले आफ्नै पल्टनमा साझेदारको रूपमा कान्टीन खोली व्यापार-धन्धा आरम्भ गरे। पल्टनका जम्मै साहिब-सरदार वा जवानलाई मित्रसेनको यस निश्चयले खुशी तुल्यायो।

कान्टीनको माल किन्न भनी मित्रसेन समयसमयमा अमृतसर जाँदै गर्थे अनि हप्ता-दसदिन त्यहाँ अवश्य बस्थे। यस दौरानमा उनले शास्त्रीय संगीतको अध्ययन गर्थे अनि कहिले लाहौरमा गएर अल्फ्रेड थियेट्रिकल कम्पनी आदि विख्यात ड्रामा संस्थानका नाटक खेलहरू हेर्ने गर्थे। घर फर्की उनी आधा-आधा रातसम्म स्थानीय गीतसंगीतको महफिलमा रमिन्थे। विहानै उठेर बाकायदा रियाज गर्थे अनि दिनभरि कान्टीनको काम। यस्तै दिनचर्या त्यसताक उनको थियो।

फ्रांस जानु लाग्दा मित्रसेनका दुई जना सन्तानमा एउटो छोरो, एउटी छोरी थिए। सन् 1921 र 1923 मा दुइवटी छोरीहरू अझ थपिए। तर सन् 1923-24 को हैजामा पत्नी समेत जम्मै ती सन्तानको मृत्यु केही दिन मासको अन्तरमा हुँदा मित्रसेन माथि विपतको पहाड़ ओहर्ले जतिकै भयो। 1905 को भुइंचालोमा थुप्रै मरेका र घाइतेहरूका दृश्यले मित्रसेनलाई ठूलो आघात पुर्‍याएका थिए, विश्व-युद्धको दौरानमा हजारौं-लाखौं मानिसहरू मारिएको एवं घाइते भएको प्रत्यक्ष अनुभवले मित्रसेनको मनभित्रको गहिरो घाउ अझ आलै थियो, तर अहिले पत्नी अनि सन्तानहरूको असामयिक मरणले भावुक मित्रसेनको हृदयको हालत कस्तो भएको होला, कल्पना गरौं त !

बुढ़ी माऊले अनि इष्टमित्र, भाइबन्धु-सबैले मित्रसेनलाई जतिहुँदो सम्झाए, सान्त्वना दिए। मित्रसेन स्वयंले पनि आफूलाई सम्भालने सकभर कोशिश गरे। तर संसारी काम-काजबाट उनको मन हट्दै गयो। कान्टीनको कारोवार उनका साझे-

दारले अब उपरान्त एक्लै चलाउनु पर्‌यो। मित्रसेनको हातमा हुन्थ्यो कुनै धर्म-ग्रन्थ अथवा हार्मोनियम बाजा। बातचीत वा हाँसोठट्ठा एकदमै बन्द भयो। रामायण, गीता, महाभारत, चण्डीपाठ इत्यादि ग्रन्थहरूको अध्ययन-मनन वा ध्यान-प्राणायाम क्रिया निरन्तर कैयन घंटासम्म रोजै उनी गर्थे अनि बाजामा गायन-साधना पनि यस्तै प्रकारसंग चल्दै रहन्थ्यो। उनी एकदमै एकसूरे भइसकेका थिए। शान्तरस, करुणारस एवं भक्तिरसको बाहुल्य उनले त्यसताक आफ्नु संगीत रेयाज़मा ल्याए। गीताको 'निर्ममो निरहंकारस्य स शान्तिमधिगच्छति' मंत्रबाट प्रेरणा पाएर उनले शान्ति-साधनाको सतत् प्रयास गर्न थाले। विनम्र वा अभिमान रहित त उनी शुरूदेखि नै थिए तर मोहलाई, ममतालाई छोड्नमा उनलाई साह्रो संघर्ष गुर्नु थियो। वैराग्यको लक्षण चाल पाएर आमा आत्तिइन्, नातागोता पर्ने हितैषी-जन चिन्तामा परे। जोगी बनेर चट्ट भागी पो जाने हुन् कि, भन्ने आशंका सबैले गरे। अतः सबैले उनलाई घेरी दिनरात सम्झाउने बुझाउने प्रयःस गर्न थाले। मित्रसेनले त्यति बेला सम्ममा आफ्नो भावी जीवनको रूपरेखा तयार पारिसकेका थिए। सबै इष्टमित्रको सल्लाहले अनि विशेषगरी आमाको बारम्बार आग्रहले उनी दोस्रो विवाहको लागि सहमत भए। अनि सन् 1925मा उनको बिहे सल्लाघारी गाउँकी कन्या लाजवन्ती थापासँग भयो जो आज ठीक अस्सी बर्ष-की हुनहुन्छिन्।

बिहेको केही मासपछि मित्रसेनले आफ्नो भावी जीवनको योजना अनुसार सार्वजनिक जीवनमा हाम फाले। भागसूको इतिहासमा सर्वप्रथम यहाँ सन् 1926 मा हिमालयान थियेट्रिकल कम्पनीको स्थापना गरी मित्रसेनले ठूलो ख्याति अर्जित गरे अनि 'दुनिया झुकती है, झुकाने वाला चाहिए' भन्ने उनले प्यारो ठानेको उक्तिलाई चरितार्थ गरिदेखाए।

त्यतिबेला पंजाबमा उर्दू वा हिन्दोस्तानी भाषाको नै विशेष प्रचलन थियो। अतः मित्रसेनले पनि आफ्नु पहिलो नाटक बिल्लवामंगल(सूरदास) लाई हिन्दी-उर्दू मिश्रत हिन्दोस्तानी भाषामा तयार पारे। आमाको श्रीकृष्ण प्रतिको आस्थाले प्रेरित भएर होला उनले कृष्णभक्तको जीवन-चरित्रबाट नै रंगमंच कला-प्रदर्शनी-को थाल्नी गरे। 'यह ले तेरी लकुटि कमरिया बहुत ही नाच नचायो, सूरदास तब बिहंसी जसोदा लै उर कंठ लगायो, मइया मोरी मैं नहीं माखन खायो।' भगवान कृष्णको बाललीलाको अनौठो वर्णन सूरदासको साहित्यमा पढ्न पाउँदा मित्रसेन साह्रै प्रभावित भएकोले उनले अत्यन्तै मनलगाएर यस नाटकलाई तयार पारे। लगभग तीन घंटासम्म चल्ने यस नाटकका निर्माता, सम्भाषण एवं धुन रचयिता, निर्देशक, संगीत वा नृत्य निर्देशक एवं प्रमुख अभिनेता वा गायक एक्लै उनी आफै थिए। यो नाटक जहाँतहीं 'हिट' भयो। यहाँ देखिनै मित्रसेन 'मास्टर मित्रसेन' को नामले विख्यात हुनपुगे।

उक्त नाटकको सफलतापछि मित्रसेनले पंजाबमा प्रचलित लोककथाको आधारमा हीर-रांझा अनि सोहनी-महिवाल दुःखान्त प्रेमनाटक रंगमंचमा प्रस्तुत गरे। यी नाटकहरूमा प्रायः उर्दू भाषाको प्रयोग गरिए तापनि उनले बिच-बिचमा पंजाबी लोकगीत वा लोकनृत्यका दृश्यहरु उपस्थित गरिदिँदा दर्शकहरुले साह्रै मन पराउँथे। उनको नाटक कम्पनीमा गोरखाली, पहाड़ी वा पंजाबी पच्चीस जति कलाकार अनि सात-आठ जना करिन्दाहरू थिए। मास्टरज्यूको स्नेह सिंचित व्यवहारले सबै सदस्यहरूलाई संगठित पारेको थियो। दुइतीन वर्षको अवधिमा उनले उक्त नाटकहरूका अतिरिक्त दर्दे जिगर, नूरकी पुतली, मशरकी हूर वा बादशाह टावर इत्यादि नाटकहरू, उर्दू भाषामा प्रदर्शित गरे। उनले खेलेका जम्मै नाटकहरूमा हास्यदृश्यहरू पनि प्रचुर मात्रामा पाइन्थ्यो तर बादशाह टावर भने शुरूदेखि आखिरीसम्म हाँसोठट्टाले मात्र परिपूर्ण थियो। भागसू छाउनी साथै धर्मशाला, पालमपुर, कांगड़ा, शाहपुर, कोटला, नूरपुर, पठानकोट, गुरदासपुर अनि बटाला इत्यादि शहरहरूमा उक्त नाटकहरूको खेल-प्रदर्शनी प्रत्येक स्थानमा कैयन सप्ताहसम्म अटूट चलिबस्थ्यो। यस दौरानमा मास्टर मित्रसेनको प्रसिद्धि पंजाबभरि जताततै फिजियो। त्यसताक सिनेमा-टॉकी भारतमा अझ शुरू भएको थिएन। नामी नाटक कम्पनीहरू ठूलठूला शहरहरूमा मात्र खेल देखाउने गर्थे। अतः ससाना शहर-कस्बाहरूमा मास्टर मित्रसेनको नाटक-प्रदर्शनी-सेवा यहाँ उल्लेखनीय छ।

अनेकानेक कहानी-पुस्तकहरूबाट उर्दू-हिन्दोस्तानी भाषामा सम्भाषण लेख्ने, गीत रचने, धुन-बनाउने अभ्यास मित्रसेनले यसै बीच गरे। रंगमंचमा गाउँदा उनको मिठोचर्को भर्राएको आवाज़ले श्रोताहरूलाई मंत्रमुग्ध गराइदिन्थ्यो। त्यसताक पंजाबमा ठूलो जनजागृति आएको थियो। राजनैतिक, धार्मिक वा सामाजिक संस्थाहरू सबै सक्रिय थिए। प्रत्येकले मित्रसेन जस्ता प्रतिभावान कलाकारको सेवा प्राप्त गर्ने चाहना गर्नु स्वाभाविकै थियो। अतः सन् 1928 मा लाहौरबाट सनातनधर्म प्रतिनिधिसभा, पंजाबका संचालक द्वारा मित्रसेनलाई आदरपूर्वक आमन्त्रित गरियो। धेरै घोरिइ उनले त्येस प्रस्ताव माथि सोचविचार गरे अनि पश्चात् धर्मप्रचारकको रूपमा केही समयका लागि कार्य गर्ने सहमति जाहरे गरे। प्रायः चार बर्षसम्म उनले पंजाबभरि घुमि-घुमिकन गीतसंगीत वा कथा-व्याख्यानको माध्यमबाट धर्मप्रचारकको कार्यलाई सफलतापूर्वक सम्पन्न गरे। यसबीच उनले उर्दू-हिन्दी वा संस्कृत भाषामा लेखिएका अनेकानेक पुस्तक वा धर्मग्रंथहरू पढ्न पाए साथै देश विदेशका प्रख्यात साहित्यिकहरूका अनुवादित कृतिहरूको अध्ययन गहिराइका साथमा गर्नसके। देशका कतिपय विख्यात धार्मिक वा सामाजिक विद्वान- कार्यकर्ताहरूसँगको नजिकैको सम्पर्कले उनको व्यक्तित्त्वमा अझ निखार आयो। दैनिक वा सामयिक पत्र-पत्रिकाहरूबाट उन-

लाई देशका राजनैतिक गतिविधिहरू साथै राजनैतिक नेताहरूको विचार सुन्ने-जान्ने अवसर प्राप्त भयो।

शास्त्रीय संगीतमा असल जानकारी हुनाले मित्रसेनका भजन-संकीर्तन कार्यक्रम एकदमै चाखलाग्दो हुन्थ्यो। कथा-व्याख्यानमा उनी महाभारतका प्रसंगहरू साथै गीताकाउपदेशहरू वाची गाई सुनाउने गर्थे। त्यसताकको स्वतंत्रताको संघर्षमय परिवेशमा जनजागृतिको संदर्भमा यही नै उपयुक्त विषय थियो। महाभारतमा मित्रसेनले राजनैतिक, सामाजिक एवं नैतिक सामग्रीहरू प्रचुर मात्रामा भेटाउन सकेका थिए। यी सामग्रीहरूको प्रयोग कालान्तरमा उनले नेपाली भाषासंस्कृतिलाई सिगार्न र सपार्नतर्फ गरे। सन् 1928 देखि 1931 सम्म लगातार घुमिघुमि-पंजाबका अनेकानेक शहर-कस्बा एवं गाउँहरूमा धर्मप्रचार कार्य गरिरहँदा मित्रसेन बिसंचो हुन थाले, दिनदिनै उनको शरीर सुक्दै गयो।

यस वेला लाला लाजपतरायमाथि अंग्रेजहरूको लाठी-प्रहार, महात्मागांधीको नून-सत्याग्रह आन्दोलन अनि सरदार भगतसिहलाई फाँसीमा झुण्ड्याइएको घटनाहरूले भावुक मित्रसेनलाई वेसरी विचलित गरायो। उता ठाकुर चन्दनसिंहको पत्रिकाले पनि उनको मनभित्र ठूलो हलचल जन्माइदिइरहेको थियो। अझ भ्रमण-कालमा उनले कतिपय अवोध निर्धन गोरखाली तरुनीहरूलाई पंजाबमा ल्याई वेचिदिएको जानकारी पाएका थिए। अव उपरान्त नमरुन्जेल म आफ्नु समाजको सेवा गर्नेछु भन्ने निश्चय गरी सन् 1932 मा उनले सनातन धर्मसभा-समक्ष आफ्नु राजीनामा प्रस्तुत गरे।

भागसूमा फर्किआए पछि मित्रसेन छिटै रोगमुक्त भए। तर स्थानीय कलाकार वा नाटकप्रेमी दर्शकहरूको स्नेहपूर्ण आग्रहलाई टार्ननसकी उनले एक वर्ष सम्म फेरि हिन्दोस्तानी भाषामा तिनवटा नाटकहरू तयारपारी देखाए। पहिलो नाटक वीर अभिमन्युमा वहादुर युवा अभिमन्युको पराक्रम र वलिदान तथा अंग्रेजहरू सरि शक्तिशाली कौरवदलको छलकपट एवं अत्याचारको कथालाई मित्रसेनले रंगमंचमा देखाउनको उद्देश्य, विशेषगरी देशका युवावर्गको छातीमा अन्याय वा अत्याचारको विरुद्ध संघर्ष गर्न सक्ने भावनाको संचार गर्नु थियो। अर्को नाटक परिवर्तनमा पनि देश वा समाजको लागि तन-मन-धन अर्पण गरिदिने निश्चय अथवा हृदय परिवर्तनको अभिव्यक्ति थियो। तेस्रो नाटक यहूदीकी बेटीमा एउटी तरुनी केटीको सूझवूझ र साहसको अनौठो दृश्य देखाइएको थियो।

1926-32 को अवधिमा मित्रसेनको एक मात्र सन्तान दिग्विजयसेन थापाको जन्म सन् 1926 मा भयो। अर्को घटना सन् 1926 मा नै देहरादूनका युवा खड्गबहादुरसिंह बिष्टको अद्वितीय पराक्रम अनिपछि जेलवाट मुक्ति, साबरमती आश्रममा गांधीजीद्वारा उनको प्रशिक्षण, दंडीयात्रामा शामेल हुनु, देहरादून छाउनीमां आफ्ना युवा सहयोगीहरू समेत देश-प्रेम वा आजादीको संदेश

फिजाउनलाई उनको साहसिलो प्रचार-कार्य अनि लापता हुनु, साथै ठाकुर चन्दन सिंह द्वारा सम्पादित देहरादूनबाट छापिने साप्ताहिक पत्रिकाहरू अर्थात् नेपाली भाषामा गोरखा संसार अनि तरुण गोरखा तथा अंग्रेजी भाषामा दि हिमालयन टाइम्ज़ यहाँ उल्लेखनीय छन्। मित्रसेनले जहाँ युवा खड्गबहादुर विष्टको साहस, पराक्रम र देशभक्तिको भावनाबाट ठूलो प्रेरणा पाए, वहाँ उनले ठाकुर चन्दन-सिंहका उक्त पत्रिकाहरूबाट नेपाली भाषा तथा भारतीय संस्कृति प्रति प्रगाढ़ प्रेम प्राप्त गर्न सके।

जीवनको अन्तिम भाग (1933-46) मा मित्रसेन झन्डै तेह्र वर्ष तक निरन्तर साहित्य सृजनका साथै धर्म-प्रचार, समाजसेवा र देश-सेवाका कार्यहरूमा संरत रहे। भारतमा त्यति वेला अंग्रेजहाकिमले देशका अधिकांश धनी र स्वार्थी तत्त्वहरूलाई साथलिइकन यहाँका निर्धन र अशिक्षित एवं कमजोर जनताउपर घोर अन्याय वा अत्याचार गरिरहेको वस्तुस्थिति मित्रसेनको अगाड़ि छर्लंग थियो। नेपालमा पनि अंग्रेजहरूका संरक्षणमा त्यहाँको निरंकुश राणा-परिवारको हुकमी शासनले गरीब प्रजालाई थिचोमिचोमा राखी निर्दयतापूर्वक शोषण गरिरहेको दृश्यहरू उनले आफ्नु भ्रमणकाल (1933-35) मा प्रत्यक्षै देखेका थिए। शिक्षाको नितान्त अभावले अनि निर्धनताको जाँतोमा लगातार पिस्सिई रहेकाले त्यहाँ जन-जागरण को ठूलो खाँचो मित्रसेनले अनुभव गरे। तर नेपालभित्र त्यति वेला एकदमै कड़ा शासन प्रवन्ध भएकोले उनले त्यहाँ कुनै किसिमबाट प्रचारकार्यको थालनी गर्न मुश्किल ठाने। तानसिङ, रिड़ि, पाल्पा, गुलमी, पोखरा, वागलुंग, लमजुङ, गोरखा, नवाकोट इत्यादि स्थानहरूमा लगभग डेढ़ वर्षसम्म भ्रमण गरिरहँदा मित्रसेनले त्यहाँको जनजीवन र राजनैतिक, सामाजिक, आर्थिक वा धार्मिक अवस्थाको राम्ररी ज्ञान प्राप्त गर्न सके। विशेषतः पहाखण्डमा प्रचलित अनेकानेक लोकगीत, लोक नृत्य, चाड़बाड़, रीति-रिवाज इत्यादि सांस्कृतिक तथ्य र सामग्रीहरू प्रशस्त मात्रामा उनले बटुल्न पाए अनि आफ्ना रसिला भजन—गीत—संगीतले त्यहाँका सबैलाई मोहित पारे। नेपाली-भाषामा गीत-भजनादि कोर्ने प्रेरणा पनि उनले यसै भ्रमणको दौरानमा पाउनु भयो।

उक्त लामो भ्रमण-काल (1933-35) मा मित्रसेन नेपालभित्र मात्र होइन, भारतका विभिन्न स्थानहरूमा फिजिइ बसेका गोरखाली समुदाय सँग सम्पर्क गाँस्ने उद्देश्यले शिलांग, देहरादून, कुइटा, एवोटाबाद, बकलोह, धारीवाल, बनारस, कलकत्ता, दार्जिलिङ, गोरखपुर, नौतुना इत्यादि ठाउँहरूमा डुलिहिँड़े। नेपाली भाषामा सरल र चाख लाग्दो गीत-भजनादि सुन्न पाउँदा विशेषतया गोरखाली पल्टनहरूका सैनिकहरू साथै पल्टनका छेउछाउ बसोवासो गर्ने गोरखाली पेन्सने

परिवारहरूमा मित्रसेनको कला-प्रतिभाले ठूलो धाक जम्यो। फेरिफेरि आउँदै गर्नु होला—भनि अनुरोध सुनिपाउँदा मित्रसेनको मनभित्र अनौठो प्रकारको स्नेह, आनन्द, आत्मविश्वास एवं आत्मस्फूर्तिको संचार हुनु स्वाभाविकै थियो।

अढ़ाई बर्षको भ्रमण समाप्त गरी जूलाई सन् 1935मा घर फर्किआएपछि मित्रसेन आफ्नु दीनहीन समाजको शोचनीय अवस्था एवं गोरखाली सन्तानको दूर-भविष्यको चिन्तामा धेरै दिनसम्मन् घोरिइ बसे। समाजमा कुनै प्रकारको सामाजिक वा राजनैतिक चेतना चाहिं छैन—जाँड़-रक्सी जुवा-जारीको लतमा परिकन दिनदिनै समाज खोक्रिन आँटेको छ; अशिक्षा र अज्ञानले गर्दा समाजमा अन्धविश्वास वढ़िरहेको छ; वालविवाह, वहुविवाह एवं वेमेल विवाहले नारी-वर्गको हितलाई ठूलो धक्का पुप्याएको छ; वेश्यावृत्ति सम्मको लांछन लागिसकेको छ, अधिकांश वालकहरू, इस्कूलदेखि भाग्दै लुकेर गुलेली खेल्ने, माँछा मार्ने वा ताशादि खेल्ने गर्छन। खालि भजन-गीत मात्र सुनाएर त समाजमा जागृति आउँदैन। यस्तै सोचविचारमा परिरहेको वेला अगस्त 1935 मा मित्रसेनका मित्र सुवेदार-मेजर वहादुरसिंह वराल 2/1 गोरखा रायफल्जदेखि रिटायरभई घर (दाड़ी गाउँ-भागसू) मा फिरता आउनु भयो। अव उपरान्त दुवै मित्रले मिली समाजसुधार सेवाकार्य गरौं भनी मतो मिलाए। वरालज्यूले पनि पल्टनमा छँदा-देखिनै नैपाली भाषामा केही भजन-गीत आदि कोर्ने रुचि राख्नहुन्थ्यो। उनले आफ्ना रचनाहरू समेत मास्टर मित्रसेन, दुर्गामल्ल इत्यादि केही जना स्थानीय कविहरुका कृतिहरुलाई वरालकोआंसू नामको पुस्तिकामा छाप्दै जानु भयो। वरालको आंसुमा परेका रचनाहरुलाई सुरताल प्रदान गरी हार्मोनियम बजाएर गाइदिँदा मित्रसेनले सुनमा सुगन्ध थपिदिएको कुरा सर्वविदितै छ।

तर मित्रसेनलाई ससाना भजन-गीतादि सुनाउन मात्रमा संतोष थिएन। उनी चाहन्थे कुनै यस्तो सन्देश समाजलाई सुनाउन सकियोस् जस्तो सयबर्ष अघि आचार्य भानुभक्तले सरल मिठो भाषामा रामायण लेखी जनजनलाई सुनाउनु भएको थियो। अतः त्यसताकको भारत अनि नेपालको राजनैतिक अवस्था तथा सामाजिक परिस्थितिहरुलाई मध्यनज़र राखेर मित्रसेनले गीताको संदेश अनि महाभारतका रोचक प्रसंगहरुलाई सरल नेपाली भाषामा खण्डकाव्यको रूपमा सन् 1935 देखिनै लेख्नथाले। काव्यलेख्दा उनले गाएर सुनाउन सक्ने भाषा-शैलीको प्रयोग गरे। त्यति मात्र होइन मित्रसेनद्वारा लोकप्रिय झ्याउरे लयमा हास्यरसका व्यंग्यात्मक कृतिहरूको थालनी पनि यसै वेला भएको हो। अझ उनले त्यसैताक कृष्ण-जन्म नाटक नेपाली भाषामा लेखी प्रदर्शित गरिएको कुरा पनि यहाँ उल्लेखनीय छ।

उक्त लामो भ्रमण-कालमा मित्रसेनले दार्जिलिङका विख्यात साहित्यिकहरू मद्धे सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा अनि पारसमणि प्रधानवाट ठूलो उत्साह

र प्रेरणा प्राप्त गरे। नेपाली भाषामा अन्य तीन जना दिग्गज कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र प्रख्यात नाटककार बालकृष्ण समका साहित्यिक गतिविधिहरू विषयमा पनि मित्रसेनले नेपालको भ्रमण गर्दा चाल पाउनु भएको थियो। यी साहित्यिक बन्धुहरूसित भेटवार्ता गर्ने आकांक्षा मित्रसेनको थियो। अतः सन् 1936मा महाशिवरात्रिको पर्वमा पशुपतिनाथको दर्शन साथै उक्त बन्धुहरूलाई भेट्ने अभिलाषाले मित्रसेन काठमाडौं गए। भागसू-तर्फका रायसाहेब सेनबीर गुरूंग, सूबेदार नाराणसिंह थापा र हविल्दार हरिश्चन्द्र साही त्यति बेला त्यहाँ हुनुहुन्थ्यो। उनीहरू सबैले मास्टर मित्रसेनको खुबै सेवा-सत्कार गरे अनि उनको गास-बासको समोचित व्यवस्था मिलाइ दिए। पशुपति-नाथको दर्शनपछि मित्रसेनले पालुपालं उक्त साहित्यिक बन्धुहरूसित भेटवार्ता गरे। प्रत्येकबाट यथेष्ट रूपमा प्यार र प्रोत्साहन पाउँदा मित्रसेनले उनीहरूकै परामर्श एवं सहायताले त्यहाँ भजन-गीतादिको कार्यक्रम प्रस्तुत गरे। संगीत-प्रेमी श्रोताहरूको खुशीको ठेगाना रहेन। फर्मायश बढ्दैनै गयो। ठाउँठाउँबाट उनलाई बोलाहट गरियो। काठमाण्डू, भक्तपुर वा ललितपुरमा झण्डै तीन महीना-सम्म निरन्तर गीत-संगीतको कार्यक्रम चलि बस्यो—यहाँ सम्मन्कि दरबार-दरबारदेखि पनि उनलाई आमन्त्रित गरियो। प्रशस्त मात्रामा मान-प्रतिष्ठा साथै धन र पदकहरू अर्जित गरी जून मासमा मित्रसेन घर फर्कि आए। बिदाइ-भेटमा महाकवि देवकोटाले विशेषतया उनका झ्याउरेलयका गीतहरूलाई बेसी सह्राए, कवि शिरोमणि लेखनाथले उनका भजन साथै गीता वा महाभारतका केही खण्डकाव्यको खुबै प्रशंसा गरे अनि नाटककार बालकृष्णले उनको नाटक-कला प्रतिभाप्रति ठूलो सन्तोष र खुशी जाहेर गरे। यी साहित्यिक बन्धुहरूका हार्दिक स्नेह, सहयोग वा परामर्शहरूलाई मित्रसेनले आखिरी साससम्म अंगालि नै राखे, संगालि नै राखे।

भागसू फिर्ता पुग्नसाथ मित्रसेन उक्त कविहरूको सल्लाह बमोजिम ग्रामो-फोन रिकार्डिंगको लागि सामग्रीहरू बटुल्ने वा चयन गर्ने काममा लागे अनि त्यही उद्देश्यले संगीत-गायनको रेयाज गर्न थाले। दशैं-दीपावली सकिएपछि त्यसै बर्ष (1936मा) बनारसमा गएर मित्रसेनले सर्वप्रथम दुइवटा गीतको रेकार्डिंग गराए— अब त जाऊँ कान्छी घर, बोटा छ उकाली-ओह्राली अनि अर्को कृष्ण-गोपी जस्तो होरी, आइजाऊ खेल्नुलाई गोरी। यस पछि 1945 सम्ममा उनले भजन—गीत वा नाटकका अनेकानेक ग्रामोफोन रेकर्डहरू बनारस, कलकत्ता, दिल्ली अनि लाहौरबाट त्यार गराए। यस कार्यबाट मित्रसेनको नाम गोरखाली जगतमा सर्वत्र फिंजियो। यहाँ सम्मन् कि कलकत्ताका फिल्म—कम्पनीहरूले मित्रसेनलाई फिल्मी—काममा तान्ने कोशिश गरे। लाहौरबाट पनि उनलाई सनातन-धर्म सभाले फेरि फकाउन थाल्यो। तर मित्रसेनलाई स्वतन्त्रता

पूर्वक आफ्नै समाजमा जागृति फिंजाउने ठूलो अभिलाषा थियो। अतः उनी देब्रे-दाहिने कतै नहेरीकन सुरुसुरु जनजागरणको मार्गमा हिँड्दै रहे।

ग्रामोफोन रेकर्ड छापे उपरान्त मित्रसेनलाई ठाउँठाउँबाट सधैं आमन्त्रित गरिन्थ्यो। सालमा चार महीना जति घरमा बसी उनी प्रचार-सामग्री लेखी त्यार पार्थे, लय-सुर-ताल झिकी रेयाज गर्थे अनि आठ महीना जति प्रायः पल्टन-पल्टनमा अथवा पल्टनका छेउछाउ बसोबासो गर्ने गोरखाली समाजमा डुलिडुलि कन गीत-संगीत, कथा-व्याख्यान वा नाटक प्रदर्शनीको माध्यमबाट धर्मप्रचार अथवा जनजागृतिको कार्य गरिबस्थे। त्यसताक सरकारबाट धर्म-प्रचार वा समाज-सेवाका कार्यहरूमा कुनै किसिमको रोकावट थिएन। तर पनि मित्रसेनले खुबै सावधानीका साथमा काम गर्नु उचितै थियो।

नाटकका पर्दा आदि तयार पार्ने काममा प्रसिद्ध चित्रकार सेनाबीर ठकुरीको मित्रसेनलाई ठूलो सहयोग थियो। सेनावीर हास्य दृश्यका एक लोकप्रिय कलाकार पनि थिए। तबला-मादल बजाउनमा अनि नाटकको प्रमुख भूमिका पूर्ण गर्नमा दलीपसिंह गुरुंगले उनलाई संघाउने गर्थे। कहिले उक्त कलाकारहरूले फुर्सत न पाउँदा, मित्रसेन स्वयंले पर्दा बनाउने गर्थे अनि स्थानीय कलाकारहरूलाई उचित सिखलाई दिएर अन्य सबै काम सुचारु रूपले सम्पन्न गर्नसक्थे। जस्तो नाटक-प्रदर्शनी-कलामा मित्रसेन सिपालु थिए उस्तै धर्म-उपदेशकको रूपमा उनी एकदमै प्रवीर्ण र सफल थिए। लगातार एक-एक महीनासम्म रोजै चलिबस्ने महाभारत अनि पुराण इत्यादि व्याख्यान-कथा कार्यक्रममा मित्रसेनले मोहनी लाए जतिकै श्रद्धालु श्रोताहरूको उपस्थिति दिनदिनै बढ़ि रहन्थ्यो। कथाको बिच-बिचमा उनी हाम्रा वीर पुर्खाहरूका अनुपम साहस र बलिदानले ओतप्रोत अनेका-नेक एतिहासिक घटनाहरूको झाँकी अनौठो ढंगले प्रस्तुत गर्थे। प्रतिदिन दुइ-अढ़ाइ घंटासम्म चलिबस्ने कथा-व्याख्यान उपरान्त मित्रसेनद्वारा गाइने दुइ-एक भजन एवं झ्याउरे गीतले श्रोताहरूलाई भरपूर आनन्द वा सन्तुष्टि दिन्थ्यो। सन् 1935 देखि 1939 सम्म चार बर्षको अवधिमा मित्रसेनले भाषा-साहित्य वा संस्कृतिको क्षेत्रमा प्रशस्त सेवा गर्नसके।

भारतीय सेनाका गोरखाली पल्टनहरूमा पूर्व-पश्चिम दुवैतिरका भारतबासी एवं नेपालवासी गोरखाली सैनिकहरू हुन्थे अनि आज पनि यस्तै व्यवस्था यहाँ छ। ती सैनिकहरूमा देशको आज़ादी निम्ति जागृति पैदा गर्ने जुन् प्रयासको थालनी सन् 1932-33 ताक देहरादून छाउनीमा वीर युवा खड्गबहादुरसिंह बिष्टले गरेको थियो, त्यही कामलाई सावधानीका साथमा मित्रसेनले जीवन रहुन्जेल चलाइ नै राखे। युवावर्गलाई गीताको सन्देश सुनाएर, अभिमन्यु नाटक खेलेर, लक्ष्मण-पर्शुराम सम्बाद लेखेर अथवा प्रह्लाद को खण्डकाव्य रचेर मित्र-सेनले अन्याय वा अत्यचारको विरुद्ध सत्याग्रहको उदाहरण एवं साहस, वीरता

116970

र वलिदानको उदाहरण तिनीहरू समक्ष प्रस्तुत गरे। शासक कस्तो हुनु पर्छ भने कुरा उनले राजा हरिश्चन्द्र वा श्रीकृष्णको चरित्र-चित्रणबाट उपस्थिति गरे। नारी-वर्गलाई जागृत गराउनका लागि मित्रसेनले सती सावित्री, सती पार्वती, सती द्रौपदी, सन्त सखुवाई आदिको दृष्टान्तलाई कलमबद्ध गरे। मलाऊन अनि खलंगाका युद्धमा अंग्रेजहरूको शक्तिशाली फौजसित मुठीकसी लड्ने अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुंवर वा तिनका हजारौं गोरखाली वीर सैनिकहरू साथै सैकड़ौं बहादुर नारी र बालकहरूको अनुपम वीरताको गाथा सुनाउँदै जन-जनको मनभित्र जोश वा उत्साह उत्पन्न गरिदिने मित्रसेनको प्रयास त्यसैं खेर गएन—यो कुराको साक्षी शहीद दुर्गामल्ल वा शहीद दलबहादुर थापाको बलिदान छ; साथै उनका अन्य धेरै जना देश भक्त साथीहरूको साहस, वीरता र त्याग-भावना छ।

दुर्भाग्यवश, दोस्रो विश्व-युद्ध सन् 1939 मा आरम्भ भयो। मित्रसेन देशको आज्ञादीको निमित्त संघर्षलाई उचित ठान्थे तर विश्व-युद्धका सट्टा उनी विश्व-शान्तिका पक्षधर थिए। प्रथम विश्व-युद्धको दौड़मा उनलाई लड़ाईको भयंकर विनाशकारी परिणामको प्रत्येक्षै अनुभव थियो। 1933 देखि 1939 सम्म निरन्तर 6 वर्षसम्म प्रचार-कार्यहरूमा लागि रहंदा मित्रसेनको शरीर जर्जर भइसकेको थियो। अतः अगस्त 1940 देखि उनी ज्वर-ग्रस्त भए। झण्डै चार वर्षसम्म घरैमा वसी उनले आफ्नु उपचार आदि गराउँदै रहे। बिचबिचमा ज्वरोले छाड़िदिँदा उनी साहित्य सृजना गर्थे अथवा महात्मा बुद्ध तथा टल्सटयका रचनाहरूको अध्ययन गर्थे। यसै समय उनले बुद्धवाणिको अनुवाद नेपाली भाषामा गरे साथै टल्सटयका चार-पाँचौटा कथाहरूलाई गद्य-पद्य दुवै विधामा तयार पारे।

सन् 1944 मा मित्रसेनलाई ज्वरोले छाड़िदियो। 13 जूलाई 1944 (भानु-जयन्ती) का दिन मित्रसेनको विशेष आग्रहले भागसूमा 'सतसंग प्रचारिणी सभा' को गठन गरियो। यस काममा उनलाई सघाउनेहरू मद्धे कैप्टन बहादुरसिंह बराल, मास्टर नत्थु बोग्टी बी० ए० बी० टी०, सुबेदार गिरधारी बिष्ट, जमदार राम-किशन थापा, जमदार प्रह्लाद गुरुंग अनि थानेदार दुर्गासिंह भण्डारी आदिका नाम स्मरणीय छन्। अगस्त 1944 मा मित्रसेन प्रचार-कार्य सम्बन्धमा नौतुना-गोरखपुरमा गए। यसै भ्रमणमा उनले रिडि, तानसिङ, पाल्पा तथा शिलाँग—तेजपुर इत्यादि स्थानहरूमा पनि पुग्ने अवसर पाए। उक्त ठाउँहरूमा उनले साप्ताहिक सतसंगको कार्यक्रम चलाएर, नाटक खेल तयार पारी देखाएर, भजन-गीतादि सुनाएर अनि कथा-व्याख्यानको आयोजन गरेर भाषा-संस्कृतिको सेवा-प्रचार गर्दै रहे। यसै अवधिमा केही साहित्य-सृजनाको काम अनि दिल्ली वा लाहौरमा गएर ग्रामोफन रेकर्डहरू छाप्ने काम पनि सम्पन्न गरे। दिसम्बर 1945 मा पचास वर्षको उमेर पूरा हुँदा उनि नौतुनामा थिए। जनवरी 1946 देखि उनी

त्यहाँ साहै, बिरामी भए—दवाई पानीले केही लाभ भएन। अतः मार्चको अन्तिम सप्ताहमा उनी जन्मस्थान भागसू फर्की आए। केही दिनपछि 6 अप्रैल, 1946, रामनवमीका दिन मित्रसेनले प्राण-त्याग गरे। 'तँ वीस वर्षको भइस्। बजै र आमाको सेवा गर्नू, साथै सत्संग-कार्यलाई जहाँसम्मन् हुन्छ चलाइनै राख्नू' यो आखिरी परामर्श मित्रसेनले छोरो दिग्विजयसेनलाई दिए।

# 3. गीता

गीतालाई गाएर सुनाउनसक्ने अनि सम्झाउनसक्ने पाराले मित्रसेनले छोटकरीमा (लगभग पाँचसय पंक्तिमा) यसको अनुवाद सरल नेपाली भाषामा, खण्डकाव्यको रूपमा, सन 1935 मा गरे। त्यसताक यूरोपमा दोस्रो विश्व-युद्धको तयारी जोरशोरसँगले भइरहेको थियो अनि भारतमा स्वतन्त्रता आन्दोलन चरम सीमामा पुगि सकेको थियो। संघर्षको त्यो कोलाहलको वेलामा गीतालाई लेख्नलाग्दा कविले अक्षरश: यसको अनुवाद मात्र गरेनन् बरू यसमा परिस्थिति अनुसार केही थपथाप गर्न उनी हिचकिचाएनन्। मित्रसेनलाई प्रथम विश्वयुद्धको प्रलयंकारी परिणामको प्रत्यक्ष अनुभव थियो। अतः उनी विश्वशान्तिको पक्षमा थिए। राज्य-राज्यबिच आपस्तको हिंसात्मक लड़ाइंले संसार निस्सै नष्ट हुनेछ भन्ने डर र आशंका उनलाई थियो। यस्तो विनाशकारी युद्धको मूलमा लोभ, ईर्ष्या, भय, घृणा, अहंकार इत्यादि दुष्प्रवृत्तिको विशेष दखल हुन्छ भन्ने कुरो उनले जानिसकेका थिए। कविका शब्दमा—

**राज्य सुख भोग निम्ति फांकैमा, युद्ध रचाउने हो किन,**
**मेरो मनले मान्दैन कृष्ण, संसार डुबाउने हो किन,**
**दुनियांलाई दु:खकष्ट दिएर, गरीबको रगत चुसेर**
**जनसमूहलाई मासेर, मौज उड़ाउने हो किन ?**

'गरीबको रगत चुसेर, मौज उड़ाउने हो किन' गीता-मूलग्रन्थमा शायद यस्तो कहीं लेखिएको छैन तर प्रेमचन्द-टलसटय-गाँधीजी आदिका साहित्यबाट प्रभावित भएर होला कविले अर्जुनको मुखबाट यस्तो प्रश्न कृष्णअघिसोध्न लगाएका! महात्मा गाँधीले 'असंग्रह' निबन्धमा—शरीरलाई चाहिए जतिक। अत्यन्तै आवश्यक जिनिसहरू बोइक जुन मानिसले अन्धाधुन धन-संपत्ति संग्रह गर्न थाल्छ, त्यो समाजको, राष्ट्रको चोर हो। त्यस्तालाई चोर सरिको सजाए मिल्नु पर्दछ। गांधीजी-टल्सटय अनि प्रेमचन्द जस्तै मित्रसेन पनि शोषणको एकदमै विरुद्ध थिए; उनी दलितवर्गका हितैषी थिए; उनी वास्तवमा जनकवि थिए।

विशेषतय: लोभबाट नै दुनियांमा शोषण, लूटपीट, हिंसा, रक्तपात एवं अशान्तिको सूत्रपात हुन्छ। विश्व-शान्ति, मानव-धर्म, वसुधैव कुटुम्बकम् इत्यादि सिद्धान्त यथेष्ट रूपमा प्रयोगमा आउंदैन। लोभले गर्दा मान्छे हिंसक पशु भन्दा पनि तल झर्नु लागिरहे छ। यसै सन्दर्भमा कवि लेख्नु हुन्छ—

**लोभले अन्धो गरायो सबैलाई, लोभले अन्धो गरायो**
**धर्मको चिनो हरायो जगतबाट, धर्मको चिनो हरायो**
**बग्दै छ कतै रगतको खोला, फाल्दै छन् खेर यो मानिस चोला**
**अझ अघाडि के के होला, हिंसक पशु झैं बनायो—**

लोभ-ईर्ष्या र अभिमानका मदले मातेका ती साम्राज्यवादी सबल राष्ट्रहरू आपस्तमा जुझ्न लागको देख्दा, विश्व-युद्धको भयंकर परिणाम विषय सोचेर संवेदनशील कविद्वारा चिन्ता वा दुःख व्यक्त गरिनु स्वाभाविकै हो।

विश्व-शान्तिको प्रबल इच्छा छँदा पनि मित्रसेन भारतलाई छिटोभन्दा छिटो आज़ाद भएको हेर्न चाहन्थे। संघर्ष, कष्टसहन अनि बलिदान बाहेक लक्ष्य प्राप्तिको अन्य कुनै बाटो थिएन। ज्यानको माया मारीकन स्वतन्त्रता आन्दोलनमा हाम फाल्ने युवावर्गको देशलाई खाँचो थियो। यस्ता निर्मोही वा निर्भीक सत्याग्रही एवं क्रान्तिकारी हरूलाई खोजी, संघर्ष निम्ति तयार पार्ने प्रयासमा देशभक्त नेताहरू दिनरात लागिरहेका थिए। त्यतिनै बेला मित्रसेन द्वारा गीत-संगीतको माध्यमबाट समाजमा गीताप्रचारकार्यको थाल्नी गर्नु साँचीनै सराहनीय कुरो हो। आत्मा अजर अमर छ, अविनाशी छ तर शरीर परिवर्तनशील छ, क्षणभंगुर छ—अत: अन्याय वा अत्याचारको विरुद्ध आवाज़ उठाउनु, संघर्ष गर्नु अनि न्यायको लागि बलिदान हुनुनै मानिसको परम कर्तव्य हो। जन्मेपछि एक न एक दिन त अवश्यै मर्नु पर्छ तर यो आत्मा कहिले मर्दैन, कविको कृतिबाट—

**जस्तो पुरानो फेरेर लुगा, नयां वस्त्रले ढाक्छौं शरीर**
**उस्तै यो चोला बदलेर, धारणगर्छौं अर्को शरीर**
**आत्मा अविनाशी छ अर्जुन, शस्त्रले काट्नु सक्तैन**
**न अत्मा डढ्दछ, सुकाउनु रूझाउनु पनि सक्तैन**

हामी अविनाशी आत्मा हौं, नाशवान् शरीर होइनौं। पुरानो देहलाई छाड्नु बित्तिकै आत्माले नयाँ देह धारण गर्दछ। परम्परागत चली आउने यस प्रकारको विचार-विश्वासले, दृढ़ आस्थाले भारतीय दर्शन-संस्कृतिलाई संसारभरिमा सर्वश्रेष्ठ तुल्याएको छ। यसमा निराशावादी वा पलायनवादी विचारको ध्वनि छैन बरू यसमा सम्पूर्ण रूपेण आशावादिता एवं प्रत्येक चुनौतीलाई निर्भीकतापूर्वक सामना गर्न सक्ने संकल्प, साहस र वीरताको भाव विद्यमान छ। आफूलाई साथै अन्य

जम्मैलाई केवल आत्मानै सम्झी कार्य गर्ने मानिसको मनमा भय-डर, मोह-ममता तथा मान-अभिमान भनेको पटक्क रहँदैन अनि त्यस्ता मानिसले मात्र अन्यायको सामना गर्न, निष्काम सेवाकार्य गर्न एवं देश, समाज वा विश्वभरिमा शास्वत शान्तिको साम्राज्य स्थापित गर्न सक्त छ।

अर्जुन कुनै प्रकारको लोभ-लालचले प्रेरित भईकन होइन, आफ्नो अधिकार प्राप्तिको लागि अन्यायी वा आततायी शासकवर्गको विरुद्धमा लड्न भनी युद्धभूमिमा आएका थिए तर देह-नाशको र मृत्युको डरले, मोहले गर्दा उनी दुःख-वेदना वा निराशा व्यक्त गर्दै कायरसरि लड़ाईंको मैदानबाट भाग्न तत्पर थिए। यस्तो जटिल परिस्थितिमा तत्वदर्शी भगवान् कृष्णले अर्जुनलाई झट्ट आत्म-ज्ञानको कुरा सम्झाएपछि युद्ध गर्ने अनिवार्यता अनि युद्ध नगर्ने विचारको निरर्थकता सम्बन्धमा यस प्रकारसंग भने—कविका शब्दमा—

**तिमीले यदि युद्ध गरेनौ भने, नर्कमा निस्सै खस्ने छौ**
**यश-कीर्ति गुमाई जम्मै, अपजस सहनु पर्ने छौ**
**धेरै दिनसम्मन् दुनियांले, तिमीलाई गर्ने छ बदनाम**
**मानो मानिसको बदनाम हेर, मानिन्छ मृत्युकै समान—**

जीवननै संघर्ष हो। जीवन-संघर्षको दौरानमा प्रायः प्रत्येकलाई परिस्थिति-वश अन्तर्द्वन्दको सामना गर्नुपर्दछ। कुन् चाहिँ मार्गलाई अपनाउने कुन्लाई छोड़िदिने! मित्रसेनको जीवनमा पनि अनेक चोटि यो समस्या उत्पन्न भयो। आर्थिक लाभका लागि आफ्नो निष्काम प्रचारकार्यलाई त्यागीदिने कि आर्थिक कष्टलाई सहेर पनि दृढ़तापूर्वक परोपकारको बाटोमा हिंड़िरहने? अर्काले खिल्लि गर्‍यो भन्दैमा झ्याउरे गीत लेख्न र गाउन छोड़िदिने कि तिखो व्यंग्यको कलात्मक प्रयोगलाई आजीवन जारी राख्ने? तर गीताका उपदेशहरूबाट मित्रसेनले कदम-कदममा मार्गदर्शन प्राप्त गरे। उनले अन्तिम साससम्म नरोकी नथाकी संघर्ष गर्दै-रहे, समाजलाई जगाउँदै रहे, जनजनमा देशभक्ति, मानव-प्रेम अनि समाज-उत्थानको भावना फिजाउँद रहे। अत्यधिक भ्रमण-परिश्रमले उनको शरीर छिया-छिया भइसकेको थियो तर पनि उनले जीवन-संघर्षदेखि भाग्ने काम गरेनन्, आराम विश्राम चाहेनन्।

गाँधीजीले गीतालाई अनासक्ति योग को नाम दिए र निस्स्वार्थ भावले गरेको सेवाकार्यलाई मानव-जीवनको पवित्र साधना बताएका छन् भने लोकमान्य तिलकले पनि गीता रहस्यमा निष्काम कर्मको नै विशेष सराहना गर्नु भएको छ। मित्रसेनले निष्काम कर्मी समाज-सेवक अथवा देशसेवकको हृदय कस्तो हुनु पर्छ भन्ने कुरो यी पंक्तिहरूमा दर्शाएका छन्—

**फलको इच्छा दिलमा नराखी, निष्काम कर्म गर्दै जाऊ**
**दीनहीन भई माग्नु भन्दा, दानी बनेर बढ्दै जाऊ**
**आमाले निज सन्तान को, सेवा गर्छिन् जस्तो गरी**
**त्यही भावना राखी हृदयमा, कर्म जगतमा गर्दै जाऊ !**

मूलग्रन्थमा महाकवि व्यासले निष्काम कर्मीको रूपमा राजा जनकको उदाहरण प्रस्तुत गर्नु भएको छ। तर यहाँ मित्रसेनले अझ सजिलो पाराले निज सन्तान प्रति आमाको निष्काम सेवा भावको उदाहरण बताउँदै मानव-हितका लागि काम गर्नुपर्छ भन्ने कुरा जनाएका छन्। आमाबाट अविरल रूपमा पाउँदै गरेको प्रेरणा-सहयोग वा सहायता तथा उनी प्रति आमाको अपार स्नेह, कष्टसहन र त्यागको भावनालाई मध्यनजर राखेर होला कविले जनकको स्थानमा आमालाई विशेष महत्त्व दिएका—तर शब्दार्थनै गर्नु भए जननी वा जनकमा लिङ्ग भेद बाहेक अन्य कुनै अन्तर शायद नदेखिएला !

संसारका सबै मानिसले अथवा अधिकांशले पनि यदि निष्काम-कर्मको अतिलाई ग्रहण गरिदिएको भए विश्व-शान्तिको लक्ष्य सजिलै पूरा हुने थियो अनि प्रत्येक देश वा समाजमा सुख-समृद्धिको निवास हुने थियो। तर लोभ वा स्वार्थमा अन्धो भइरहेका सभ्य भनाउने देशका अधिकांश शिक्षित वा सिपालु मानिसहरू रकमरकमका सिद्धान्तहरू तयार पारेर, आपस्तमा घृणा-द्वेष फिंजाएर संसारलाई सर्वनाशको बाटोतिर लगिरहेका छन्। यस्ता अज्ञानीजनहरू प्रति व्यंग्य प्रहार गर्दै कवि कोर्नु हुन्छ—

**अज्ञानी स्वार्थीहरूको बुद्धि, भिन्दाभिन्दै हुन्छ अनेक**
**लोभको बतासमा उड्दो रहेका, घडदं शास्त्र अनेकानेक**
**स्वार्थी गुरु, स्वार्थी चेला, स्वार्थ-अन्ध भई खेलछन् होरी**
**अन्धोले अन्धोलाई बाबा, बाटो बताउने कसो गरी**

गुरु-चेला अर्थात् नेतागण वा उनका अनुयायीहरूनै स्वार्थ र लोभले अन्धो भईकन आफ्नै मौज-मेलामा मस्त रहन्छन् भने यो मानव-समाज सुख-समृद्धि अनि शान्तिपथतर्फ कसरी अघाडि बढ्ने ! कविको यो कुरा भूत-वर्तमान अनि भविष्य तिनै कालका लागि सत्य ठहरिन्छ होला। धर्म, जाति, बोली, भाषा एवं खान-पान इत्यादि जम्मै भेद-भावलाई मेटी जहिलेसम्म मानिस-मानिसले सर्वधर्म समभाव, सर्वजाति समभाव, सहअस्तित्वको भाव एवं मानव-धर्मको भावलाई अंगालेको हुँदैन, तबसम्म विश्व-शान्तिलाई खतरा छ, देश-देशको आजादीलाई खतरा छ, समग्र मानव-समाजलाईनै ठूलो खतरा छ। मित्रसेनले लेख्नु भएको

गीताका अन्तिम पंक्तिहरूमा समत्व-भावकोनै चर्चा छ। कविका शब्दमा—

**देख्नु सबैलाई समान-भावले, सानो ठूलोको न राखी भेद**
**ज्ञानी ले राख्छन् एक आँखा, अज्ञानी का आँखा अनेक**
**समत्व-भावले जम्मैलाई, एक समान जुन् देख्तछन्**
**तिनीनै हुन् निष्काम कर्मी, स्थित-प्रज्ञ कहाउँद छन्**

जसको हृदयमा प्राणी-मात्रको लागि दया र प्रेम छ, जसको बुद्धि-विवेकले मानव-मात्रलाई एक समान सम्झने ज्ञान उपार्जित गरेको छ अनि जसले निष्काम निस्स्वार्थ सेवा वा परोपकारको कर्म सधैं गर्दैरहन्छ, त्यो मानिस वास्तवमा स्थित-प्रज्ञहो, त्यसैले शान्ति, मोक्ष, निर्वाण अथवा मुक्ति प्राप्त गर्नसक्त छ। भक्ति, ज्ञान, कर्मको रहस्य फुकाउने अनि जनजनलाई सुख, समृद्धि, शान्ति पथतर्फ अग्रसर गराउने गीताको प्रचार-प्रसारका लागि मित्रसेनले प्राण रहुन्जेल कत्ति कसर राखेनन्। गीताबाटनै विशेष प्रेरणा पाएर उनले महाभारत, पुराण इत्यादि ग्रन्थहरूबाट मूल्यवान सामग्रीहरूको खोज गरेर अनेकानेक कृतिहरूको रचना गर्नसके।

# 4. महाभारत

गीताको सफल सम्पादन एवं गायन-प्रचारबाट प्रेरित भएर होला मित्रसेनले 1935 देखिनै महाभारतका केही प्रमुख सर्ग (पर्व) हरूलाई त्यस्तै गाइनसक्ने पाराले खण्डकाव्यको रूपमा लेख्न शुरू गरे । यसरी दुइ बर्ष भित्रैमा उनले आदि पर्व, सभा पर्व, विराट पर्व, उद्योग पर्व अनि भीषम पर्वलाई लेखि सिध्याए। प्रतिदिन दुइ-अढाइ घंटाको दरले प्रायः एक महीना सम्मन् गायन-संगीतको माध्यमबाट श्रोताहरूलाई सुनाउन सक्ने महाभारत-कथा-व्याख्यानको कार्यक्रमलाई कविले योजना-बद्ध तरिकाले तयार पारेका थिए ।

जाति-भाषा एवं क्षेत्रको पर्खाललाई नाघी मानव मात्रको आध्यात्मिक नैतिक वा सामाजिक उत्थानका लागि मार्गदर्शन गर्ने यस पवित्र महाभारत ग्रन्थको अनुवाद सरल नेपाली भाषामा गर्नु थाल्दा कविले परम्परागत ढंगले मंगल मूर्ति श्री गणेशको सादर सम्झनामा केही लेख्नु उचितै थियो। आदि पर्व (240-पंक्ति) को आरम्भमा कविद्वारा यस सम्बन्धमा लेखिएका केही अंश—

**जय जय गणपति विघ्न विनाशक, रिद्धिसिद्धिका खानी**
**शक्तिदायक बुद्धिप्रदायक, समस्त सृष्टि का स्वामी**
**एक दन्त गज बदन दयानिधे, सकल कष्ट भयहारी**
**मंगल मूर्ति अखिलेश्वर तिमी, सबैका छौ हितकारी—**

विघ्नविनाशक गणपतिजीको स्तुति-गान गरिसके पछि कविले सकलकला निपुण आमा सरस्वतीको आशीर्वाद पाउन निम्ति बिन्ति गरेका छन्—

**जय जय माते वीणावादिनी, विद्या बुद्धिको भन्डार**
**नमस्कार मेरो नम्रभावले, गर्नु होस् आमा स्वीकार**
**लेख्दै छु म निज भाषामा, जानी न जानी आज**
**महाभारतको कथा सुनाउने, पूर्ण गर्नु होस् काज—**

मित्रसेनको जीवनकालमा उनको कुनै कृति, पुस्तकरूपमा प्रकाशित हुन सकेन। लेखेर अनि गाएर भने उनले वेसरी मुनाउन सके ; केही नाटक वा गीत भजनादिको रेकर्डिंग सम्म उनले गराए। 'सुनाउने' वरदान मात्र मागेका थिए— त्यो इच्छा चाहिं उनको अवश्य पूर्ण भयो। तथापि उनका पाण्डुलिपिहरूलाई एकुन्टा गरी छाप्ने जिम्मा आजभोलि भागसूमा मित्रसेन साहित्य-संगीत सभाले लिएको छ। मित्रको डायरी र केही कविता-झयाउरे भन्ने प्रथम पुस्तकलाई उक्त सभाले छापी सकेको छ। कविको जन्म-शताब्दी समारोह (1994-95) भन्दा अघिनै उनका जम्मै कृतिहरूलाई छाप्ने अठोट सभाले गरेको छ। अतः यस यानो पुस्तकमा कविको जीवन अनि उनका रचनाहरू बापत संक्षिप्त रूपले केही जानकारी अथवा परिचय दिनभर यी पंक्तिका लेखकको एक तुच्छ प्रयास हो। मित्रसेनका जम्मै पुस्तकहरू प्रकाशमा आएपछि मात्र विद्वान् आलोचक वृन्द द्वारा मित्रसेन साहित्यको समीक्षण-आलोचना यथेष्ट रूपमा गर्नि सम्भव होला।

आदि पर्वमा मित्रसेनले, वेदव्यासका शिष्य सुतमुनिद्वारा अठासी हजार ऋषिहरूको सभामा महाभारतको कथालाई सुनाउन लागे को दृश्य, महाराजा परिक्षतको मृत्यु, जन्मेजयको यज्ञ, नागराज तक्षकको चिन्ता, इन्द्रको आश्वासन, चेदी देशका राजा वशुभानको कथा एवं सत्यवतीको जन्म इत्यादि प्रसंगहरूलाई छोटकरीमा लेखेका छन्। सत्यवती सित राजा शान्तनुको प्रेम, शान्तनुको छोरो देवव्रत (भीषम) द्वारा आजीवन ब्रह्मचर्य व्रत धारण गर्ने प्रतिज्ञा अनि सत्यवती-शान्तनुको शाखा सन्तान हरूबाट पाण्डव तथा कौरवहरूको उत्पत्ति, आपस्तको संघर्ष इत्यादि विस्तार-कथा हामी महाभारत ग्रन्थमा पाउँद छौं।

विश्वका कति विशिष्ट कृतिहरूमा महाभारतको विषयको भरमार छ। लोक-प्रियताको दृष्टिले भारतमा महाभारत एवं रामायणका कथा-कुथुंग्रीहरू हजारौं वर्षदेखि अविरल रूपले घर घरमा प्रचलित छ। आफ्आफ्नो वोली भाषामा आमाहरूले बालक-बालिकालाई सानै उमेरदेखि यी कथाहरू सुनाउँदै आएकी हुन्। तर गीत-संगीतको कलाले यी कथा चरित्रहरूलाई सजाएर-सिंगारेर राखी दिंदा जन-मानसमा यसको अझ गहिरो प्रभाव पर्नु स्वाभाविकै हो। यस्तो प्रयासले नै विशाल दशका विभिन्न जाति, विभिन्न भाषा-भाषी एवं विभिन्न क्षेत्र-का जनसमुदायलाई राष्ट्र-एकताको मालामा ऊनी राख्न सक्तछ।

महाभारत ग्रन्थको महत्त्व बारेमा कविको विचारलाई यहाँ उद्धृत गरे उचितै होला—

**सबै प्रकार रस रहस्य पूर्ण छ, फगत कथा महाभारत**
**आइना जस्तै छर्लङ देखाउने, महाग्रन्थ महाभारत**
**देश समाज अनि मानव धर्मको, मर्म राम्ररी जनाउने**

**भक्ति, योग तथा ज्ञान-कर्मको, सोझो मार्ग बताउने**
**बन्धन देखि मुक्त गराउने, नीति-पुराण महाभारत**
**पापी 'मित्र' को आँखा उघार्ने, पुण्य पुनीत महाभारत**

त्यति बेला विशेषतय: क्षत्रीय समाजमा जुवा खेल्ने चलन थियो। जुवाको कुपरिणाम थाहा हुँदापनि युधिष्ठिर जस्ता धर्म-परायण मानिसलाई धरी जुवाको ठूलो चासो थियो। युधिष्ठरको यस कमजोरीबाट लाभ उठाउन निम्ति मामा शकुनीको परामर्शले दुर्योधनले युधिष्ठरलाई डाक्न लगाई जुवा खेल्ने प्रस्ताव उनै द्वारा युधिष्ठर अघि राख्नु लगाए। शकुनीको कुटिलताबारे युधिष्ठिरलाई राम्रै जानकारी थियो तर दुर्भाग्यवश तिनले त्यो प्रस्ताव लाई नकार्न सकेनन्—

**जुवा को कुरा सुनी युधिष्ठिर, शकुनीतिर हेर्दा छन्**
**जुवा हो नजाती बेहोरा, नखेलौं भनि भन्दा छन्**
**शकुनीको ज्यादै आग्रहले गर्दा, दुष्टको जालमा परे**
**अच्छा, दुइ चार बाजी लगाउंछु भनेर, युधिष्ठिर अघिसरे**

एक चोटि खेल्न थालेपछि जुवाको नशा हर क्षण बढ्दै जान्छ अनि नशामा चूर भएको मानिसले आफ्नु र आफ्नु परिवार समेतको सर्वनाश गराउन बेर लाउँदैन। कविले यस कुराको वर्णन यहाँ यस प्रकारले गरेका छन्—

**जुवा खेल्दा मामा शकुनीले, छल कपट खुबै गरे**
**राजपाठ धन द्रव्य जम्मै, पाण्डवहरूका जिती लिए**
**जुवाको झोंकमा आफु समेत, भाइहरूलाई हारे जसै**
**द्रौपदीलाई पनि आखिरी दाउमा, युधिष्ठिरले राखे तसै**

मित्रसेन हाम्रो अशिक्षित समाजमा जुवा-जाँड़ र जारीको चलनीले साह्रै चिन्तित थिए। यी सामाजिक खराबीहरूलाई हटाउन-मेटाउन का निमित्त उनले आजीवन संघर्ष गर्दै रहे—नीति पुराणादि धर्मग्रन्थहरूको प्रचार-प्रसार बाहेक लोकप्रिय झ्याउरे लयमा जाँड़, जुवा र जारीको विरोधमा रचना गरी ठाउँ ठाउँमा गए र सुनाउँदै हिंड्ने उनको समाजसेवाको कार्य चिर-स्मरणीय छ।

महाभारतले जहाँ धर्मराज युधिष्ठिर को जुवा खेल्ने दोषलाई दर्शाएको छ, वहाँ गुण-शील सम्पन्न द्रौपदीको अर्कालाई तिखो वचन लगाउने त्रुटितर्फ पनि औंगुल्याएको छ। द्रौपदीद्वारा देवर दुर्योधन प्रति 'अन्धो पिताका सन्तान अन्धो नै हुने रहे छन्' भन्ने व्यंग्य-प्रहारले गहिरो घाउ पारिदिएको थियो। यस अपमान को बदला दुष्ट दुर्योधनले कस्तो प्रकारले लियो, कविका शब्दमा—

**दुर्योधनले भन्छन् दुशासनलाई, इज्जत यसको हरी लेऊ**
**खिल्लि ममाथि उड़ाउंथी जसरी, बेइज्जत यल्लाई गरी देऊ**
**यति वचन सुनी दुशासन, सारी तान्नु अघि सऱ्यो**
**द्रौपदीलाई कसैको आस नहुंदा, मनमा अति दुख पऱ्यो—**

जुवा खेल्ने कक्ष (सभा) मा भीम, अर्जुन, भीष्म, विदुर, द्रोण, धृतराष्ट्र इत्यादि वीर पराक्रमी अनि ज्ञानी ध्यानी महानुभाव उपस्थित थिए, तर कसैले पनि द्रौपदीको लाजलाई बचाउन सकेनन् । अन्त प्रभुभक्तिको चमत्कारले नै द्रौपदी अत्यन्तै बेइज्जतीबाट बाँच्न सकिन् । मीरा, सखुबाई, रामकृष्ण परमहंस इत्यादि अनेकानेक प्रभुभक्तहरूको जीवनमा चमत्कारका घटनाहरू घटित भएको कुरा सर्वविदितै छ । हृदयको गहिराइबाट गरिएका प्रार्थना व्यर्थ जाँदैन । कविद्वारा द्रौपदीको सादर प्रार्थना बाबत व्यक्त गरिएका केही अंश—

**तिम्रो लीला अपार छ प्रभु, म दुखिनीको कष्ट मेटाऊ**
**हजुरै बाहेक को छ मेरो, हे हरि आई लाज बचाऊ**

उक्त प्रसंगहरू बाहेक मित्रसेनले सभा पर्व (750 पंक्ति) मा पाण्डवहरूद्वारा इन्द्रप्रस्थको स्थापना, राजसूय यज्ञको तयारी, अत्याचारी जरासन्धु अनि दुष्ट शिशुपाल-वध इत्यादि कथाको वर्णन रोचक पाराले गरेका छन् । तर जुवाको कुपरिणाम अनि नारीको घिन लाग्दो अपमान यी दुइवटा सामाजिक कुकुराहरू-तर्फ कविले हाम्रो ध्यानलाई तानेको यहाँ विशेष बुझिन्छ ।

धर्मराज युधिष्ठिरको जुवाको व्यसनले गर्दा द्रौपदीको अपमान, बाह्र वर्षको बनबास अनि एक वर्षसम्मन् राजा विराटको चाकरी, द्रौपदी समेत पाण्डव हरूले बेहोर्न पऱ्यो । द्रौपदीले दुर्योधनलाई होच्चाएर अपमानित गरेको फल तिनले झन्नै घृणित रूपमा पाइन् । त्यति वेला त द्रौपदी आफ्नु हृदय-बलले, भक्तिभावनाले आफ्नु लाज बचाउन समर्थ हुन सकिन् तर विराटको राज्यमा दासीको रूपमा बस्नुपर्दा कामलोलुप सेनापति कीचकको हातबाट अब कसरी बांच्ने ! सम्झाएर, लोभ देखाएर, विनम्र याचना गरेर एवं सभाका बिचमा तिनलाई हप्काएर, ठटाएर अनि डर देखाएर कीचकले द्रौपदीलाई आफ्नु वशमा पार्ने सकभर प्रयास गर्दै थियो । अन्त साह्रै दुखी भएर तिनले आफ्नु बुद्धिबलको प्रयोग गर्ने निश्चय गरिन् । कीचकलाई निभाउन सक्ने एकमात्र भीमनै हुन्—यस्तो बिचार गरी द्रौपदीले कीचकको दुर्व्यवहारको कुरा विस्तारपूर्वक भीमलाई भनिन् अनि भीमको मनमा जोश जन्माइदिने उद्देश्यले तिनले युधिष्ठिर, अर्जुन अनि भीम तिनै उपर ठूलो व्यंग्य-प्रहार गर्न थालिन् । कविका शब्दमा—

हजुरका दाजुको मुखमा, धर्म धर्ममात्र सुन्डिएको छ
कर्म हेरौं भने खसेको साहै, अधर्म मात्र भइरहेको छ—
जुवामा राजपाठ गुमाई, भाइ स्वास्नी समेत हार्नु भो
सत्यवादी धर्मराज युधिष्ठिरले, छबी आफ्नु बिगार्नु भो—
कस्तो धर्म अनि चलन छ उनको, विचित्र मैले पाउँदै छु
कसरी राख्ने हो इज्जत आफ्नु, दिलको दुःख देखाउँदै छु—

जुवा खेल्नु अधर्म हो, चाहे यो लत स्वयं धर्मराज नाईनै किन न होस्। जुवाको नशामा युधिष्ठिरले आफ्नु भाइहरू समेत पत्नीलाई न हारी दिएको भए द्रौपदीको यस्तो दुर्दशा कदापि हुने थिएन। आहत नारीको आवाज उच्च गर्नुनै कविको मन्तव्य बुझिन्छ। अर्जुनको वीरताको उपहास उड़ाउँदै द्रौपदी भीमलाई भन्दछिन् —

जसको धनु टंकारले गर्दा, ठूला ठूला वीर काम्द थे
जस वीर को नाम सुनेर, लुक्नलाई ठाम छाम्द थे
आज उनी नै आइमाइको रूप धरी, फरिया चोलो लाएर
जुन् हातमा गाण्डीव हुन्थ्यो, बसेछन् चुरा लगाएर—

जीवन-संघर्षमा धर्मधर्मको माला जपेर मात्र हुँदैन, कहिले मौका पर्दा छल-बलसित पनि काम साध्नु पर्दछ—नत्रभने हामीले पराजय बाहेक अन्य केही पाउनसक्तैनौं। भीमलाई घोंच्ने गरी द्रौपदी भन्दछिन्—

हजुर जस्ता बलवान जोधा, हजारौं हात्तीको बल छ जसलाई
भान्से भएर बसेका छन्, मज्जासंगले पनियो चलाई
धर्म होइन भ्रम हो यो, जसको छलबल उसैको छ जय
लाटो सुधो धर्मी मानिसको, छ सधैं हार अनि छ क्षय

रोएर-कराएर अथवा अनुनय-विनय गरेर मात्र हुँदैन, लक्ष्य प्राप्तिका लागि कहिले तिखो आलोचनाको प्रयोग गर्नु उचित मात्र होइन अनिवार्य पनि हो, यस्तो मनोवैज्ञानिक तथ्यलाई दर्शाइ दिंद कविले कला-साहित्यमा आलोचना पक्षलाई बढ़ाएको यहाँ छर्लङ्ग हुन्छ। द्रौपदीको निशाना ठीक बस्यो। भीमले कीचकलाई मार्ने निश्चय गरे।

भन्छन भीमले धर्मको फल, साहै ढीलो पाक्द छ

**पापको फल शुरूमा मीठो, विष अन्तमा चाख्द छ**
**जे होस, भोलि म निस्सँ, कीचकलाई गई मार्ने छु**
**दुष्ट अधम को हस्तीलाई मेटी शान्त तिमीलाई पार्ने छु—**

तर कवि शायद सोच्छन्—यदि द्रौपदीलाई दासी बन्न विवश न हुनु परेको भए अथवा तिनी अति सुन्दरी न भएकी भए अथवा कीचकमा कामवासना न जागेको भए अथवा द्रौपदीले भीमलाई प्रेरित न गरेकी भए अथवा भीमले स्वास्नीको बात न मानेको भए सेनापति कीचकको बध हुने थिएन। यही संदर्भमा कविद्वारा रचित गीतका केही अंश—

**यसैले भन्छन् स्त्री हुन् शक्ति जगतको**
**चण्डी रिसाइन् भने बग्दछ खोला रगतको**
**चाहिंदैन केही यहां बन्दूक न गोली**
**जिब्रोले मात्र दिन्छन् दुनियांलाई पोली—**

विराट-पर्व (1840 पंक्ति)मा मित्रसेनले पाण्डवहरूद्वारा गुप्तवासको तयारी, राजा विराटको चाकरी ग्रहण, दुष्ट कीचकको वध, कौरवहरूको आक्रमणबाट राजाविराटलाई बचाउनु इत्यादि घटनाहरूको वर्णन विस्तारपूर्वक गरेका छन्।

वनवास अनि गुप्तवासको अवधि निर्विघ्न सिधिए पछि पाण्डवहरूको राज्य तिनीहरूलाई फिर्ता गरिदिन दुर्योधनले मानेका थिए। तर त्यो शर्त पूरा भइसके उपरान्त पनि कौरवहरूबाट यस सम्बन्धमा केही चासो न देखाएको खण्डमा पाण्डव हरूका हितैषी श्रीकृष्णले द्रौपद, सात्यकी, विराट अनि बलराम आदि नरेशहरू-लाई मत्स्यपुरीमा डाक्न लगाए। बैठकमा स्पष्टवादी बलरामले युधिष्ठरप्रति आक्षेप लगाए साथै शान्ति-प्रस्तावको सुझाव राखे—

**धर्मराज विद्वान् भएर पनि, काम गरे अनजान सरि**
**जुवा नजाती हो भनि जानी, खेल्नु भो आँखा चिम् गरी**
**अब जसरी हुन्छ आपस्तमा, सल्लाह दुवैको हुनु पर्दछ**
**सर्प मरोस् लौरो नफुटोस्, युक्ति यस्तो गर्नु पर्दछ**

द्रौपदले बलरामको सन्धि प्रयासको परामर्शलाई समर्थन गरे तर कौरव-दरबारमा दूत पठाउन भन्दा अघि आफ्नु सैन्य-पक्षलाई मजबूत बनाउन पर्छ भन्ने विचार जाहेर गरे। सर्वसम्मतिले यी दुवै कुरा स्वीकार भयो। अधिकार मागेर सितिमिति पाँइदैन —अधिकार प्राप्तिका लागि दरिलो संगठन-शक्ति अनि अव-

सर परेमा ठूलो संघर्ष गर्नमक्ने माथै असीन बलिदान दिनसक्ने संकल्पको खांचो हुन्छ। प्रथम विश्व युद्धमा गांधीजीले जनतन्त्रीय प्रणालिको दुहाइदिने देश(इंग्लैंड) को पक्ष लिनु भएको थियो—यो आशा भरोसाले कि शायद युद्ध उपरान्त भारत-को स्वराज्यको मांग पूरा गरिने छ। तर शासकवर्गको दमनचक्रको नीतिबाट क्षुब्ध भएर गांधीजीलाई संघर्षको बाटो अंगाल्नु पर्‍यो, आफ्नो संगठन-शक्ति-लाई सुदृढ़ बनाउन कर लाग्यो ! जन-जागरण एवं संगठनकारी कार्यक्रममा देशका विभिन्न भाषाभाषी साहित्यिक एवं कलाकारहरूको सेवा-सहयोग अनि प्रयास-उद्योग यस संदर्भमा यहाँ उल्लेखनीय छ।

मित्रसेनले उद्योग-पर्व (1840 पंक्ति) मा पाण्डव अनि कौरव दुवै पक्षबाट संसार भरिका राजाहरूलाई आफ्आफ्नो तर्फ तान्ने उद्योग-प्रयास, विदुरद्वारा धृतराष्ट्रलाई मानवीय मूल्यहरू बाबत बताइएका अनमोल अर्तिका कुरा (विदुर-नीति), श्रीकृष्णद्वारा कौरवदरबारमा शान्ति-प्रस्ताव प्रस्तुत गरिएको वृतान्त विस्तारपूर्वक लेखेका छन्। विदुर-धृतराष्ट्र सम्वादमा कविले झन्डै तीनसय पंक्तिमा हाम्रो प्राचीन संस्कृतिको व्याख्या गर्दै अनेकानेक नैतिक वा आध्यात्मिक मूल्यहरूका तत्त्व दर्शाएका छन्। केही अंश—

**दया धर्मको जरो हो, दयालाई श्रेष्ठ गुन जान्नु होस्**
**दया-पात्र दुर्योधन छन् भने, उस्तै पाण्डवलाई ठान्नु होस्**
**प्राण रहुन्जेल मान्छेले, सबको भलो चिताउन पर्दछ**
**सब लाई आफ्नो जस्तैनैठानी, सबको मान बढ़ाउनु पर्दछ**

गीता जस्तै विदुर-नीतिको प्रत्येक पंक्तिमा मानवीय-मूल्यको भण्डार छ। मित्र-सेनले ठूलो तप-भक्ति-साधनाले धेरै गुणहरू स्वयं बटुले अनि यो निधिलाई बाँड् न भनेर ठाउँठाउँमा डुलिहिँडे। पर-स्त्रीमा मनलाई न विगार्नु, अर्काको धन-सम्पत्ति मा आँखा नगाडनु, अर्काले तपाईं नभन्दै मपाईं नहुनु, आफ्नो दोष लुकाएर अर्का-लाई दोषी न ठहराउनु, दुःखकष्ट आई लाग्दा न आत्तिनु, न डराउनु, अर्काको कुभलो न चिताउनु, कुसंगतीमा नपर्नु, मनमा रिस-डाहलाई स्थान नदिनु, दुखी-गरीबलाई न हेप्नु, इन्द्रियलाई बशमा राख्नु, गर्ने काम झट्टै गरी हाल्नु, ठूलोको आदर गर्नु, सानुमाथि दया-स्नेह राख्नु, विद्या पढ़ेर गुन्नु अनि त्यसलाई व्यवहारमा ल्याउनु; ठूलाले भनेको मान्नु, मिठो बचन बोल्नु, मानव-मात्रलाई समान सम्झनु, परोपकारका कार्यहरू गर्दै रहनु इत्यादि अर्तिहरूका खजाना विदुर-नीतिमा संग्रहित छन्। मित्रसेनले सरल नेपाली भाषामा यसको अनुवाद गरी भारतीय संस्कृतिको प्रचारमा ठूलो योगदान पुर्‍याएका छन्।

देहधारी मानवमा धेरथोर दोष वा त्रुटि त प्रत्येकमा हुन्छ। तर दुर्योधन

जस्ता अनुदार, अभिमानी, लोभी, रिसाह अनि छली-कपटी मानिसलाई जति सुकै अर्ति दिइरहे पनि उ बांगोको बांगै रहन्छ। भीष्म-द्रोण-विदुर अनि स्वयं भगवान कृष्णले उसलाई सम्झाउनसम्मन् सम्झाए। पाण्डवहरूको राज्यलाई फिर्ता नगर तर तिनीहरूको निर्वाहका लागि पाँचवटा गाउँ दिइहाल भन्दा, दुर्योधनले युद्ध नगरे सम्मन् म सियोको टुप्पो भर जमीन दिदिनँ भनि जवाव फर्काउँदै शांतिदूत श्रीकृष्णको सन्धी-प्रस्तावलाई लत्याइ दियो।

**पाण्डवहरूको के छ र माग्छन्, राजको हकदार फगत म छु**
**अघि देखि राज्य मेरै थियो, मालिक आज मं नै हुं**
**हाम्रै कृपाले आधा राज्य, तिनीहरूले पाएका थिए**
**आफ्नै दुर्बुद्धिले गर्दा, राजपाठ गुमाइ दिए—**
**लडाइकोनै कुरा गर्ने हो भने, लड्न हामी तयार छौं**
**जाबा पाण्डवहरूलाई हामी, भुसुनासरि ठान्द छौं—**

ठूलो उद्योग-प्रयास गर्दा पनि महाभारतको भयंकर युद्धलाई रोक्न न सक्दा कृष्ण खाली हात फर्कन विवश हुनु भयो। तर हस्तिनापुर छाड्नु भन्दा अघि तिनले दुष्ट छोरोको मोहमा अन्धो राजा धृतराष्ट्रलाई अन्तिम चेतावनी दिन उचित ठाने—

**तपाईंको हातमाछ अब, दुर्योधनलाई बोलाइ सम्झाउनु**
**तपाईं कै जिम्मा छ आज, भयंकर रक्तपातलाई बचाउनु**
**मेल आपस्तमा गरेनौ भने, असंख्य प्राणी मासिने छ**
**न्याय-धर्मको पर्वाह न माने, संसार सबै नासिने छ**

भीष्म पर्व (750 पंक्ति) मा मित्रसेनले बाल ब्रह्मचारी भीषम पितामहको पराक्रम, तेज अनि बुद्धिको मुक्त कण्ठले प्रशंसा गरेका छन्। परिस्थितिवश दुष्ट दुर्योधनको पक्षमा युद्ध गर्नु पर्दा उनले पराजयको मुख हेर्न पर्‍यो तर जम्मा अठारह दिनको भयंकर युद्धमा बूढ़ा भीषमले दस दिन सम्मन् कौरव दलका प्रधान सेनापतिको रूपमा युद्धसंचालन गरी पाण्डव दललाई हाराबारा खेलाएको कुरा यहाँ उल्लेखनीय छ। अर्जुनको रथलाई चकनाचूर पारी, उसलाई तीक्ष्ण बाणको प्रहारले मुर्च्छित पारिदिंदा अत्यन्तै रिसाएर आफ्नो प्रतिज्ञालाई भंग गर्दै भगवानले भीष्मलाई मार्छु भन्ठानी चक्र उठाउन परेको दृश्यले भीषमको ब्रह्मचर्य, तेज र पराक्रमको परिचय उपस्थित गर्द छ। कविका शब्दमा—

**रथको पांग्रो फुकाई त्यसै घरी, चक्र घुमाइ दिए**
**धनु भुइं मा राखी भीषमले, दुईहात जोरी लिए**
**हे भगवान, भाग्यले यसरी मर्न पाउँदा, धन्य भएको म छु**
**कृपा गरी आज मेरो बचन राखी दिंदा, आनन्द पाउँदै म छु**

हाम्रो स्वतंत्रता संग्रामका सर्वोच्च सेनापति महात्मा गाँधीले अहिंसात्मक सत्याग्रह-आन्दोलनको थालनी गर्न लाग्दा उनलाई यस्तो अनौठो नैतिक अस्त्रको उपलब्धि कसरी भयो ? यसको वृतान्त तिनले आफ्नु आत्मकथाको तेस्रो (मध्य) भागमा सविस्तार लेख्नु भएको छ अनि यस सम्वन्धमा गीताको श्लोक (2/59) सम्म उद्धत गर्नु भएको छ—'विषया विनवर्तन्ते निराहारस्य देहिनः रसवर्जं रसोअप्यस्य परं दृष्टवा निर्वतते।' गीताको यस श्लोकबाट प्रेरणा लिएर तिनले छत्तीस वर्षको उमेरमा, सन् 1906 देखिनै ब्रह्मचर्य व्रतलाई धारण गर्नु भयो अनि आफ्नो आश्रममा यस्तै प्रकारका विवाहित अथवा अविवाहित ब्रह्मचर्य व्रत-धारी सत्याग्रही देशसेवकहरूलाई भर्ना गर्नु भयो। स्वतन्त्रता-संग्राममा होस अथवा सार्वजनिक जीवनको क्षेत्रमा सन्तानोत्पत्तिको इच्छा न राख्ने, तेज र पराक्रमले युक्त, निर्भीक वा निष्काम स्वयं सेवकहरूको हरेक देश र समाजलाई सधैं खाँचो हुन्छ। यसको महत्त्वलाई राम्ररी बुझेर मित्रसेनले पनि सार्वजनिक सेवा कार्यमा हाम फाल्नु लाग्दा संयमशील जीवनलाई अपनाएका हुन्। जे होस, महाभारतले आदर्शको रूपमा यसरी भीषमलाई उभ्याइ दिनुले मानवमात्रको ठूलो उपकार भएको छ।

भीषम पितामह यस्तो भयंकर युद्धको पक्षमा कदापि थिएनन्। तिनले शुरू देखिनै दुर्योधनलाई पाण्डवहरूसित युद्ध नगर भनी सम्झाऊँदै गर्थे—तर दुष्ट दुर्योधनले अनेक पल्ट तिनलाई होच्याएर कुरा गर्थ्यो अनि, 'तिमी पाण्डवहरू को हितैषी हौ' भन्ने आरोप लगाऊँथ्यो। दुर्योधनको प्रजा भएकोले तिनी विवश थिए। भगवान कृष्णसम्मन्को सल्लाह न मान्ने दुष्टले भीष्मलाई झन् किन पो टेर्थ्यो ! अन्त, युद्धको दसौं दिनमा भीष्मलाई अर्जुनले ढाली दिंदा भीष्मले दुर्योधनलाई, "अब लड़ाइं बन्द गरि देऊ" भनि आखिरी परामर्श दिए, तर त्यो मानेन—

**भीषम पितामहा ढल्नु भो जसै, हाहाकार त्यहां मच्चियो**
**रण थामी दुवै पक्षका वीरहरु, सन्ताप लिइ जम्मा भयो**
**मनमा कसैले एक रती पनि, म निम्ति शोक नगरुन्**
**तिर्खाले अति ब्याकुल पारे छ मलाई, पानी खुवाई दिउन्—**

दुर्योधनले सुनको अमखोरामा शीतल जल मंगाइ दिंदा भीष्मले त्यो ग्रहण गर्न मानेनन्, इशाराले अर्जुनलाई केही आदेश दिए अनि—

**अर्जुनले बरुण अस्त्र हाने र तसै, पृथ्वीलाई छेंडी दिए**
**पानीको धार भीषमको मुखमा, तिन्ले पुर्‍याई दिए**

पानी खाए पछि भीष्मले केहि सम्झाउने प्रयास गर्दछन्—

**दुर्योधनलाई भन्छन् भीष्म पितामह, पाण्डवको बल जानी लेऊ**
**आधा राज छिटै दिइ कन, अन्तिम बचन मानी देऊ**

तर त्यो अन्तिम बचन पनि भीषमको त्यसै खेर जान्छ —

दुर्योधन जवाब केही न दिइ, उठेर शिविरमा गए
दुवै पक्षको लडाइं नरोक्न सकिंदा, निराश भीषम भए—

भारतमा राजनैतिक वा सामाजिक हलचल मच्चिरहेको वेला मित्रसेनले महाभारत जस्तो अनुपम एवं महान् ग्रंथको प्रचार-प्रसारको बेड़ा उठाउनु उनको एकदमै आवश्यक अनि सामायिक कदम थियो, बुझिन्छ। विशेषतया युवावर्गको आत्मालाई बलियो बनाई तिनीहरूलाई जीवन संघर्ष तर्फ़ अग्रसर गराउनु जहाँ कविको आकांक्षा थियो, वहाँ नारीसमाजलाई जागृत बनाई तिनी हरूलाई उत्थानको बाटोतिर डोर्‍याउनु पनि उनको लक्ष्य थियो लाग्छ। जे होस, उनी द्वारा भारतीय जीवन-संस्कृतिको प्राचीन गौरवमय परम्परालाई सरल भाषा तथा सरस संगीतको माध्यमबाट जनजनमा पुर्‍याउने प्रयास साँचैनै अद्वितीय छ, अविस्मरणीय छ।

# 5. अन्य खण्डकाव्य

जहिलेसम्मन् हाम्रो नारी समाज जागेको हुँदैन अनि जबसम्मन् हाम्रा बालक वालिका एवं युवावर्ग नैतिक रूपले दलिष्ट हुंदैनन् तवसम्म हाम्रो समाजको उत्थान सम्भव छैन । यस्तो विचार गरेर मित्रसेनले गीता अनि महाभारत बाहेक आध्यात्मिक वा नैतिक मूल्यका अनेकानेक चरित्रकथाहरूलाई छन्दोबद्ध गरी खण्डकाव्यको रूपमा सृजना गर्न थाले ।

परिवारमा सुख शान्ति बढोस् भन्ने कामना मनमा राखी 'सत्य नारायण' को कथा लगाउने प्रथा हाम्रो समाजमा प्रचलित थियो । मित्रसेनले यसै लोक प्रिय कथालाई सरल भाषामा लेखी ठाउँठाउँमा गई गाएर सुनाउँदै गरे । उनको यो प्रयोग पनि अत्यन्तै सफल सिद्ध भयो । कथावाचकको रूपमा उनको धाक जन-मानसमा झन् गहिरो जम्न गयो, प्रसिद्धि अझ फैलियो । '**श्री सत्यनारायण**' खण्ड-काव्य (285 पंक्ति) बाटका केही अंश :

**लीलावतीको भक्ति पूजनले, भगवान खूबै प्रसन्न भए**
**रूपवती कन्या होस् तेरो भनि, सपनामा वरदान दिए**
**बिहे भयो धूमधाम संगले, छोरीले वर असल पायिन**
**व्रत-कथा भाकलेको बाचा, आमाले हेर बिर्सी गयिन्**

हो, दुःख परेमा मात्र मानिसलाई ईश्वरको याद आउँछ, तर सुखमा उ भाकल-बाचा सबै भुलिजान्छ । प्रसंगलाई अघि बढ़ाउँदै कवि लेख्छन् :

**व्यापार गर्न साधु बनिया, प्रदेशमा जानु लाग्दाछन्**
**जवाँईलाई पनि व्यापार सिकाउन, आफ्नो साथमा लाँदाछन्**
**दर्भाग्यले दुवै ससुरा जवाईं, अर्कै राज्यमा बन्दी बने**
**घरपरिवारलाई सम्झिसम्झी, दिनरात दुवै रूँदै रहे**

ग्रहदशा बिग्रेको वेला दुःखसंकट सर्वतर्फबाट आइलाग्दो रहेछ—यस्तै—

**घरमा पनि यहाँ चोरी भएर, दुःखकष्टमा परिन् लीलावती**
**बाबु अनि लोग्नेको समाचार सुनेर, बिचेत भई लड़िन कलावती**

यस्तो दुर्दशा हुँदा बल्ल लीलावतीलाई चेत आउँछ :

**एकासि लीलावतीलाई उहिले, भाकलेको बात याद आयो**
**भगवान रिसाए निस्सै पनि, बल्ल कुरोको मेसो लाग्यो**
**आमा छोरी दुवैले मिलेर, व्रत-कथा गर्न थालिन्**
**श्री सत्यनारायणको कृपाले, मनवान्छित फल पायिन्**

कालीदासले रघुवंश नाटकमा व्रत-उपवासको महत्वलाई राम्ररी जनाउनु भएको छ । श्रीरामका पूर्वज राजा दलीपले गुरु विशिष्टसित योग्य सन्तान प्राप्त गर्ने उपाय जान्न मांगदा, रानी सहित वनमा गएर एक वर्षसम्मन् गाइको सेवा-पूजा गर्नु पर्छ भन्ने परामर्श गुरुवाट उनले पाएका थिए । उक्त अवधिमा व्रत-उपवास राखी श्रद्धापूर्वक सेवा-तपस्या गर्नाले उनकहाँ ओजस्वी सन्तान पैदा भयो अनि त्यही कुलमा, केही पीढि उपरान्त श्रीराम जस्ता चरित्रवान् बालकले जन्म लियो । महात्मा गांधीले निज आत्मकथामा आफ्नु अनौठो उपवास-व्रतको रहस्य फुकाउँदै आमाको कठोर व्रत-उपवास बापत उल्लेख गर्नु भएको छ । व्रत-उपवास राख्नले आत्म-शुद्धि हुन्छ अनि आत्म-बल बढ्द छ । उक्त बिचारलाई मनमा राखी मित्रसेनले नर-नारीहरूसबैले व्रत-उपवास राख्नु पर्ने आवश्यकता तर्फ हाम्रो ध्यानलाई आकर्षित गरेका छन् । **एकादशी व्रत** खण्डकाव्य (152 पंक्ति) मा कविले कथाको प्रसंगलाई यसरी दर्शाएका छन्—

**ए बैनी यस व्रतको साँटो, जे माँगछ्यौ सोही पुर्याउँला**
**यो शिर नै तिमी चाहन्छ्यौभने, खुशीसाथ म टक्रयाउँला**
**सिरिफ स्वामीलाई एकादशीको, व्रत राख्ने अनुमति देऊ**
**उहिलेदेखि चलि आएको, चलनी मा बाधा न देऊ**

असल मौका हात पर्यो भन्ठानी ईर्ष्यालु कान्छी रानी सुन्दरीले राजासित, उनले अघि दिनु भएको बचन (बर) याद गराउँदै कस्तो अनौठो मांग राखिन् :

**यस्तो बचन सुनी संध्याको, भन्छे सुन्दरी राजालाई कराएर**
**छोरेको टाउको देऊ काटी, मनलाई बलियो बनाएर—**

अनि—

**यस्तो कठिन त्यो मांग सुनेर, राजा विलाप गरी रूँदाछन्**
**ओहो कस्तो भूल गरें मैले, पछुतो बेसरी गर्दा छन्**
**एकादशीको व्रत राखूं भने, छोरोको जाने भो प्राण**
**कसो गरूं हे प्रभु यस घरी, दिइबक्सियोस् मलाई ज्ञान**

बाबुलाई दुविधामा परेको देख्दा त्यो वीर बालक कत्ति न आत्तिइ अघि सर्दं छ—अनि

**पितृभक्त छोरोले आफैं, खड्ग ल्याई त्याहाँ राखीदिए**
**घुंडा टेकी भुइंमा बसी, शिरलाई आफ्नु निहुराई दिए**
**राजा थर्थरी काम्दै थिए, आंसूको धारा बग्दै थियो**
**मुटुमा ढुंगा राखेर तिन्ले, खडग हातमा थामी लिए**
**जय भवानी भनी खडग उचाली, राजाले हान्नु लागे जसै**
**घांटीमा त्यो पुग्दा न पुग्दै, प्रभुले हात थामे तसै**

अन्तमा कवि लेख्छन

**धन्य धन्य धर्मरक्षकवीर, धन्य तिम्रा धर्मी पिता**
**पितृभक्त छोरो जन्माउने, माता महान् पति-व्रता**

भारतीय नारीको चरित्र-चित्रण गर्नमा शरत्चन्द्र साह्रै सिपालु हुनुहुन्थ्यो। 'श्रीकान्त' उपन्यासमा उनले प्यारी नामकी वेश्याको उत्कृष्ठ प्रेमको नमूना दर्शाउनु भएको छ। त्यस्तै, भोगविलासमा संलिप्त बिल्वामंगललाई तत्त्वज्ञान प्रदान गरी उनलाई साहित्य-संगीतको क्षेत्रमा अग्रसर गराउने वेश्या चिन्तामणिको प्रेम-उत्सर्ग सर्वविदितै छ। 'बिल्वामंगल—चिन्तामणि' खण्डकाव्य (1760 पंक्ति) बाट उद्धरित कविका केही शब्द

**भन्दछिन् चिन्तामणि हे दुष्टबिल्वा, तँ अतिनिच र पापी होस्**
**धर्म-कुलनाशक पिताविद्रोही, चरित्रहीन दुराचारी होस्**
**विषय-भोग वासनाले गर्दा, मेरो कुसंगतिमा परेर**
**अन्मोल जीवनलाई खेर फालिस्, मोह-मायामा बल्झेर**
**छोड़िदे तं सबै झमेला, लोक-परलोकको राखी विचार**
**प्रभु-प्रेम अमृतरस जब पाउलास्, तब नै बुझलास् जिउनुको सार**

चिन्तामणिको मुखबाट यस्तो अप्रत्याशित कठोर वचन सुनेर—

**भारी चोट लाग्यो दिलमा, आंसुको धारा बग्दै थियो**
**एक्कासिनै प्रभुकृपाले, बिल्वाको मनमा बैराग्य उठ्यो**
**बाहुलासरि भई दगुरे बनमा, जम्मैको मायाँ मारेर**
**रूँदै कराउँदै बनबन डुल्थे, कृष्णकृष्ण पुकारेर**

चिन्तामणिको कृपाले भारतीय संगीत एवं व्रजभाषा-साहित्यको भाग्योदय भयो। विल्वामंगलले अमर ख्याति प्राप्त गर्न सके। अब उपरान्त उनी सूरदासको नामले विख्यात हुन पुगे। भक्ति-वात्सल्य रसमा उनी सर्वश्रेष्ठ कवि मानिए। कविका शब्दमा

**भजन हरिको गाउँदै रूँदै, बाटो छामी डुल्थे**
**सुमधुर मिठो वचन सुनेर, रूखपात जम्मै झुल्दथे·**
**भक्तको प्रेमले तानी लिंदा, आए प्रभु बालरूप धरी**
**हाँस्छन् बोल्छन् नाच्छन् सधैं, सूरदास का वरिपरी—**

मित्रसेनले महाराष्ट्रकी महिला सन्त सखुबाईको अनौठो भक्तिको वर्णन अर्को खण्डकाव्य (330 पंक्ति) मा गरेका छन्। सखुबाईको दुर्दशाको बखान गर्दै कवि लेख्छन्

**सम्भाली काम राम्रो गर्दा पनि, सासुको मन न पर्ने**
**जगल्ठा समाई सबैको सामुमा, सखुको अनादर गर्ने**
**लोग्नेले पनि हेला गर्थे, कुट्थे सखुलाई सधैं**
**विनम्र अति सोझो सम्झेर, बनेका निर्दयी सबै**

तर सखुबाईले आफूमाथि भइरहेका जम्मै दुर्व्यवहारहरूलाई ईश्वरको कृपा हो भन्ठान्दछिन्

**धन्यवाद प्रभुको गर्दै, गर्थिन बारम्बार प्रणाम**
**हुजूरकै भारी निगाह हुनाले, हुँदै छ मेरो अपमान**
**आदर यदि मैले पाउँथें भने, अहंकार मनमा बढ्ने थियो**
**सुख पाएदेखि मनले मेरो, भक्तिनै छोड़ी दिने थियो**

सखुबाईलाई एक चोटि सासु ससुरा वा लोग्ने समेतले मिलीकन खुबै कुटपीट गरे अनि खाँबामा बाँधी दिए। सखुको त्यो दुर्दशालाई देख्दा भगवान एक स्त्रीको रूपमा आएर सखुलाई बन्धनबाट मुक्त गरी पंढरपुरमा विट्ठल दर्शन गर्न जाऊ भनी पठाउँछन् अनि आफूलाई स्वयं खम्बामा बाँधी लिन्छन्। एक्कासि पतिको मनमा सखु प्रति दया-प्रेम जाग्दछ, उ पछुतो गर्दछ—

**कठै बरा सती साध्वीलाई, कष्ट असाध्यं दिएँ मैंले**
**यस्तो अनर्थ भयो मबाट, कसरी भोगुँला फल मैंले**
**क्षमा गर मेरो अपराधलाई, भनेर माफी मांग्दा छन्**
**पछुतो गर्दै सखुको छेउमा, पुगेर बन्धन खोल्दा छन्—**
**सखुले पाउ समायिन पतिको, आँसु पुछिन् ढोग गरी**
**धन्य धन्य हे भक्तका प्रेमी, देखायौ निचका पाउ परि**

नारीमा उपवास-व्रत, प्रभुभक्ति, सेवा-परिश्रम,कष्टसहन, मृदुलता, विनम्रता एवं पुरुषलाई प्रेरणा दिने गुणहरू विद्यमान भएमा मात्र, तिनले गुणी सन्तानलाई जन्माउन सक्तछिन्। गुण-शील सम्पन्न सन्तानहरूबाट नै कुनै जाति, समाज वा देशको उत्थान हुनु सम्भव छ। यस्तो दृढ़ आस्था-विश्वास मनमा राखी मित्रसेन, हाम्रो नारी-समाजलाई जगाउने प्रयासमा जीवन-पर्यन्त लागिनै रहे।

गुलामीको दौरमा त्यति बेला प्रह्लाद जस्ता सत्य परायण युवावर्गको देशलाई खाँचो थियो। शक्तिशाली अंग्रेज-शासकलाई 'प्रभु' वा 'माइ बाप' भन्ने हीन भाव-लाई समाजबाट हटाउन देशभक्त नेताहरू प्रयत्नशील थिए। त्यस समयमा मित्र-सेनद्वारा प्रह्लाद खण्डकाव्य (702 पंक्ति) को रचना गरी हाम्रा युवावर्गमा अत्याचारी शासकवर्गका विरुद्ध आवाज उठाउन निमित्त आवाहन गरेको प्रयास-भित्र उनमा देशभक्तिको भावना विद्यमान पाइन्छ। हिरण्यकश्यपको दरबारमा प्रह्लादको अन्तिम पेशी हुँदा दरबारी कारिन्दाहरूले प्रह्लादलाई सम्झाउने कोशिश गर्दछन्—

**भन्छन् सबैले प्रहलादलाई, चेत गर हे राजकुमार**
**हजुरके पिता हुन् सर्वव्यापक, साक्षात ईश्वरका अवतार—**

तर प्रभुभक्त प्रह्लाद त सत्य-अन्वेषी थिए। ती भीरू चाटुकारहरू अभिमानी राजाको झूठो प्रशंसा गरी प्रह्लादलाई सत्यपथबाट डगाउन चाहन्थे। निर्भीकता-पूर्वक प्रह्लादले तिनीहरूलाई जवाब दिन्छन्—

**अरे खुशामदी अज्ञानी जन हो, मोजमस्तीमा भुलेका छौ**
**धनमानको लोभले गर्वा, नर्कमा डुलिरहेका छौ—**
**फुरुंग पारी पिताश्रीलाई, प्रभु भनी लोकाचार गरी**
**खाक्रा प्रशंसाका कुराले, फुल्याइ बस्छौ सधैं भरी—**

सभाको बिचमा आफ्नो हो मा हो मिलाउने सरदार-भारदारप्रति यस्तो अपमानजनक कुरा सुन्दा निर्दयी राजाले प्रह्लादलाई अन्तिम चेतावनी दिन्छन्—

**हरण्यकश्यप रिसाएर भन्छन्, मूर्ख तँ छस् अज्ञानी**
**पुत्र भनेर म सहँदै छु, तर गर्व छस् तँ मनमानी—**
**मान्छस् भने मान् आज्ञा, नत्र रातो फलाममा बाँध्छु तलाई**
**छोड़ी दे आफ्नो त्यो ढिपी, एक मात्र ईश्वर तँ मान मलाई**

रातो फलामको खम्बामा बाँधेर मार्छु भन्दा पनि प्रह्लाद मृत्युसित कत्ति डराउँदैनन् अनि—

**भन्छन् प्रह्लादले डर छैन मलाई, म प्रभुको नै भर पर्छु**
**राख्ने मन भए राखुन् हरिले, मारे खुसीसाथ म मर्छु**

कस्तै दुःखकष्ट आइलाग्दा अथवा मृत्युनै सामुनेमा ठिङ उभिएको देख्दा पनि आफ्नु निर्धारित लक्ष्यलाई न छोड्ने बलिया संकल्पनै साँचो सत्याग्राहीको ठूलो अस्त्र हो। गांधीजीको अहिंसात्मक सत्याग्रह आंदोलनमा प्रह्लाद जस्ता दृढ़प्रतिज्ञ युवावर्गको देशलाई खुबै खाँचो थियो। मित्रसेनले आफ्नु कला-प्रतिभाद्वारा प्रह्लाद चरित्रको महत्वलाई ठाउँठाउँमा गई बुझाउनु अनि युवावर्गमा अत्याचारी शासनको विरुद्ध संघर्ष गर्नसक्ने साहस पैदा गर्नु हाम्रो लागि खुसी र गौरवको कुरो थियो।

जीवन संघर्षमा कतिकति खेर जटिल समस्याहरूको समाधान गर्नु पर्दा विरोधाभासी युक्ति-नीतिको प्रयोग एकदमै आवश्यक प्रतीत हुन्छ। युधिष्ठर एकदमै शान्त स्वभावका थिए भने भीम साह्रै रिसाहा थिए, गांधीजी मायालु प्रकृतिका मृदुभाषी व्यक्ति थिए भने उनका परमशिष्य सरदारपटेल खरो बानीका कठोर भाषी थिए अनि रामले क्रोधलाई वशमा गरेका थिए भने लक्ष्मणलाई नजाती कुरामा झन्न रिस उठिहाल्थ्यो। मित्रसेनले परशुराम-लक्ष्मण-संवादलाई 76 पंक्तिमा छन्दबद्ध गरेका छन्। शिव-धनुष भञ्जन गर्नेलाई सजाइ दिने अभिप्रायले रिसले चूर भएका परशुराम आफ्नु पराक्रमको धमास जमाउँदै भन्छन्—

**कति पटक क्षत्रीयहरुलाई, यमपुरीमा मैले पुर्‍याइ दिएँ**
**अनेकानेक क्षत्राणीहरूलाई, विधुवा बनाई रुवाइ सकें**
**मेरो नाम सुन्दैमा मानिस, थर्थर डरले काम्द छन्**
**मेरै छ धाक समस्त जगमा, क्षत्रीयनाशक भनी भन्दछन्—**

परशुरामको अभिमानले भरिएका उक्त कटु बचनलाई सुन्दा लक्ष्मणले कत्ति डर नमानी परशुरामलाई यसरी जवाब फर्काउँछन्—

**भन्छन् लक्ष्मण मुसुक्क हाँसी, बड़ाई आफ्नु आफै गर्ने**
**रिस अनि अभिमान देखाई, मुखैले मात्र जित्नु खोज्ने—**
**हजुर वीर बलवान भए तापनि, हामीलाई के प्रयोजन छ**
**लड़ाइनै गर्ने मनमा यदि भए, हाजिर हाम्रो यो तन छ—**

मित्रसेनले भानुरामायणमा परशुराम-लक्ष्मण संवादको प्रसंगलाई न भेटेको हुनाले, उनले तुलसी रामायणबाट प्रेरणा लिएर उक्त छोटो खण्डकाव्यको सृजना गरेका थिए शायद । जे होस्, कविले युवा हृदयमा जोश र साहस भरिदिने उद्देश्य ले नै यहाँ निर्भीक लक्ष्मणको चरित्रलाई उजाग्र गर्ने प्रयास गरेको हुनुपर्छ ।

चक्रव्यूहलाई फोर्न सक्ने शिक्षा अभिमन्युले आमाको गर्भमा छँदा पाएको थियो । आज मनोविज्ञान शास्त्रीहरू यस बातमा सहमत छन्—मानिसको शिक्षा आमाको गर्भमा छँदादेखिनै शुरू हुन्छ अनि पाँच वर्षको उमेर सम्ममा उसको व्यक्तित्व (चरित्र) को अधिकांश भागको निर्माणकार्य पूरा भइहालेको हुन्छ । महाभारत युद्धको दौरानमा अर्जुन, एक चोटि पाण्डवहरूभन्दा धेरै टाढ़ा लड़ाईमा व्यस्त थिए । मौकाको लाभ उठाई कौरवदलले युधिष्ठरलाई परास्त गर्ने इरादाले चक्रव्यूहको रचना गरे । अर्जुन बाहेक चक्रव्यूहलाई फोर्न सक्ने सामर्थ्य अन्य कुनैमा थिएन । यस्तो गम्भीर परिस्थितिमा पाण्डवदललाई बचाउन भनी अभिमन्यु अघि सरे । जयद्रथ, द्रोण, करण, दुर्योधन आदि जम्मैको सामना गर्दै वीर अभिमन्युले चक्रव्यूहलाई फोरफार पारी कौरवसेनालाई तहसनहस गर्नथाले । कति गर्दा पनि अभिमन्युको प्रहारलाई रोक्न न सक्दा, दुर्योधन साहै हताश भए । अभिमन्युको हातमा हतियार रहुन्जेल उसलाई युद्ध गरेर जित्नु असम्भव ठानी, दुष्ट दुर्योधनले छलकपटको नीति लिए । आफ्नो हात-हतियारलाई पर फालेर दुर्योधनले पाश्चात्ताप-प्रायश्चितको अभिनय गर्न थाल्छन् । कविका शब्दमा—

दुर्योधन नजिकै गएर भन्छन्, अभिमन्यु, तिमी साँचा वीर हौ
पाण्डवसंग म सन्धि गर्छु, झट्टै कुरा अब मिलाइ देऊ
आजदेखि पाण्डवसित मेरो, वैरभाव कत्ति छैन
आधा राज म खुशीसाथ दिन्छु, रगत बगाई केही भएन—

दुर्योधनको शान्ति-प्रस्तावलाई सुनेर सोझा साँचा अभिमन्युको मन पग्लन्छ।

अभिमन्यु भन्छन् साँचै हो भने, पाण्डवहरूलाई डाक्नु होस्
उनीहरूसंग बातचीत गरी, यो प्रस्ताव आफै राख्नु होस्—

अभिमन्यु पग्लेको चाल पाउन साथ दुर्योधन थपक्क भुइंमा बस्छन् अनि बनावटी माया जनाउँदै आँखाबाट अश्रुधारा बगाउन थाल्छन् अनि भन्छन्—

आहा बेटा तिम्रो बुद्धिको, तारीफ खइ म कसरी गरूँ
वीरता देखाई खुसी तुल्यायौ, मुखले कति स्याबासी दिऊँ
मनमा स्नेह पलाएको छ, बेटा, आऊ बस मेरो काखमा
त्यागी देऊ भिरेका हतियार, बैर न राखी आपस्तमा

मिठो वचनको प्रभाव चमत्कारी हुन्छ—कस्तै कठोर दिललाई पनि यो सहजै जित्न सक्त छ भने, यहाँ कलिलो युवाहृदय अभिमन्युको के वश ! पत्यार मानेर अभिमन्युले आफ्ना शस्त्र आदिलाई फाल्ने बित्तिकैमा दुर्योधन समेत कौरवदलका सात जना महारथीहरूले उसलाई घेरघार पारी समाते, अनि—

दुर्योधन हाँसेर भन्छन्, बालक बल्ल जालमा बल्झिस्
दीर्घकालको बैरी पाण्डव, के अहिले नै मेटिन्थ्यो रिस्
अभिमन्यु, आफ्नु अन्तिम इच्छा, के छ यहाँ झट्टै राख्
नत्र भने मर्नुको लागि, तयार भइजा तँ अब—

मृत्यु सामुनेमा उभिएको देख्दा पनि अभिमन्युले बिल्कुलै नडराएर जवाब दिन्छन्—

यदि दिन सक्छौ भने मलाई, देऊ धनुबाण मेरो हातमा
दिदैनौ भने हे अत्याचारी हो, दिन्छु प्राण म खुसी साथमा—

युवा अभिमन्युको साहस, बहादुरी अनि बलिदान भावनाको नमूना पेश गरी, मित्रसेनले यसखण्ड काव्य (1120 पंक्ति) द्वारा स्वतन्त्रता आन्दोलनताक अनेकानेक युवाहृदयमा उत्साह-उमंग वा साहस पैदा गर्दै तिनीहरूलाई संघर्ष-पथतर्फ अग्रसर गराउने प्रयास गरेका थिए।

प्रकृतिले प्रत्येक मनुष्यलाई केही न केही गुण अथवा प्रतिभा अवश्य प्रदान गरेको छ। यदि कसैले सानो उमेरमानै त्यसको पत्तो लगाउन सक्यो अनि त्यसलाई सार्थक पार्न निमित्त मन लाएर कोशिशगर्न थाल्यो भने भाग्यले अवश्यै त्यस्ता उद्यमी मानिसको साथदिन्छ। यौटो निस्सहाय टुहुरो बालक चन्द्रहासको कथालाई मित्रसेनले खण्डकाव्य (170 पंक्ति)को रूपमा लेखेका छन्—केही अंश—

**भन्छन नारद हे चन्द्रहास**
**मनमा तिमी न हौ निराश**
**टुहुरा भएँ भनि मनमा न ठान्नु**
**प्रभु हुन् बुबा भनि तिमीले जान्नु**

मुनिको आशीर्वाद-प्रेरणा पाएर चन्द्रहास भजन-संगीत साधनातर्फ तल्लीन रहन्छन्—

**निर्जन बनमा चन्द्रहास, हरि हरि पुकार्दछ**
**अविरल अश्रुधारा बगाउँदै, हरिको गुण गाउँदछ—**

भक्तिभावले ओतप्रोत चन्द्रहासको मिठो कण्ठको प्रभावले एकजना ऋषिले उनलाई शास्त्रीय संगीतको तालीम दिनथाल्नु हुन्छ। लगातार परिश्रम गर्नाले चन्द्रहासको प्रसिद्धि फिँजिन लाग्दछ—अनि—

**एक दिन चन्द्रहासको भजन, राजाले सुन्न चाहे**
**मधुर स्वरमा गाइदिदा, प्रशंसा उनले खुबै पाए**
**रानीसित सल्लाह गरी, राजाले यो भन्नु हुन्छ**
**चन्द्रहास, तिमी मान्छौ भने, पुत्र बनाउने हाम्रो इच्छा छ—**

यसरी आफ्नु गुण-प्रतिभाको चमत्कारले गर्दा गरीब टुहुरो चन्द्रहास राजकुमार बन्न सके। मित्रसेनले आफ्नु कथा-गायन कार्यक्रमको बिचबिचमा कहिले शेरोशायरीको प्रयोग पनि गर्नुहुन्थ्यो—चन्द्रहासको संदर्भमा, उनीद्वारा प्रायः

प्रयुक्त इकवालको शेरहरूमद्धे एक शेर यहां उल्लेखनीय छ—"खुदी को कर बुलंद इतना केह हर तक़दीरसे पहले, खुदा बन्देसे खुद पूछे बता तेरी रज़ा क्या है"—अर्थात् यदि मानिसले कड़ा कोशिशले आफ्नु गुण- प्रतिभालाई उजाग्र गर्दछ भने, ईश्वर धरीलाई उसको भाग्योदय गराउन बाध्य हुनु पर्दछ।

बालक-बालिका, युवावर्ग एवं नारी जातिमा जागृति फिजाएर देश वा समाज-लाई बलियो बनाउने प्रबल आकांक्षा मित्रसेनको थियो। श्रोताहरूको सुविधालाई मध्यनजर राखेर उनले एक महीनासम्मन चल्नसक्ने महाभारतको लामो प्रसंग कथालाई लेखी तयार पारेका थिए, साथै उनले छोटो मिठो पाराले एक-दुइदिन भित्रैमा गाई सुनाउन सकिने अनेकानेक चरित्रकथाहरुलाई पनि खण्डकाव्यको रूपमा छन्दबद्ध गरेका थिए। मित्रसेन मूलरूपमा संगीत प्रेमी तथा समाजसुधारक हुनाले उनका कृतिहरुमा भाषा-व्याकरण, अलंकार एवं रचना सम्बन्धी त्रुटि वा अभावहरू घेरै देखा पर्छन् होला। तर त्यति वेलाको सामाजिक वा राजनैतिक परिस्थितिहरूलाई ध्यानमा राखी तटस्थतापूर्वक सोचे मित्रसेनको साहित्य-साधनामा हामी शास्वत सत्यम्को, मंगलकारी शिवम्को अनि सरससंगीतमय सुन्दरम्को साक्षात्कार पनि अवश्य पाउन सक्छौं होला।

# 6. गीत भजन

अशिक्षा अनि निर्धनताले ग्रस्त रोगी समाजलाई नैतिक वा आध्यात्मिक आहार पुर्याएर मात्र यसको दुःख-तकलीफको निवारण हुन सम्भव न देख्दा, मित्रसेनले शल्य-चिकित्साबाट पनि यसको उपचार गर्ने अठोट गरे। काम चाहिं कठिन एवं जोखिमपूर्ण थियो। आफ्नु नाम-यश-कीर्तिलाई खतरामा हाली उनले तिखो व्यंग्यात्मक शैलीमा सामाजिक दुराचार उपर चोटमाथि चोट कस्न थाले। लोकप्रिय झ्याउरे लयमा सरस सगीतले सिंगारिएका ती रचनाहरूलाई मित्रसेनले मधुरकण्ठले गाएको सुन्न पाउँदा श्रोताहरू रल्ल पर्थे, पेट मिचिमिची हांस्थे अनि पछिबाट उनलाई भन्नु न भन्नु पनि भन्थे। कविद्वारा रचित ती झ्याउरे गीत-हरू नेपाली साहित्य-कलालाई अनौठो देन छन्। ती हास्यरसले भिजेका गीतहरू-लाई सभामा गाएर सुनाउनु अनि श्रोताहरूको अमिलो प्रतिक्रियाको सामना गर्नु वास्तवमा कविको प्रतिभा, साहस साथै समाजसुधारको नौलो प्रयासको नमूना हो। नर-नारी, बुढापाका वा युवावर्गसम्मको नजाती बानी-बेहोराको खिल्लि उड़ाउनमा कविले केही कसर बांकी राखेनन्। हाम्रा कतिपय अल्छे-आवारागर्द युवाहरू प्रति व्यंग्य-प्रहार गर्दै कवि लेख्छन्: केही अंश:

कुचाली हुन्छन् खाली, झन् कंगाली नजानेर होकि हजूर!
गांठीमा दाम छैन मिस्टर बुल्बुली लर्काउने
घरको मुसो खानु नपाई कराइ घर थर्काउने
बेवखतमा हिंडदा डुल्वा सुसेरी बजाउने
जे परे पर्ला है भन्दै आउटकलर फर्काउने
धन्य हाम्रा बोक्रे साहेब जाति नाम पड़काउने, हजुरत

फेसन अनि फजूलखर्चीले हाम्रो समाजलाई आर्थिक तौरमा खोको बनाउने प्रवृत्तिको चर्चा गर्दै कवि लेख्छन्—

सूटबूट नलाए त साहेब कल्ले भन्ला
मोटोझोटो लायो भने कुल्ली भनी गन्ला
रिन लागे लागोस् बरु चाहियो ठूलो बंगला
आंगन भरी सजाएर फूलैफूलको गमला
मरेपछि के पो लाने ठाटैसंग रहम्ला, मज्जाले—

अनि कवि यस संदर्भमा थप्दै, अर्को टुक्का—

कसैलाई त खायो मदले कसैलाई फेसनले
बलेजरको सूट किनि छाडिहाल्यो धनले
सीजर चुरुट नभएमा मान्दैन यो मनले
भोक-निन्द्रा हराउँदै छ सुर्ता-फिक्रि गमले
कसो गर्ने फेसन बाबा दुःख पायो तनले, हजुर—

त्यति बेला हाम्रा कतिपय बुढाबुढीहरू जाँड रकसीको अम्मलले गर्दा रिनमा चुर्लुम्म डुबेको कुरा—कविका शब्दमा—

कुचाली हुन्छन् खाली झन् कंगाली, जांड-रकसीले होकि हजुर
ल्याउन बुढो मोटो चामल, आयो दशैं चाड़
दुइचार घड़ा हाल्नु पर्‍यो छिपिएको जाँड
भोटे दवाई ल्याइपिसी राम्रै गरी माड़
इष्टमित्र आउंदा नत्र पर्ने छ है डांड़
लागिमिलो लोन मनाऊँ वर्षे दिनको चाड़ सुन्यो कि !

अनि अर्को टुक्का—

आहा कस्तो गर्भे झोल, अलि अलि बाँड़
सिधियो नी जांडको घड़ा, दशैं अझ टाढ़ा
भन्छे बुढी पसलेको, भाँच गई ढाड़
पसलेले पैसा मांग्दा, लाग्यो मनमा काँड़
झोंकिएर भन्छन् बुढ़ा, मरिस् बल्ल रांड, अबत !

कमाई भन्दा खर्च बेसी गर्न खोज्ने गृहणीको अन्त कस्तो दुर्दशा हुन्छ, कविका शब्दमा—

पाँच आना छ दिनको कमाइ, छ आना को रक्सी
मासु खान पाइन भनी, बुढी हेर ठुस्की
अम्मल पूरा नभएमा, ज्यानै जाने खुस्की
साहुसित मन्टो लुकाई, हिँड्छन् झस्कीझस्की
अवालतले कुर्की गर्दा, बल्ल बुढी झस्की, प्रसंङ—

आर्थिक हालत ठीक न हुनाले हाम्रा कतिपय जातीय परिवार त्यति बेला भट्टी (पसल) थापेर गुजारा गर्न विवश हुन्थे। भट्टीको घिन लाग्दो वातावरणमा जाँड-जुवा वा जारी सर्वत्र देखा पर्दथ्यो। त्यस्ता कुख्यात स्थानहरूमा गएर अध्ययन गर्नु, त्यहीं बसेर लेख्नु, गाएर सुनाउनु अनि सम्झाउनु मित्रसेनको अनौठो साहसिक कार्य हो। भारतमा धन कमाउन आएका लाहुरे (सैनिक) हरू रजा-छुट्टीमा घर फर्कँदा बाटैमा तिनीहरूको दुर्दशा बारे कविले यसरी चित्रित गरेका छन्—केही अंश—

बदनामी यो जातिको गर्नेलाई, सुन्नु होला मनमा गुनेर—
पहिला नम्बर उनको जुनले बेच्छन् रकसी पानी
लोग्ने गाहक खोजी बस्ने स्वास्नी पसल धानी
लाटासुधा लाहुरे दाइलाई लान्छन् तानीतानी
जाउन बाबु कुरा गर पठाइ छोरी नानी
फोहरा कुरा गर्छन् अति कत्ति लाज न मानी, हेरत—

बाबू चाँहि मादल ठोक्ने छोरी गीत गाउने
लाहुरे दाइछन् वरिपरि हातहरू नचाउने
रातभरी गीत गाउँदा दस बोतल सिध्याउने
बिचेत पर्दा लाहुरे दाइको धनपैसा लुकाउने
एकै सालमा स्वास्नी चाँहिले ठूलो सुन झम्काउने हेरत—

मायां मारी बा आमाको भट्टीमा लर्किए
डम्फुमादल बज्न थाल्यो गीत फेरि चर्किए
रंग चढ्यो लाहुरेदाइलाई नोटहरू थर्किए
लूटपाट गरी रित्तो पारी एक तर्फ तर्किए
धन पैसाको नास गरी त्यहींदेखि फर्किए, छाउनीमा—

सिपालु चित्रकारले जस्तै प्रत्येक दृश्यलाई छर्लङ्ग पार्नुमा मित्रसेन सिद्धहस्त

दिए। रकसी बेची धनकमाउन चाहनेहरूको खुलस्त रूपमा भर्त्सना गरी सकेपछि कवि जुवाड़े-जनका टुपी समाउन पुग्दछन्—

दोस्रो नम्बर सुन्नु होला जुवा खेल्ने पार्टी
गाई खाने पोड़े भए भन्दै हिंडछन् दुनियाँ डाटी
जित्यो भने एकै दिनमा मनाउँछन् संग्राती
मुसार्दा छन् जुंगा गर्छन् कुरा भाँतिभाँति
हार्‌यो भने स्वास्नी चाहिंको जगल्ठा समाति हेरत—

आज मैले कौड़ी खेली छसय रुपियाँ पाएँ
अब केको फिक्री छ र दुइटी स्वास्नी ल्याएँ
त्यो जितेको धन पैसाले मासुरकसी खाएँ
पन्ध्रहै दिनमा जम्मै रुपियाँ खाइपिई सिध्याएँ
कान्छी स्वास्नी लाहुरलगी भर्खर बेची आएँ, मैलेत—

भर नपर्नु कहिले पनि दुष्ट हुन् जुवाड़ी
स्वास्नी समेत दाउमा राखी घरबारै उजाड़ी
जुवाड़ीले गर्दा हेर जाति गए भाँड़ी
आज गहना लपक्कै छ भोलि हुरे राँडी
यस्तासित पोइला जाने दुइ आँखाकी काँनी, तिमी त—

रकसीलाई गाँधीजीले विष तुल्य बताउनु भएको थियो। ती रकसे-जाँड़े-हरूले घरमा मचाएको कोहराम दर्शाउँदै कविले हास्यरसमा मग्न अर्को व्यंग्य-गीतको सृजना गरेका छन्—

तेस्रो नम्बर उनको जुन्ले रक्सी हिंडछन् धोकी
साँझ पर्‌यो तलतलीले दुख्न थाल्यो कोखी
पैसा देन बुढ़िया भन्दा बुढी चाहिं झोंकी
दिनदिनै यो कस्तो पैसा चोरी गर्ने होकि
कि भने त भन तिम्रो कमाइ थुप्रो छकि, मसँग—

रिस उठेर ताते बुढा चिरुवा दाउरा बोकी
बलल पायिस् चोट भनी थाप्लामाथि ठोकी
लाखा भन्दै बुढीमाउले हात कर्‌पै टोकी

म थाकुन्जेल जुझे दुवै थामल आँटो पोखी
थाकिसाको सोसांझमा सुते भोकभोकै, हेरत—

बिहान बुढा अस्पतालमा गए गुन्टा बोकी
भन्छन् मलाई अस्तिदेखि लागेको छ खोकी
हिजु साँझदेखि अझ बुखेको छ कोखी
पलाकपुलुक हेर्दै गर्छन् कुरा रोकीरोकी
डाक्टर साहेब हाँसी भन्छन्, तीनपानीले हो कि, हजुर—

सामाजिक खराबी हरूलाई छलँग दर्शाईदिंदा श्रोताहरूमा यसको प्रतिक्रिया शुरूशुरूमा कस्तो हुन गयो—कविका शब्दमा—

यौटो गोरू फुस्रो फुस्रो अर्को गोरू तारे
रक्सी धेरै नखाऊ भन्दा नाकमा गांठो पारे
यस्ता जाबा लेक्चर भनी आउन पनि छाड़े
झ्याउरे गीतमा सम्झाउँदा त रिसाए झन् क्यारे
नजातीलाई छाड़नु भन्दा, जाति मायां मारे, हजुर !

मित्रसेन कसैको अपमान गर्नु भनेर होइन बरू समाजको भलोको निम्ति नै उक्त गीतहरूलाई रची उनले गाउंदै गएका थिए। आफ्नु मन्तव्य जाहेर गर्दै कवि लेख्छन् अनि बिन्ति चढ़ाउँछन्—

अहिले देखि सोचौं हामी सन्तानका लागि
अम्मा पारौं धन तिन्का कल्याणका लागि
केही युक्ति झिकौं तिनका निर्माणका लागि
खुसीसंग मरौं तिन्का उत्थानका लागि—

दुवै हात जोडी हजुर बिन्ति फेरि गर्छु
मानी लिनु बिन्ती भनी शरणमा पर्छु
यो अमूल्य बिन्ति मेरो बिउ सरि छर्छु
झ्याउरे लयमा गाईगाई मरे पनि मर्छु
ए भाइ, मित्रको यो बिन्तिलाई, न फाल है हेला गरेर—

त्यति वेला हाम्रो अशिक्षित अनि निर्धन समाजमा नारीको कस्तो दुर्गति

थियो—कविको बुढो दुल्हाले यस कुरोको साक्षी दिन्छ—

अज्ञानी बन्यौं हामी झन् बदनामी, अशिक्षाले होकि हजुर—
पन्द्रह् सालकी छोरी बल्ल साठी सालको जवाईं
आयो बुढो बिहे गर्नु सेतो केस रंगाई
घोड़ा चढी कुप्डे बुढो आयो रमाइ रमाई
पिप्रपाले जन्तीहरू बजाउने छन् दमाई
घोडादेखि ओहर्ले बुढो बाँस लौरो समाइ, हेरत—

बुढो रहेछ छिछि भन्छिन् हर्ने आइमाई
तिन्का कुरा सुनी बुढो रिसले फन्फनाई
कठै बरी कन्या केटी सुन्छे शिर निहुराई
बा-आमाको लोभले गर्दा गरे जग हंसाई
आफ्नु सुख देखे बाले मेरो सुख गुमाई, हेर त—

एकै वर्षपछि बुढा परलोक सिधारे
कठै बरी नानी केटी उमेर बिगारे
दुखको भुमरीमा पारी सबैले बिसारे
कुटुनीले फेलापारी अर्कैजाल फिजारे
चुल्ठो कटाइ गेरु रंगाइ बिदेश घिसारे, हेर त—

मिठो चिल्लो कुरा गरी सुनाइ रंगीचंगी
तीर्थ गर्न चारै धामको चेलीज्युलाई लगी
बिदेश आई कुरा मिलाई गुंडासित अघि
दुइचार मुठी कम्पनीमा धर्म गयो डगी
यस्तै गरी कैयन केटी बिग्रे ठगी ठगी, हेरत—
अज्ञानी बन्यौं हामी झन् बदनामी, अशिक्षाले होकि हजुर !

समाजलाई सपार्न अथवा बिगार्नमा स्वयं नारीको ठूलो जिम्मेवारी वा भूमिका हुन्छ। नारीवर्गलाई केही अर्तिका कुराहरूसम्झाउंदै कविले एउटो लामो गीत झ्याउरे लयमार्न लेखेका छन् : केही अंश :

ए बैनी दुइचार कुरा भन्छु मत, सुन्नु होला मनमा गुनेर—
आइमाई जातले गर्नु पर्ने धर्मलाई सुनाउंछु

झ्याउरे लयमा गीत गाउँदै सबैलाई सम्झाउँछु
जाति-समाज सोझोपार्ने कर्तव्य गुनाउँछु
मान्नु हुन्छयो कि भनेर बिनती चढाउँछु
विश्वास राखी मनभित्र चरण समाउँछु हजुरको--

चालचलन राम्रो राखी बस्नु आफ्नु घरमा
पतिव्रता नारी बनी गर्नु असल कर्म
मिठो बचन बोली यही शुभगुनको मर्म
सन्तानको ख्याल राखी धान्नु गृहस्थ धर्म
स्वामी सेवा गर्दा कत्ति नमान्नु है शर्म, हजुरले—

प्रेमले रिझाउनु सबलाई प्रेमले बुझाउनु
घरमा आउने अतिथिको मनलाई नदुखाउनु
गरीब गुर्बा दुखीमाथि सधैंनै टिठाउनु
कष्ट पिर दुःखको समय शान्तिले बिताउनु
असल धर्म सोझा कर्म कहिले न बिसार्नु, हजुर हो—

हजुरैको हातमा छ सिगार्नु बिगार्नु
विद्या पढाइ बालखाको आँखालाई उघार्नु
योग्य बनाई सन्तानलाई देश-जाति सपार्नु
भत्केलाई बनाउनु अनि बिग्रेलाई सुधार्नु
यही हो तिम्रो नारी धर्म मनमा खुब बिचार्नु, हजुर हो—
ए बैनी दुइचार कुरा भन्छु मत, सुन्नु होला मनमा गुनेर—

तनमनधन अर्पित भावनाले समाजको सेवा गर्नेलाई समाजले दिन्छ के ?— बिख, फाँसी वा गोली !—यो उहिलेदेखिनै चलिआएको संसारको दस्तूर हो। सुक्रात, ईसा एवं महात्मा गांधी जस्ता महापुरुषहरूलाई समाजले सहनु सकेन भने बरा मित्रसेनको सेवा-त्यागको वास्ता कल्ले गर्ने ! कुक्कुरको पुच्छर बाह्र वर्ष ढुंग्रोमा हालि राख्यो, झिक्दा बांगोको बांगै—भने जस्तो, कति कोशिश गर्दा पनि समाजमा चिताए जतिको परिवर्तन नल्याउन सकेको देख्दा, बरू उल्टा निन्दकहरू-बाट निर्दयतापूर्वक घोंच्याइपाउँदा कविले एक ठाउँ ग़ज़लको शैलीमा आफ्नो हृदयको दुःखलाई यस प्रकार व्यक्त गरेका छन्—

म भक्त छु आफ्नु जातिको, मेरो बिनती फालाफाल नगर
चोट लागेर दुखेको यो दिललाई, नून छरी अझ बिहाल नगर—
जातिधर्म बुझें जहिलेदेखि, जातिप्रेममा जोगी भएको छु
म अलख जगाउँदै डुल्दैछु, मलाई भिक्षु भनी अपगाल नगर—
न दुखाऊ मन यो त दुखेको छ, चिन्ता शोकले रगत सुकेको छ
नधोच मलाई निर्बल सम्झी, बिबस जानेर ख्याल नगर—
सधैं समय समान त रहँदैन, बितिगएको फर्की आउँदैन
यस्तो सेवक समयमा पाइँदैन, मेरो बिनती टालाटाल नगर
दया गर्छौ कि भन्ने आशा थियो, तर झन् झन् मलाई निराशा दियौ
अब बाँच्नु भनेको यतिकै भयो, मेरो मृत्युको अकाल नगर
जातिको प्रेम छ छातीमा, कहिले जागृति आउला यो जातिमा
सबै सुखले सुत्दाछन् रातीमा, म रुन्छु बसेर धरधर—
हे प्रभु, यो आयो के बेला, अपजसी भएँ सबको हेला
हे मित्र, अब छिटै सेला, छाड् मायांजाल बबाल नगर—

उक्त ग़ज़लमा मित्रसेनको दिलको दुख, दर्द अनि निराशा प्रशस्त मात्रामा देखापर्छ। तर त्यो, कविको अभिव्यक्तिलाई क्षणिक उद्‌गार मात्र मानौं होला। मित्रसेनले संसारका विभिन्न धर्मावलम्बी समाजहरूको अध्ययन गरेका थिए। मुसलमानहरू प्रत्येक जुमा (शुक्रबार) मा भेला भइकन नमाज पढ्दछन्, इसाई-सिख वा आर्यसमाजी समुदायको पनि प्रत्येक साता सामूहिक प्रार्थना-सभा हुन्छ। तर हामी सनातन धर्मका अनुयायी या त घरमा विहानसाँझ पूजा-अर्चना गर्दछौं अथवा कुनै पर्व-त्यौहारमा कुनै स्थानमा भेलाभएर धार्मिक उत्सवलाई मनाउँदछौं। यस्तै विचार गरी मित्रसेनले आफ्नु परममित्र बहादुरसिंह बरालको सहयोग-सहायताले भागसूमा साप्ताहिक सत्संग प्रचारिणी सभाको स्थापना गरे अनि उनी प्रचारभ्रमण निमित्त जहाँ जता गए, उहीं साप्ताहिक सत्संग कार्यक्रमको थाल्नी गर्ने उनले प्रयास गरे। एक घन्टाको रसिलो संगीतमय सत्संग-कार्यक्रममा सामूहिक भजन-प्रार्थनाका साथै छोठोमिठो प्रबचनको प्रावधान हुन्थ्यो। भजन-स्तोत्र आदि-का केही अंश यहाँ प्रस्तुत गरे वेस होला—

जय जय गणपति पर्वतका नाती, जय गणनाथ गणेश
हजुर सबैमा कृपाराखी, काटी दिन्छौ कलेश
बिघ्नहर्ता भन्छन् हजुरलाई, गजमुख गणपति नाम
हजुरकै पाउँमा सिर नुहाइ, थाल्छौं हामी काम—

(गणेशबन्दना—24 पंक्तिबाट)

राग शुद्धकल्याण—ताल कहरवा

वीणा हातमा ली मयुरको पिठमा, के राम्रो रूपधरी
भक्तमाथि स्नेह राखी सहजै, विद्याले भरपुर गरी
यस्तो महासरस्वती जननीका, पाउविषेशिर धरी
बिनति गर्छु कृपा म पाऊँ भनि फेर, केवल चरणमा परी—
(सरस्वती सम्झना, 8 पंक्तिबाट)

जसको नेत्रछ तीन अनि त्यो हातमा, त्रिशूल ठूलो लिई
रक्षा भक्तहरूको आफै गर्ने, अत्यन्तै हर्षित भई
भागसूनाथ कहीं विश्वनाथ कहीं भई, नेपालमा पशुपति
यस्ता छन् त्रैलोकीनाथ जहांतहीं, प्रसन्न रहन्छन् अति—
(शिव उपसना—8 पंक्तिबाट)

कानमा मुन्द्रा लगाई हात त्रिशूल, आंगमा खरानी घसी
आफ्ना भक्तको जय मनाउन भनेर, गोरखा शहरमा बसी
बलपौरख अनि विद्या-बुद्धिले, जम्मैलाई भरपुर गरी
रणमा अति बीर बनाए गुरूले, हामीलाई बज्र सरी—
(गुरु गोरखनाथको स्तुति—8 पंक्तिबाट)

ओम्कार नामको जाप (96 पंक्तिबाट)—

ओम नाम ओम्कार अटल छ ओम नाम सरनाम
ओम ओम हरि ओम, प्रभुलाई सहस्र छ प्रणाम—
सबैले विद्या पढेर अनि ज्ञानले झन् भरपुर हुन्
उद्योग गरौं पौरषी बनौं अल्छे बेहोरा दुरहुन्
दुःख सबैको मेटेर भगवन सुख गर प्रदान
ओम ओम हरि ओम, प्रभुलाई सहस्र छ प्रणाम—

सत्संगतमा बसेर हामी धर्मको बाटो हिंडौं
सत्य-असत्यको मर्म-भेदलाई ज्ञानले सहजै चिनौं
कुकर्मदेखि बाँचेर हामी हजुरमै राखौं ध्यान
ओम ओम हरि ओम, प्रभुलाई सहस्र छ प्रणाम—

सम दम तप अरू क्षमा धीरता ब्रह्मचर्यलाई धारी
राम्रो कार्य अनि ज्ञानध्यानमा निपुण भएर भारी

हाम्रो बुद्धि बल पौरखको जगतका होस् सरनाम
ओम ओम हरि ओम, प्रभुलाई सहस्र छ प्रणाम

बाँच्नुन्जेल हे भगवन् हामी धर्मको पालन गरौं
हजुरको भक्ति राख्नलाई शक्ति बढाउन अघि सरौं
अन्त समयसम्म हामीबाट हुँदै रहोस शुभ काम
ओम ओम हरि ओम, प्रभुलाई सहस्र छ प्रणाम—

आरती (14 पंक्तिबाट)

जय जगपति स्वामी, आफैं छौ अन्तर्यामी
शरण पर्‍यौं हामी ओम, जय जगपति स्वामी—
जसले हजुरलाई ध्यानउँछ मनैमा निश्चय गरी
त्यसको हितका लागि हिंड्छौ अघि सरी—
बुबा मुमा छौ हजुरनै बाहेक कोही भएन
हजुर मात्र अटल छौ अरू त कोही रहेन—
बालक छौं बल छैन हजुरै छौ बलवान्
आफ्नु काखमा राखी अहाई देऊ भगवान—

(शुद्ध कल्याण/कहरवा)

ससाना बालकबालिका अनि नारीहरूले मित्रसेनको उक्त साप्ताहिक सत्संग कार्यक्रमलाई सफल तुल्याउनमा ठूलो सहयोग प्रदान गरे। प्रायः आइतबारका दिन यो कार्यक्रम राखिन्थ्यो, सिरिफ एक घंटाका लागि—सरस-संगीतमय सत्संगको यो छोटोमिठो कार्यक्रमले थुप्रै परिवार हरूलाई लाभ पुगिरहेको देख्दा मित्रसेन एकदमै सन्तुष्ट थिए होलान्—अतः प्राण-त्याग गर्न लाग्दा उनले छोरोलाई अन्तिम अर्ति यही नै दिएका—'सत्संग कार्यलाई जहाँसम्मन हुन्छ चलाइनै राख्नू'। कविको देहावसान उपरान्त छोरो दिग्विजयसेनले केही वर्षसम्म सत्संग-प्रचारको कामलाई चलाई राखे तर कतिपय पारिवारिक वा आर्थिक परिस्थितिहरूले गर्दा त्यो कार्य-क्रम सेलाउन लागि सक्यो—बरालज्यूले सत्संग प्रचारिणी सभालाई पुनः सुचारू रूपले संचालित गर्ने प्रयास गरे तर त्यो प्रयास पनि सफल भएन। जे होस, मित्रसेनले जीवन रहुन्जेल जेजति कोशिश यस दिशामा गरे, त्यसको असल प्रभाव समाजमा पर्न गयो—धेरै परिवार सप्रिए—आज पनि कविको परिश्रमको फललाई धेरथोर हामी सबैले चाखिरहेकाछौं।

मित्रसेन आफ्नु समयका प्रसिद्ध एवं जनप्रिय गायक थिए। शास्त्रीय संगीतमा निपुण हुनाले उनले आफ्नु रचनाहरू अथवा आफ्ना मित्र कवि बहादुरसिंह बरालका केही भजन-गीतलाई सुर-लय प्रदान गरी गाउने गर्थे। उनीद्वारा प्रयुक्त विभिन्न प्रकारका रागहरू मद्धे भूपाली, शुद्धकल्याण, बिहाग, बहार, आशा, भैरवी, रागेश्वरी, काफी, दरबारी, मालकोंश, भीमपलासी, दुर्गा, देस, विलावल ठाट, यमन इत्यादि अनि तालहरू मद्धे तीन ताल, कहरवा, खेमटा, दादरा, दीपचन्दी इत्यादि यहाँ उल्लेखनीय छ। उनले गाएका ग्रामोफोन रेकर्डहरूले त्यति बेला गोरखाली जगतमा ठूलो धूम मचाएको थियो। सन् 1936 को अन्ततिर उनको पहिलो रेकर्ड झ्याउरे लयमा 'अब त जाऊँ कान्छी घर, बाटो छ उकाली ओह्राली' हो अनि आखिरी चाहिं हो 'छत्रे टोपी झम्काई खुकुरी चम्काई, लाहुरे पुगे रेलिमाई बैरीसंग लड्नुलाई' जुन् कविको मृत्यु भन्दा केही मास अघि (1945मा) छापिएको थियो। उक्त नौ-दस बर्षको दौरानमा मित्रसेनले ग्रामोफोनमा गाएका थुप्रै गीत-भजनादि मद्धेबाटका केही अंश—

मलाई खुत्रुक्कै पार्‍यो जेठान तिम्रो बइनीले—
धरती मुनि पिंडालु त धरतीमाथि गाबा
आइमाईसित पिरतिलाउनु कानै पकड़ें बाबा—
तल्लो घरमा खसी काट्यो तानी हाल्यो फियो
तिम्रो पोइ त लहसुन् पुडके गुन्द्रुक बेच्दै थियो—

अनि रेकर्डको अर्कोतर्फ छ—

फिटेर कुसुमे सारी किन हेर्छ्यौ वारिपारि
फरियालाई भुंइमा लतारी—

शुरूशुरूमा मित्रसेनले मनोरंजनका लागिमात्र केही हास्यरसका गीतहरूलाई कथी झ्याउरे लयमा सुनाउने गर्थे। तर पछि उनले थरिथरिका सामाजिक, धार्मिक वा दार्शनिक विधाका गीत-भजनादिलाई गाउन थाले,—जस्तै—

कृष्ण गोपी जस्तो होरी, आइजाऊ खेल्नलाई गोरी
अबिरको थाली अत्तरै हाली, रंगले पिच्कारी भरी—

(भैरवी/कहरवा)

यस्तै 'श्याम रे किन नौनो चोरी खायौ,—'गोकुलमा मुरली बजाई चकितै पार्‍यौ,—'हे कृष्ण, किन हजुर आउनु भएन,—एवं 'कृष्ण मुरारी सुदर्शनधारी, मुरली बजाउने तिमी कहाँ छौ, इत्यादि कृष्ण-लीला सम्बन्धी उनले गाएका गीत-

हरूका रेकर्ड आज पनि रसिकहरूमा उतिकै लोकप्रिय छन्।

आपस्तमा हानालूछी न गरी प्रेमपूर्वक संसारमा जीवन बिताउने कर्तव्य जनाउँदै मित्रसेन गाउँदछन्—

**किन गर्छौ तानातानी मानामानी, दुइदिनको छ जिन्दगानी**
**माटोको यो देह बनेको, पापकर्मले रहे छ जनेको**
**राम्रो भनी यल्लाई किन भनेको, पातमाथिको पानी—**
**बतासले उड़ाई लैजाने—**

(शुद्ध कल्याण/कहरवा)

जीवन-लक्ष्यलाई भुली मौजमज्जामा मस्त मानिसलाई जगाउने उद्देश्यले उनी सुनाउँदछन्—

**रंगरसमा भुली गयौ, तिमी कस्तो कलंकी भमरा झैं—**
**फूल फुलेको वारिपारि, किन तिमी फुलैमा मस्त परी**
**नशाले मातेको बाहुला झैं, रंग-रसमा भुली गयौ—**

(शुद्ध कल्याण/कहरवा)

मान्छेको चोला पाएर हामीले के गर्नु पर्ने हो, यो याद दिलाउँदै उनी गाउँछन्—

**जनम यो पाउँदैन बारम्बार, जगतको गरेर जाऊ उपकार**
**राम्रो नराम्रो छलफलगरी, जीवनलाई आफ्नु सुधार**
**देशको सेवा प्रभुको भक्ति, गुनीको गर सत्कार—**
**जसले गुनलाई संग्रह गर्छ सहजै पुग्दछ पार**
**यश र कीर्ति फिंजाउँदै जाऊ, यही हो जिउनुको सार—**

(शुद्ध कल्याण/तीन ताल)

उक्त रेकर्ड गरिएका गीतहरू बाहेक उनका अन्य केही रेकर्डिड गीत-भजनहरू हुन्—'बिहान भयो अब उठ हे साथी,—'राखी हुजूरको ध्यान हे आज अम्बे भवानी' 'धन्य पशुपति जगतका स्वामी, 'जनम भो जहाँ पुरखाको, 'संसारमा श्रेष्ठ हे उच्च स्थान', तानसिङ रमाइलो (झ्याउरे), 'बिपताले भयौं बिहाल गोरखनाथ बाबा' 'भयौं बदनाम हेर भाई, 'गोरखाली जाति कहिले बुद्धिको खान होला, 'भन गोरखाली दाजुभाइ, जय गोरख, इत्यादि।

दोस्रो विश्वयुद्धको दौरानमा 'विक्टोरिया क्रस' को सर्वश्रेष्ठ वीरता-सम्मानले

विभूषित हाम्रा केही जना वीर सैनिकहरूको यादगारीमा मित्रसेनद्वारा रचित 'बहादुरीको झ्याउरे गीत' यहाँ उद्धरित गरे उचितै होला—

छत्रे टोपी झम्काई, खुकुरी चम्काई
लाहुरे पुगे रेलिमाई, बैरीसंग लड्नुलाई—

केटाकेटी स्वास्नी जम्मै घरको मायां मारी
भोक्भोकै लड्दी हिन्ने बैरी चाहरी चाहरी
भी० सी० पाई नाम कमाई किरीच घिसारी—

धन्य तिम्रा माता पिता सुबदार लालबहादुर
अमलदार गन्जूलामा सिपाइ तुल बहादुर
अगमसिंह राई अनि छेत्री शेर बहादुर
स्वर्ग पुगे थमन गुरूंग रणभूमिका बहादुर—

धन्य हाम्रा गजे घले बैरीलाई मार्‍यो
नेत्रबहादुर सुबिदारले सबको शेखी झार्‍यो
बूधको भाडा चुकाई सातै कुल तार्‍यो—

धन्य तिमी लछमन गुरुंग गोरखालीका नाक
भानभक्त बीरको झनै कति ठूलो धाक
बैरीहरू-खुकुरी हेर्दा हुन्थे भागाभाग
बीरहरूको टूक्का गांसी गाउँछ मित्र राग—

(भोपाली/खमेटा)

उक्त ग्रामोफोन रेकर्डमा गाइएका गीत-भजनहरू बाहेक मित्रसेनद्वारा रचित अनेकानेक कृतिहरू बरालको आँसू एवं मित्रको डायरी र कविता-झ्याउरे पुस्तकहरूमा संग्रहित छन् । भगवानको गुनगान गर्दै कवि लेख्छन्—'कुन रीतले यो गुन गाउने, धन्य छौ सृष्टि रचाउने'। कीर्तन-भजनको लयमा—'सबै मिली गावौं हामी राम गुन गावौं'। उल्हनाको स्वरमा—'जप्दैनौ किन कहिले पनि हरि नाम !'। चुनौतीको अन्दाजमा—'सुन्दा छु कतिलाई तार्‍यौ तिमीले, मलाई तारे पो मैले, जानूं।' समर्पण-भावले—'जस्तो छ तिम्रो मरजी, उस्तै सधैं रहूंला' अनि दया-याचनाका केही अंश—

हे हरि, विपद निवारे छिटै गरी
संकट पर्‍यो जब अर्जुनमाथि
पाण्डवजनलाई बनायौ साथी
मित्रको दुःख मेटाऊ यस घरी
बिपद निबारे छिटै गरौ—
(काफी/कहरवा)

कर्म अथवा भाग्यको सिद्धांतको व्याख्या गर्दै कवि दार्शनिक अन्दाजमा लेख्छन—केही अंश—

युक्ति हजार गरौं चाहे कर्म गति छ अति बलवान
भाग्य-लेख मेटिन्न कहिले निर्धन हुन् वा हुन् धनवान
कसैको घर भरी धनसम्पत्ति छ तर छन् निस्सन्तान
नांगोभोकोको दीनहीनका छन् थुप्रै सन्तान—
ज्ञानीध्यानी दुख पाउँदैछन् फोस्रा ढांटको भारी मान
भाग्यलेख मेटिन्न कहिले अनपढ हुन् वा हुन् विद्वान

भाग्य-चक्रको प्रभावले गर्दा संसारमा ठूलो विषमता छ, कविका शब्दमा—

एक बुबाका दुइ छोरा तर भाग्य भिन्दाभिन्दै
एउटो बनेको राजा अर्को हिड्छ भिक्षा मांग्दै
एक मुमा की चार छोरी, एउटी काली अर्की गोरी
एक दुख पाएर मरी, एक रानी भै छ ऐश लिन्दै—
एकै जातका प्राणी, कोही नम्र कोही अभिमानी
मित्र अबूझ अज्ञानी, उ मरी रहेछ जिउँदै—

असार संसारको स्मरण गराउँदै कविले कव्वालीको धुनमा लेखेका छन्। केही अंश—

जन्मे जुन संसारमा केही छिन पछिनै मेटिए
दुखीजन त मेटिए, सुखी पनि सब मेटिए—।
रावण जस्ता वीर राजा, काललाई वशमा गरे
आज रावण छन कहाँ, त्यो वंश जम्मै मेटिए—

निहुरिकन दिन काट मित्र, प्रेमले संसारमा
कस्ता कस्ता मैं हूं भन्ने, अहंकारी मेटिए—
(काफी/दीपचन्दी)

कविद्वारा रचित अर्को कव्वाली क्षणभंगुर जीवनको सम्बन्धमा—

कोही कसैको हुन्न जगतमा, हंसनै उड़ि गए पछि
रहि जाने छ के पो बांकी, जिउनै जलि गए पछि—
मेरा साथी मेरा भाइ, मेरी प्यारी मोहिनी
एक छिन् रोलिन अलिक कराउलिन्, नारिसारि गए पछि
बात मार्दा मार्दै मित्र, गयो उमेर त्यसै सकिई
अब रोएर के पो हुन्छ, बइस ढली गए पछि—

गुरु हुन् अथवा गुरुका चेला, नेता हुन् चाहे उनका अनुयायी, सबै आफ-आफ्नो जाती अथवा नजाती करनी-कर्मले गर्दा उंभो लाग्दछ या तल खस्तछ। कविका शब्दमा—

यो संसार दर्शनको हो मेला—
आफ्नै कर्मले पारी तर्ने, गुरु हुन् या हुन् चेला—
मतलबका सब संगी साथी, सुखमा हुन्छन् भेला—
दुख परेमा टाढा सर्छन्, छोडी दिन्छन् अकेला—
धन पाएर सुखीहरूले, दुःखीलाई गर्दछन् हेला
अन्त समयमा सुखी र दुखी, पर्दाछन् कालको फेला—
(रागेश्वरी/कहरवा)

मित्रसेनद्वारा रचिएका अथवा गाइएका प्रायः जम्मै गीत-भजनादिमा उनको समाजसुधारको चोखो भावना, समाज-उत्थानको असल प्रयास एवं 'सरस'संगीत वा गायनको माध्यमबाट श्रोताहरूलाई आनन्द पुर्‍याउन सक्ने प्रतिभा हामी थाह पाउँछौं।

# 7. नाटक

चरित्रनिर्माणलाई नाटक एक अत्यन्तै प्रभावशाली विधा हो। मित्रसेनले महात्मा गांधीको आत्मकथाबाट यस कुराको पुष्टि पाएका थिए। बाल्यकालमा गांधीजीले देखेका दुइवटा नाटक 'श्रवणकुमार' अनि 'हरिश्चन्द्र'ले उनको अन्तः-स्तलमा गहिरो प्रभाव जमाएको थियो। कालान्तरमा उनै मातृ-पितृभक्त बालकले आफ्नु चरित्रबलले अहिंसात्मक सत्याग्रहको अनौठो अस्त्र संसारलाई प्रदान गरेको कुरो सर्वविदितै छ। आफूले दिएको वचनको पालनका लागि सत्यवादी राजा हरिश्चन्द्रले पोढ़ेका काम सहर्ष सम्हाले, रानी र छोरोलाई बेचिदिए अनि चोरीको दोषमा पक्राउमा पर्दा, हुकुम पाए बमोजिम उनी आफ्नी पत्नी समेतलाई काट्न तत्पर भए। कस्तो उत्कृष्ट जीवन चरित्र राजाको ! यथा राजा तथा प्रजा—यदि शासकगण या नेतागणमा नैतिक या चारित्रिक मूल्यहरू विद्यमान रहन्छ भने प्रजा जनता एवं अनुयायीहरू पनि चरित्रवान अवश्यै हुन्छन् भन्ने विचार गरेर होला मित्रसेनले कलापूर्ण ढंगले राजा हरिश्चन्द्र नाटकलाई नेपाली भाषामा लेखी वा तयार पारी रंगमंचमा प्रस्तुत गरेका अनि प्रचार-प्रसारको उद्देश्यले उनले छोटक-रीमा यसलाई तयार पारी ग्रामोफोन रेकर्डिंगसम्म गराएका।

नारीको व्यक्तित्वको विकासलेनै समाज वा देशको भलो हुनसक्तछ। नारीले कस्तो मानिसलाई आफ्नु पति रोज्नु पर्छ ? सती-पार्वतीको चरित्रलाई दर्शाउँदै मित्रसेनले अझ अर्को नाटक स्वस्थानी व्रत-कथामा रूप-धन-मान-दर्जालाई भन्दा पतिको नैतिक वा आध्यात्मिक गुनलाई अधिक महत्व दिनु पर्ने कुरो जनाएका छन्। तब मात्र आमाले गणेश जस्ता सर्वपूजनीय एवं कार्तिकेय जस्ता महापराक्रमी सन्तान जन्माउन सक्तछिन्। यस्तै सत्यवान-सावित्री नाटकमा मित्रसेनले नारीको शुद्ध आचरण एवं दृढ़ इच्छा शक्तिले आफ्नु मरिसकेको लोग्नेलाई कालको मुख-देखि पनि बचाउन सक्तछिन् भनी देखाएका छन्। अझ द्रौपदी चीरहरण नाटकमा उनले नारीको तप-त्याग अनि भक्तिको चमत्कारी प्रभावद्वारा अत्यन्तै अपमान-जनक स्थितिबाट आफूलाई बचाउन सक्तछिन् भन्ने दृश्य उपस्थित गरेका छन्। रंगमंचमा सफलतापूर्वक देखाए पछि उनले उक्त तिनै नाटकहरूको रेकर्डिंग (संक्षिप्त रूपमा) गराए।

ऋषिको आशीर्वादले अनि आमाको प्रेरणाले बालक ध्रुवले आफ्नु कठोर तपस्या-साधनाले उच्च आध्यात्मिक विद्या अर्जित गरी अमर ख्याति पाएको कथा-लाई मित्रसेनले ध्रुव नाटक तयार पारी देखाउनमा उनको विशेष उद्देश्य चाहिं हाम्रा बालक-बालिकाहरूको हृदयमा विद्या, विनय, शील उपार्जन निमित्त कठोर परिश्रम वा अविरल साधनाको भावलाई उजाग्र गर्ने प्रयास हुनुपर्छ । उस्तै बाल्य-कालको मित्रताले भावी जीवनमा मानिसलाई केही लाभ अवश्य पुग्छ—कृष्ण-सुदामा नाटकमा उनीद्वारा बालक-बालिकाले साँचो एवं गुनी मित्रको खोजी होशियारीसित गर्नुपर्ने प्रेरणा पाइन्छ । ध्रुव अनि कृष्ण-सुदामा नाटकलाई प्रदर्शित गरे उपरान्त उनले यी दुवै नाटकहरूको पनि उस्तै प्रकारले रेकर्डिंग गराए ।

रेकर्ड नगराउन सकेका थुप्रै नाटकहरू मद्धे मित्रसेनले लेखेका प्रसिद्ध नाटक-हरू हुन्—वीर अभिमन्यु, भक्त प्रह्लाद, भक्त सूरदास, श्रवणकुमार, प्रभुभक्ति अनि कृष्णजन्म इत्यादि । यी जम्मै नाटकहरूमा हाम्रा युवावर्ग एवं बालक-बालिकाहरूमा उत्साह, उमंग, साहस, सहनशीलता, सत्यप्रायणता, प्रभुभक्ति, कलासाधना, बाआमाको सेवा, चरित्रको शुद्धता एवं न्यायप्रियता इत्यादि मान-वीय मूल्यहरूलाई चरितार्थ गरिदिने सामग्री यथेष्ट मात्रामा पाइन्छ ।

दुर्भाग्यवश, मित्रसेनका थुप्रै पाण्डुलिपिहरू समेत उनले संगाली राखेका बहु-मूल्य पत्र-पत्रिका एवं पुस्तक-पुस्तिकाहरू कीरा लागेर, मुसाले खाएर अनि आगो लाग्दा डढेर नष्ट भएको कुरा उनकी धर्मपत्नी वा छोरोबाट थाहा पायौं । धन्य भनौं, बीस-बाइसवटा उनका पाण्डुलिपिहरूलाई सुरक्षित राखिनाले आज मित्रसेन साहित्यको खोज-पड़ताल गर्ने कार्य केही सजिलो भएको छ । उक्त छ वटा नाटक-हरूलाई रेकर्ड गराउनाले उनको आवाज समेत उक्त नाटकका सामग्रीहरू बांचेको छ । उनले रेकर्ड नगराएका नाटकहरू मद्धे प्रसिद्धि पाएका केही नाटकहरूलाई रंगमंचमा यो पंक्तिका लेखकले स्वयं देखेका हुनाले अथवा कतिपय बुज्रुग-हरूसितका भेटवार्ताबाट जानकारी पाएको हुनाले यस पुस्तकमा ती नाटकहरूको उल्लेख गरिएको हो । सौभाग्यले मित्रसेनको एकमात्र बाँचेको कृष्णजन्म नाटकको पाण्डुलिपिबाट हामी उनको नाटक लेख्ने भाव, भाषा, शैलीको केही परिचय पाउन सक्छौं ।

कृष्णजन्म नाटकमा उनले जम्मा बीसवटा दृश्यहरू राखेका छन् । यी मद्धे सातवटा-हास्य दृश्य छन् अनि नाटकको बिचबिचमा प्रार्थना, गीत, नृत्यगान, दोहा, झ्याउरे गीत समेत बीसवटा पद्य-रचनाहरूको समावेश छ । झण्डै बाह्र हजार शब्दमा लेखिएको यो नाटक लगभग तीन घंटासम्मन् खेलिने खालको छ । अन्य जम्मै नाटकहरूमा जस्तै यस नाटकमा पनि उनले गद्य-पद्य दुवै विधाको प्रयोग गरेका छन् । नारद—विष्णु सम्वाद, कंसको दरबारमा कंस-बासुदेव-नारद

सम्वाद, आकाश-वाणी, कारागारमा देवकी-बासुदेव सम्वाद, कृष्ण-राधा-मनसुख सम्वाद, गोवर्धन पूजा, कृष्णबाट देवकी-वसुदेवको मुक्ति अनि कंस-वध इत्यादि दृश्यहरू नाटकमा प्रमुख रूपले छन्। नाटकको चौथो दृश्यको झाँकी, नमूनाको तौरमा यहाँ प्रस्तुत गरे बेस होला—

चौथो दृश्य (कारागारमा देवकीको पहिलो छोरो जन्मेको छ। बालकलाई काखमा लिइ देवकी तिनलाई प्यारो गर्दै छिन्)

बासुदेव (आएर) : प्रिय, अबेला भयो, बालक मलाई देऊ—वचन अनुसार कंसको दरबारमा पुर्‍याउन पर्‍यो।

देवकी : प्राणनाथ !

वसुदेव : प्रिय !

देवकी : के हामी यस बालकका माता-पिता हौं ?

बासुदेव : हौं, प्रिय !

देवकी : होइनौ, हामी यस बालकको माता-पिता होइनौ, बरु बैरी हौं।

बासुदेव : वैरी कसरी भयौं, प्रिय !

देवकी : संसारमा यस्ता माता-पिता कुन् होलान् जसले आफ्नु सन्तानलाई लै जाऊ मार भनी दुष्ट राक्षेसको हातमा देलान् ! बा-आमाले बालकको प्राणरक्षामा त प्राणसम्म पनि दिन्छन्—निर्बललाई बचाउनमा सबै धनधामसम्म दिन्छन्। हामी कायर अनि स्वार्थी, आफ्नै स्वार्थको करले दिँदै छौं आज यो बालक! धिक्कार छ ! मृत्युको डरले !

बासुदेव : हा भगवन्, यो कस्तो दिन देख्न पर्‍यो ! एकतिर बचन भइसकेको हुनाले धर्मदेखि खस्ने डर, अर्कोतिर छोरोको प्रेम र उसको रक्षा गर्नु पनि हाम्रो कर्तव्य हो। कसो गरूँ !

**बचन गरूँ यदि पूरा, पुत्र-प्रेमलाई किच्नु हो**
**तातो दूधलाई आज हेर, थुक्नु न त निल्नु भो—**

देवकी : प्राणनाथ, के विचार भो !

बासुदेव : तिमीले के विचार गर्‍यौ, प्रिय !

देवकी : मैले यही विचार गरें कि म यस बालकको रक्षाको लागि आफ्नु प्राण बरु तजुँला, तर यस प्यारो बालकलाई ब्याधा कंस को हातमा कदापि दिने छैन ।

वासुदेव : तर बचन दिएर पछि सर्नु जस्तो अधर्म त अरु केही छैन् !

देवकी : हो स्वामी, बचन पूरा नगर्नु भारी दोष हो, तर बालकको रक्षा गर्नु पनि आमाको ठूलो धर्म हो। स्वामी, यदि हजुरको विचार यस बालकलाई कंसको हातमा दिनै पर्छ भन्ने छ भने पहिले मेरो प्राण हर्नु होस्—मेरो प्राण छँदासम्म म मेरो सन्तानलाई दुष्ट ब्याधाको हातमा कदापि दिन सक्तिनँ—

**यसलाई मार्नु भन्दा नाथ, बरू मलाईनै मार्नु होस्**
**जहां लियो जन्म यल्ले यसै कोखलाई नास्नु होस्**
**मेरो मनभित्र स्वामी, कति दुखपिर लुकेको छ**
**हेर यस छातीलाई चिरी, यहां छोरो सुतेको छ—**

वासुदेव : प्रिय कसो गरूं, मन त मेरो पनि दुखे कै छ, तर…

देवकी : हा, तर !…तरको त यही अर्थ भयो स्वामी, हजुरले यस बालकलाई अवश्य दुष्टको हातमा दिने मनसुबा गरी बक्सेको छ।

वासुदेव : बचनबद्ध भइसकेको हुनाले कक्रिएको छु प्रिय !

देवकी : हा प्रभु, मेरो बालक !

(बाट्की लागेर बिचेत हुन्छे)

वासुदेव : बसुदेव, यही अवसर बेस होला ! देवकी बिचेत भएर लड्की छिन् ! यसै वेलामा मुटुलाई सारो ठुंगा बनाई बालकलाई लिएर जानु पर्‍यो।

(बालकलाई उठाएर)

हा, सुकुमार बालक, तिमिलाई के थाहा छ कि अलिक छिनपछि दुष्ट कंसले तिम्रो हत्या गर्ने छ। प्रभु, कसो गरूं ! देवकी अलिक छिन पछि उठने छिन्—उस बेला बालकलाई न भेटाउंदा के हाल होला, उसको ! हे निर्दयी बसुदेव ! तेरो के कर्तव्य छ ! जा, जा, छातीमा ढुंगा राखेर बालकलाई लिएर जा !

(बिस्तारबिस्तार, देवकीलाई फर्कीफर्की हेर्दै जान्छन्)

(पर्दा खस्छ)

बैनी र जवाइंलाई वर्षौं कारगारमा थुनिराख्ने अनि तिनीहरूका सन्तानलाई जन्मँदै सार एक एक गरी मारिदिने दुष्ट राजा कंसको अत्याचार आफ्नु प्रजाउपर झन् कस्तो थियो होला! पहिलो छोरोलाई निर्दयी कंसको हातमा सुम्पिदिनु लाग्दा देवकी र बासुदेवको मनोदशा, मुटुको छटपटीलाई मित्रसेनले उक्त दृश्यमा दर्शाउने प्रयास गरेका छन्। कंसको राज्यमा दु:ख-कष्ट, पाप, दुराचार, शोषण एवं अन्याय

बढ़िरहेको समाचार नारदबाट सुनेर भगवान् विष्णु उत्तर दिन्छन्—नाटकको पहिलो दृश्यमा—

**लिनु पर्छ मलाई अवतार जसै बढ़दछ पृथ्वीमा पाप**
**दुष्टैको संहार गरीकन हर्दछु म जम्मै सन्ताप**

नभन्दै कारागारभित्र महाशक्तिको रूपमा भगवान कृष्णको जन्म हुन्छ। अफ्रीकामा छँदा गांधीजीले अहिंसात्मक सत्याग्रहको प्रयोग गरिरहँदा तिनले जेल-को महत्वलाई बुझ्न सकेका थिए। जहिले सम्मन् सत्याग्रहीले जेलको हावा खाँदैन, त्यसमा अन्याय वा अत्याचारको विरुद्ध निरन्तर संघर्ष गरिरहने ताकत पैदा हुँदैन। भारत फर्की आएपछि स्वतंत्रता-संग्रामको संचालन गरिरहँदा उनले हज़ारौं देश-भक्त आन्दोलनकारीहरूलाई जेल जानुपर्ने अनिवार्यता विषय वताए अनि बन्दी-जीवनको भय वा लाजबाट उनीहरूलाई मुक्त गरी कर्मठ शक्तिशाली योद्धा बनाए। जेलको अग्नि-परीक्षामा उत्तीर्ण हुने असंख्य क्रान्तिकारी वीरहरूको कष्टसहन, त्याग वा बलिदानको भावनालेनै देश आजाद हुनसकेको हो—यस कुरामा दुइ मत शायद नहोला। महात्मा गांधीको भित्रीभावलाई बुझिकन मित्रसेनले कृष्णजन्म नाटकको सृजना गरी जनजनमा कारागारको महत्वलाई जनाउने काम गरेको कुरा शायद युक्तिसंगतनै होला। अन्याय वा अत्याचारको सामना गर्नचाहने देशभक्त वा समाजप्रेमी वीरहरूका लागि कारागारनै पवित्र धाम हो, पावन तीर्थस्थल हो, जहाँ भगवान् श्रीकृष्णले जन्म लिएर सधैं भरिका लागि यसलाई ज्ञान, शक्ति अनि प्रेरणाको स्रोतस्वरूप बनाइदिएका छन्।

नाटकका रचयिता, निर्देशक, अभिनेता, संगीतनिर्देशक, हार्मोनियम वादक, गायक, नृत्यनिर्देशक एवं पर्दा बनाउने चित्रकारको रूपमा अनुभवी मास्टर मित्र-सेनले ठूलो ख्याति अर्जित गरेका थिए। कुनै स्थानमा एक्लै स्थानीय कलाकारहरू-लाई तयार पारी सफलतापूर्वक नाटकको चाँजो मिलाउनसक्ने प्रतिभा वा सामर्थ्य उनीमा थियो। मित्रसेन प्रायः भागसू, बक्लोह, एबटाबाद, देहरादून अनि शिलांग-का पल्टनहरूमा तथा पल्टनका छेउछेउ बसोबासो गर्ने गोरखाली बस्तीहरूमा पालपालै जाँदै गर्थे अनि सबैको सहयोग र सहायताले उनी विभिन्न नाटकहरूलाई देखाउँदै गर्थे। उक्त प्रत्येक नाटकमा उनले प्रचुर मात्रामा हास्य-दृश्यलाई बिच-बिचमा स्थान दिन्थे। प्रमुख दृश्यको तयारी पृष्टमा गर्नु पर्दा त्यो जरूरी पनि थियो। तर ती हास्यहरूमा उनी सामाजिक कुरीतिहरूलाई दर्शाउन चाहन्थे। हास्य-दृश्यको भाषा त्यति बेलाको अशिक्षित समाजको अनुरूप अलिक असभ्य प्रकारको हुन्थ्यो। हास्य-सीनको लागि प्रायः दोस्रो नम्बरको पर्दा (स्ट्रीट सीन)को प्रयोग गरिन्थ्यो। जम्माँ पाँच किसिमका पर्दा उनि चलाउँथे—फ्रंटसीन, स्ट्रीट

सीन, प्लेन पर्दा, जंगल-सीन अनि दरबार सीन। हास्य-दृश्यका केही झांकी उक्त नाटकबाट यहाँ उद्धृत गरौं होला—

तेस्रोसीन (लुथरेको घर—लुथरे रूंदै आउंछ)

लुथरे : ऐया बाज्रै, म कता गएर मरूं ! धन-सम्पत्ति भएर के गर्ने ! स्वास्नी गतिली भए पो हुन्छ। इ, कम्मरमा चिरुवा दाउरा बजारेर, रांडीले जोडनी हाड खुस्काएर हल्लु न चल्नु बनाइराखेकी छे। मलाई त केही जति गन्दिन ! छोरो हुंदाहुंदै बुड़ेसकालमा अर्को बिहे गरेर यो फल पाउंदै छु।

(आफूलाई आफै लोपा खुवाएर—)

ला लुथेरे तेरो अक्कल ! बल्ल पायिस् चोट! मन्सुख, ए मन्सुख (छोरोलाई डाक्छ)

मन्सुख : (आएर) हजुर।

लुथरे : मेरो कम्मर मिची दे त बा, साह्रै दुख्दै छ।

मन्सुख : के भो कम्मरमा ?

लुथरे : के हुने नीं, जान्दै नस्, त्यही रांडीले···

सुन्तोली : (प्रवेश गरेर)—अं···छोरोसित दुखमनाउ हुंदै छ—

(मन्सुख भागेर जान्छ, लुथरे डरले थर्थरी कामेर सुन्तोलीलाई हेर्छ)

लुथरे : कसो गरूं तब, तैंले पनि त डंड्याले भांचि दिएकी छेस् त ! अइया, मरें नी आमै !

सुन्तोली : (घुचेटेर) हट, ढांट, केही पनि भएको छैन। काम गर्नु पर्ला भनेर ढांचा पारी राखेको फटाहा बुढो ! चुप्प लागेर पानी लिएर आऊ ! गाग्रो-घड़ाहरू जम्मै रित्तिएको छ, एक थोपो पानी छैन, मैले केले पकाउने हो !

लुथरे : छि, तैंले त्यस्तै गर्छेस् र त मलाई रून मन लाग्छ।

सुन्तोली : थुइया, अहिले रक्सीको गिलास पाए त उफ्रंदै जाने थियौ।

लुथरे : (हांसेर) ही, ही, ही, छ भने देन कान्छी, एकै तुर्का, गाइखाने, म जम्मै गाग्रो सकी नसकी भरिदिउला।

सुन्तोली : (लोपा खुवाएर) लौ, खालौ, रक्सी ! नौकरी-चाकरी केही छैन। दिनभरि हल्लेर घरघर हिंडनु, ताश-थर्की र जुवामा दिन काट्नु अनि चौबीस घंटा नशामा झुली रहनु ! त्यही हो मर्दको काम ! स्याबास, तिमी जस्तै हुन् संसारमा जातिको नाम बदनाम गराउंदै हिंडने ! (घडा ल्याएर) जान्छौ कि जान्नौ, पानी लिन ! (चिरुवा दाउराले हान्न खोज्छे)—

दुइवर्ष अघि ठाकुर चन्दनसिंह, खड्गबहादुरसिंह विस्ट एवं दुर्गामल्ल इत्यादि देशभक्तहरू सम्बन्धमा केही खोज-सामग्री उपलब्ध गर्ने इरादाले देहरादून जाँदा नेहरू ग्राम निवासी बल्लभ-परिवारबाट मित्रसेनको प्रभुभक्ति नाटकमा प्रयुक्त 12 पेजी गीत-संकलन पुस्तिका (1940मा प्रकाशित)को एक प्रति हस्तगत भयो। यसको भूमिकामा पुस्तिका-प्रकाशक पं. वेदवल्लभज्यू लेख्नु हुन्छ—'नेपाली भाषा का प्रसिद्ध मास्टर मित्रसेनले लेखेको वा इस्टेज गराएको यस ड्रामा (प्रभुभक्ति) मा पनि भाषा प्रचार बाहेक जातिको भलो निमित्त अनेकानेक धर्म उपदेशका कुराहरू सुहाउंदो ढंगले राखिएको छ। हामी मित्रसेनज्यूका कृतज्ञ छौं।' छोटकरीमा उक्त नाटकको परिचय दिंदै उनी लेख्नु हुन्छ—'उहिले सत्ययुगमा महाराज नागभागका जेठा छोरा अम्बरीष साहै ईश्वरभक्त थिए। तपस्वी दुर्वासाको रिसडाहले गर्दा अम्बरीषले असाध्यै दुःखकष्ट भोग्नुपर्दछ अनि अन्तमा अम्बरीषलाई भस्म गर्न भनि दिव्य अग्नि प्रज्जवलित गर्दछन् तर त्यसै अग्निबाट सुदर्शन चक्र निस्केर दुर्वासालाई लखेटन लाग्छ—ब्रह्मा-शंकर अनि विष्णु धरीले उनको रक्षा गर्नु सक्तैनन्—आखिरमा उनी हार मानेर अम्बरीषसित गई क्षमा-याचना गर्दछन्। खेल (नाटक) ले दर्शाउंछ कि रिस-डाह गर्ने अभिमानीको अन्तमा पराजय अनि प्रभुभक्त-प्रेमीको जय नै हुन्छ।' उक्त पुस्तिकामा संकलित 28 वटा भजनगीतहरूमद्धे दुइचारवटाका केही अंश यहाँ उद्धृत गरिन्छ—

भजन-प्रार्थना (अम्बरीषद्वारा)

**बिरानो मलाई न ठाने प्रभु, तिमी होइन अरू म होइन अरू**
**तिमी जौना हो उही म पनि हुं, तिमी होइन अरू म होइन अरू**
**तिमी हौ गोपाल म गोठाला हुं, तिमि साँचा हौ म ताला हुं**
**तिमी राममंत्र म माला हुं, तिमी होइन अरू म होइन अरू**

(राग भैरवी/ताल कहरवा)

अर्को भजन—

**हरि राम चरण चित लाऊ**
**उनैको शरणमा जाऊ**
**मधुर मधुर गुण गाऊ—**
**न बिर्से मित्र,**
**यो माया भित्र,**
**जगत छ विचित्र—**
**ध्यान भजनमा जमाऊ**
**हरि राम चरण चित लाऊ**

(शुद्ध कल्याण/कहरवा)

अनि अर्को भजन (नृत्यगान)—
आदि भवानी जय जग जननी माता दुर्गे
संकट हर्ने अन्न-धन भर्ने माता दुर्गे
चण्डी चामुण्डा तिमी भैरवी शक्ति
चराचर सबलाई दिन्छौ मुक्ति
त्राहि त्राहि हे महा महातारी
निर्बल मित्रलाई तारन पारी
(भूपाली/तीन ताल)

हास्य गीत (नास्तिक घन्टाकरणको)

सब भन्दा ठूलो दाम जगतमा, सब भन्दा ठूलो दाम
जो संग छैन दाम उसको, लिदैनन् कोही नाम—
लुत्रेझुत्रे डांग्रे-भांग्रे, धनले पाउँछन् मान
काने-कोच्चे बांगे पनि, पाउँदाछन् सम्मान
लाटा-सुधा थाङ्ने मांगने, बन्दा छन् प्रधान
धनले गर्दा खरको छाप्रो, बन्छ महल समान
जो संग छैन दाम उसको, हुन्छ नाम बदनाम
जगतमा सब भन्दा ठूलो दाम—
(राग विहाग/कहरवा ताल)

अनि अर्को हास्य गीत (घरको नोकरको)—

हेर, पेटको झिजोले मार्‍यो मलाई
कहिले रित्तो हात, कहिले मुड्कि लात
नभात नसात, त्यसै जिभ्रो लगाई—
कहिले एता आ, कहिले उता जा
कहिले मारखा, भनुं दुःख कल्लाई—
पेटको झिजोले मार्‍यो मलाई—
(विहाग/दादरा)

सन् 1926 देखि 1932 को दौरानमा उर्दू-हिन्दीको नाटक-प्रदर्शनीको अनुभवबाट खारिएका मित्रसेनले 1936 देखि 1945 सम्मका बिचमा अनेकानेक नाटकहरू नेपाली भाषामा लेखेर, तयार पारेर सफलतापूर्वक रंगमंचमा देखाए अनि केही ग्रामोफोन रेकर्डसम्म भर्नु लगाए। यी नाटकहरूको माध्यमबाट उनले

भारतीय संस्कृतिको प्रचार-प्रसार तथा तत्कालीन सामाजिक कुरीतिहरूलाई कलात्मक ढंगले प्रस्तुत गरेर समाज-उत्थान वा समाज-सुधार कार्यहरूमा ठूलो योगदान दिए। कथा-वाचन अथवा गीत-भजनका कार्यक्रमहरू भन्दा उनलाई नाटक-प्रदर्शनीबाट नै विशेष आत्म-तुष्टि प्राप्त हुन्थ्यो किन भने यसद्वारा उनी, गायन, संगीत, नृत्य, अभिनय इत्यादि कलाका प्रायः जम्मै अंगहरूको अभिव्यक्ति गर्न पाउँथे साथै आँखाले हेरेर वा कानले सुनेर जनजनको मनमा गहिरो छाप पर्न-जाने असल माध्यम केवल नाटक हो भन्ने दृढ़ आस्था-विश्वास उनको थियो। ठूलो परिश्रम गरेर उनले प्रत्येक नाटकको प्रत्येक दृश्यलाई प्रभावशाली बनाउने प्रयास गर्थे। कुनै नाटकलाई लेख्नमा उनलाई दुइ महिना जतिको समय दरकार थियो भने पर्दा बनाउनबाट लिएर रिहर्सल उपरान्त उसलाई रंगमंचमा उतार्नसम्ममा उनले अझ दुई महिनासम्म दिनरात मिहिनेत गर्थे—यहीनै थियो उनको सफलता र ख्यातिको रहस्य। नाटक-प्रदर्शनीबाट बालक-बालिकाको चरित्रलाई निर्माण गर्ने, युवावर्गमा उत्साह वा साहस भर्ने तथा नारीसमाजलाई सोझो मार्ग देखाउने आकांक्षा वा प्रयास मित्रसेनको थियो।

# 8. निबन्ध

गायक, नाटककार वा धर्म उपदेशकको रूपमा ठूलो यश-सम्मान अर्जित गरिसके पछि मित्रसेनले प्रचार-भ्रमणको दौरानमा सन 1940 सालमा देहरादून छँदा आफ्नु पहिलो निबन्ध पुस्तिका—हितको कुरा लेखी तयार पारे अनि 1941 मा उनले आफू बिरामी अवस्थामा हुँदा बिस्तरामा पल्टेरनै उन्नतिको सांचा अर्को निबन्ध-पुस्तिका लेखे। उनीद्वारा रचित गहिरो खोज (निबन्धमाला), मित्रको डायरी अनि रीडी-तीर्थस्थलको रचनाकाल 1944 हो जुन्ताक उनी आफ्नु अन्तिम प्रचार-भ्रमणको सिलसिलामा नौतूना, गोरखपुर आदि स्थानहरूमा गएका थिए।

हितको कुराको भूमिकामा उनी लेख्छन्—"देहरादूनमा भएका धर्म-उपदेशलाई लेखी छाप्नु पर्छ भनी अनुरोध यहांका धेरै जना प्रेमी दाजुभाइहरूले गरेका हुनाले, सबैका हितका लागि यो सानो पुस्तक 'हितको कुरा, सेवामा चढ़ाउँदै छु।" यस पुस्तिका (अप्रकाशित) मा कृतज्ञता, अभिमान निषेध अनि प्रेम शीर्षकका तिनवटा लामालामा लेखहरू छन्—झन्डै दस हजार शब्दमा। उक्त प्रत्येक निबन्ध मा लेखकले प्रसंग-विषयलाई राम्ररी सम्झाउन भनी तरहतरहका लघु-कथा कवितादिको समावेश गरेका छन्। परिचयार्थ 'कृतज्ञता' लेख (2000 शब्द) को संक्षिप्त नमूना यहाँ उद्धृत गरे वेस होला—

'हे मित्र, आफूउपर उपकार गर्नेको उपकारलाई कहिले न बिर्सनु, सधैं कृतज्ञ भइरहनु। परमात्माले हामीलाई यो अमूल्य मनुष्य-देह प्रदान गरेको छ। प्रकृतिले सूर्य-चन्द्र अनि अनगन्ती ताराहरूलाई उत्पन्न गरी संसारलाई सजाएको छ—नाना थरिका फलफूल वा अन्न-धनले यसलाई सुसम्पन्न पारेको छ। हिउँ—वतास, खोला-नाला, छहरा-पखेरा, बन-उपवन पशु-परेवा यी जम्मैको हामीउपर ठूलो उपकार छ। अत: प्राण रहुन्जेल आफूले सकेसम्मन् धेरथोर परोपकारका कार्यहरू गरिरहेदेखि मात्र हामी उपर भइरहेका अनेकानेक उपकारहरूको बदला चुकाउन अथवा रिनतिर्न सक्ने छौं। यही नै वास्तवमा कृतज्ञता जताउनु हो। कृतज्ञ मानिस अकासमा छाएको बादल सरि हो। पृथ्वीमा अमृतजल बर्साएर उसले सुख-समृद्धि को वृद्धि गर्दछ। यो विपरीत, कृतघनीको हृदय बालुवा मात्र भएको मरुभूमि समान

हुन्छ। स्वार्थ, लोभ र अभिमानले गर्दा त्यस्ता मानिस संसारका जम्मै मानसम्मान वा धनवैभवलाई समेटेर-सोसेर-चूसेर आफ्नै स्वार्थसिद्धितिर लागिरहन्छ। सधैं संसारको उपकारतर्फ मन लाउने अनि आफ्नु उपकार-कर्तालाई कहिले नबिसने मानिसले इहलोक वा परलोकमा शान्ति अर्जित गर्दछ।···कतिकति खेर उपकारको कुनै कार्यले हत्यारा—डांकूसम्मन्‌को मनमा गहिरो प्रभाव पार्न सकेको किस्सा-कहानी हामीले सुन्दै आएका छौं—यस्तै एउटो कथा मसूद—(पठान) डांकूको सुनेका थ्यौं—(छोटकरीमा)—

पठानहरूको मुलुकमा काम गर्ने एउटो खजान्ची (सन्तराम) एकदिन काम वेसी हुनाले अलिक अवेला, झुलमुल अंध्यारो हुने बेलामा घर फर्किरहेको थियो। बाटोमा दाउ खोजी वसेको मसूद डांकूको हातमा त्यो परिहाल्यो। मसूदले बन्दूक-नाली त्यसको छातीमा अडाएर भन्छ—तेरो पासमा जति रुपियां छ, यहां राखी दे अनि मर्नुको लागि तयार भइ जा! तेरो केही अन्तिम इच्छा छ भने पनि भन्, म अवश्य पूरा गर्ने छु। सन्तरामले भन्छ—मेरो जहान-केटा-केटीको हेरचहार गर्नु होला भनि मेरो दाजुकोमा, म मारिएको समाचार पुर्‍याउने चांजो मिलाइदिनु। नाम—ठेगाना? उनी डेरा इस्माइलखांमा डाक्टरी दोकान गर्दछन्—नाम हो मंगुलाल। मंगुलालको नाम सुन्दैमा त्यो कठोर हृदयी पठान थर्थरै काम्न लाग्यो, बन्दूकलाई तल राखेर बारम्बार आफ्नु नाकलाई तेल्ले भुइमा रगेट्‌न थाल्यो। सन्तराम, तैले मलाई दोजख (नर्क) मा जानदेखि बचायिस्—केही वर्ष अघि डाक्टर साहेबले छ महीनासम्मन् मेरो इलाज गरी मलाई मर्नदेखि बचाएका हुन्। उनको उपकारलाई म जीवनभरि बिर्सनु सक्तिन। कम्मरमा घुसारीसकेका नोटका विटा झिकी सन्तरामको हातमा थमाउँदै मसूद भन्छ—मैले गरेको दुर्व्यवहार प्रति मलाई मुआफ गरिदिनु!...

पशुवत जीवन व्यतीत गर्ने खुनी डांकूले धरी अर्काले लाएको उपकारको गुन-लाई बिर्सदैन भने हामी सभ्य कहाउने पढेलेखेका मानिसले कृतज्ञताको महत्वलाई खुबै राम्ररी बुझ्नु पर्दछ। हे मित्र, अर्काले लाएको उपकारलाई सधैं याद राख्नु।"

पहिलो निवन्ध-पुस्तिकाको उक्त प्रथम लेखद्वारा मित्रसेन ईश्वर प्रति साथै आफ्ना असंख्य प्रेमी श्रोताहरूको सहयोग-सहायता प्रति विनम्रतापूर्वक कृतज्ञता जनाउन चाहन्थे हुन्।

'अभिमान निषेध' (4500 शब्द) शीर्षकको लेखमा उनी लेख्छन्—केही अंश—

'हे मित्र, अभिमानले मानिसलाई माथि उठाउनको सट्टा तल झार्दछ। अभिमानले गर्दा त्यसले मलाई त्यस्तो किन भन्यो? त्यो जाबो सानो, म ठूलो; म बाठा, त्यो लाटा—इत्यादि मिथ्या विचार मनमा रहन्छ। अभिमानको जालोमा उनिएर संसार नर्क समान भइ सकेको छ। अभिमानको परिणामस्वरूप सबै

थोक गुमाइसकेपछि मात्र होश आयो त के आयो भन्नु—वाख्रोको उदाहरण जस्तै—(छोकरीमा)—

**वाख्रोले मैंनै हुँ श्रेष्ठ भनेर म्याम्यां गर्दछ**
**टेर्दैन कसैलाई हेर सिंग उध्याएर चर्दछ**
**धस्यो छुरा कसाइले घांटीमा कठै जसै**
**झनै जोरले मैं मैं गर्छ रेटिन्छ घांटी जसै—**
**आन्द्रा लग्यो गाइनेले दुइचार पैसा हालेर**
**तांद्रो बनाउन भनेर सुकायो घाममा तानेर**
**कसी तांद्रो सारंगीमा गजले ज सै रेट्दछ**
**मैं मैं का सट्टा तिमितिमि, बल्ल तेल्ले भन्दछ—**

कागजको फूल हेर्दामा रहर लाग्दो हुन्छ तर त्यसमा बासना भनेको पटक्क हुंदैन। हो यस्तै, अभिमानी मानिसको व्यक्तित्व हुन्छ—बाहिरबाट हेर्दा चम्चमाउँदो तर भित्र भने घृणाद्वेष वा चिन्ताशोकले खोक्री सकेको—रित्तिसकेको। त्यस्ताले जीवनमा सुखशान्ति नपाएर कदमकदममा निराशा-अपमान वा पराजयको सामना गर्नु पर्दछ। अभिमानी मानिस छोटो बुद्धिको, अदूरदर्शी हुन्छ। अभिमानले गर्दा दुर्योधनले श्रीकृष्णको सेनालाई लिन मन पराए तर विनम्र अर्जुनले एक्लो श्रीकृष्णलाई मात्र रोजे। फल भएको रुख निहुरिएको हुन्छ; बाला लागेर जसै धान पाक्दै जान्छ उसै त्यो निहुरँदै जान्छ; निहुरिएपछि मात्र इनारबाट पानी झिकी तिर्खा मेट्न सक्तछौं; अग्ला चुचुरामा पानी बस्दैन बरु तल खाडलमा मात्र अमृत-जल पाइन्छ। निराभिमानी विनम्र मानिसको दिलभित्र नै पवित्र प्रेमले निवास गर्दछ—समाजप्रेम वा देश प्रेम अनि मानव प्रेम। यसैले हे मित्र, अभिमानलाई त्यागी विनम्र बन—मात लागेको अभिमानी हुरी—बतास न बनेर, बिहानपखको मिठोमधुर शीतल हावा बन !"

बा-आमाको असल सस्कारले अनि आफ्नु अविरल तप-त्याग र सेवा-साधनाले गर्दा मित्रसेन एकदमै सरल वा शान्त स्वभावका विनम्र व्यक्ति थिए। उनी अभिमानलाई समाज, देश वा मानव मात्रको लागि अत्यन्तै हानिकारक दुर्गुन समझन्थे।

'हितको कुरा' को अन्तिम निबन्ध 'प्रेम' (3500 शब्द) मा मित्रसेन लेख्छन्—(छोटकरीमा)—"हे मित्र, प्रेम नै संसारमा सर्वश्रेष्ठ वस्तु हो। प्रेममा आनन्दै आनन्द छ। संसारलाई वशमा गर्ने कुनै मोहनी-मंत्र छ त प्रेमै छ। हे प्रेम देवता, तिमी हाम्रो हृदयमा बास गर, तिम्रो वास न भए संसारमा हाम्रो कल्याण छैन। जतासुकै काटमार, हानाहान, एउटोले अर्कोलाई च्यापेर आफू ठूलो बनू भन्ने

भाव संसारमा वढिरहेको छ। सांसारिक प्रेममा वल्झनेहरूमा स्वार्थमात्र देखा पर्दछ। प्रेम भन्नु केटाकेटीको खेल होइन। प्रेमलाई पाउनका लागि प्राणको मायां-सम्मन् मार्नुपर्दछ। धन-द्रव्यइष्टमित्र—लोकलाज इत्यादिलाई त्यागेर भारी उद्योग गर्दा पनि यो प्रेम कसैकसै ले मात्र प्राप्त गर्न सक्तछ। प्रेम-पथमा—

**लाछे बिलासे र गांसे र दासे—**
**बेविश्वासेको छैन केही काम—**
**कांचा न सांचा न ढांचा भएका—**
**आधा नै बाटोमा खुस्कन्छ प्राण—**

ग्वालेनीहरूले, भगवान कृष्णको कपाल दुखेको औषधि आइमाइको खुट्टाको धूलो भनि वताएको सुनी, एउटो च्यादरमा आफआफ्नो खुट्टो टक्टक्याई—धूलो पोको पारी—नारदको हातमा थमाइदिएको पौराणिक कथाभित्र तिनीहरूको पवित्रप्रेमको झलको पाइन्छ। पंजाबका सूफी सन्त बुल्लेशाहसित एक जना मानिसले परमात्मालाई प्राप्त गर्ने उपाए सोधे। त्यतीबेला आफ्नु फुलवारीमा काम गरिरहेका बुल्लेशाहले एउटो फूलको बुट्टालाई उप्काएर अर्को ठांउमा सार्दै जवाब दिन्छन्—

**के छ र अप्ठ्यारो ईश्वरलाई पाउनु**
**यतादेखि उप्काई उतातर्फ लाउनु—**

अर्थात, सांसारिक प्रेम (मोह) बाट मनलाई हटाई (उप्काई) ईश्वर-प्रेमतर्फ लाउनु नै ईश्वर प्राप्तिको एकमात्र उपाए हो। प्रेमकै वशले गर्दा रामले शबरीको जूठो बयर मज्जासंगले खाए अनि कृष्णले विदुरको सागपात खुसी मानी ग्रहण गरे। बालमित्र सुदामा आउनु भएको छ भन्ने समाचार सुन्नासाथ प्रेमवश भगवान कृष्ण--

**सुदामा, सुदामा भन्दै बाहुला झैं**
**दगुरे थर्की फाली जहांतहिं**
**ढोकामा आफै पुगेर रमाउँछन्**
**अंगालो हाली हरि रुनु थाल्छन्**

अढाइ अक्षरको यो प्रेम नै संसारमा सर्वश्रेष्ठ वस्तु हो। प्रेमले यो लोक अनि परलोक दुवै सुध्रन्छ। यसैले हे मित्र, प्रेमलाई अंगाल, प्रेमलाई हृदयमा बसालि-राख !"

समाजको हितलाई मध्यनजर राखी मित्रसेनले लेखेका उक्त तिनै निबन्धहरूमा विशेषतयः जनसेवकहरूलाई ठूलो प्रेरणा वा मार्गदर्शन-सामग्री प्राप्य छ होला।

अर्को पुस्तिका 'उन्नतिको सांचा' मा मित्रसेनले दुइवटा निबन्ध 'सुशीलता' (6500 शब्द) अनि 'समयको उपयोगिता' (3500 शब्द) विस्तारपूर्वक लेखेका छन्। यसको भूमिकामा उनका उदगार—"युवावर्ग नै समाजका खाम्वा हुन्। जुन् समाजका युवाहरूको शारीरिक- मानसिक वा आध्यात्मिक (नैतिक) अवस्था राम्रो छ, त्यस समाजले अवश्यै उन्नति गर्ला। हाम्रा प्यारा युवावर्गको मार्गदर्शनका लागि यो सानो पुस्तक 'उन्नतिको सांचा' चढाउँदै छु···" 'सुशीलता' निबन्धमा उनको विचार, संक्षेपमा—

"हे मित्र, असल आचरण राख्ने वा मिठो वचन बोल्ने सुशील मानिसले संसारमा जहां-जता वसोवासो गरे पनि उसलाई कसैको रोकटोक हुंदैन।···जिभ्रोमा विष र अमृत दुवै रस समाएको छ। सुशील मानिसले सधैं मिठो बचन बोलेर सफलता रूपी अमृतरसलाई चाख्दछ। अनि दुर्वचन वोल्नेले जीवनमा हमेशा दुख र क्लेशरूपी विष भेटाउंछ। नरहरिशाह अनि द्रव्यशाह दुइ भाइका बिच खुकुरी ताकाताक भइरहेको वेला, राजमाताले दुवै छोरालाई मिठोमधुर बचनले सम्झाएर शान्त पार्न सकिन्। मिठो वचनले कस्तै रिसाह, कस्तै घमन्डी अथवा कस्तै मूर्ख मानिसको मनमा असल प्रभाव पार्दछ। लक्ष्मणको तिखो वचनले परशुरामको रिस अझ वढती भयो, तर रामको विनम्र मधुर बचनले मुनि शान्त हुन सके। फारसीका एक कवि भन्नु हुन्छ—नशीरीं ज़बानी व लुत्फोखुशी, तवानी केह पीले बमुए-कशी—अर्थात, मनलाई आनन्दित तुल्याउने मिठो बचनले गर्दा बलवान हात्तीलाई कपालको रौंले वांधेर डोर्‍याउन सकिन्छ।···

मिठो वचन अनि असल आचरण उन्नतिको सांचा (चावी) हो। तर मनमा अर्कै अनि मुखले अर्कै कदापि हुनुहुंदैन। उर्दूका एक जना शायरको अनुसार—हक़ीक़त में इन्सां वही एक है, जिसकी ज़ुबां और दिल एक है—मन अनि बचनमा साथै आचरणलाई पनि एक रूपता प्रदान गर्ने मानिसनै सांचा इन्सान हुन्। सुकदेव मुनि, महात्मा बुद्ध एवं हज़रत ईसामसीह इत्यादि अनेकानेक महापुरुषहरूको जीवन हाम्रो मार्गदर्शनका लागि पर्याप्त छ। विच्छुले आफ्नु टोक्ने स्वभावलाई छोड़दैन भने मनुष्यले आफ्नु परोपकारी आचरणलाई किन छाडिदिने! कसैले जति सुकै गालीमुखाली गरे तापनि सुशील मानिसले आफ्नु शान्त-गम्भीर स्वभावलाई कदापि त्याग्दैन। सलीव (फांसी) मा झुन्ड्याउन लाग्दा पनि विरोधीहरूको भलो निम्ति अन्तिम प्रार्थना गर्नु असल आचरणको पराकाष्ठा हो––एक ज्वलन्त नमूना हो। यसैले हे मित्र, मिठो बचन बोल्ने अनि असल आचरण गर्ने अभ्यास आजीवन गर्दै रहनु। यही सुशीलताको कसी हो—चिनो हो—अनि सुशीलताबाट नै जीवनमा प्रगतिको मार्ग खुलस्त हुन्छ—सुशीलता नै उन्नतिको सांचा (चाबी) हो।"

मित्रसेनका निबन्धमा समाज उत्थानको विचार-भाव प्रचुर मात्रामा पाइए तापनि उनले प्रायः प्रत्येक लेखको आरम्भमा अथवा बिचबिचमा 'हे मित्र' भनी सम्बोधन गरेको तथ्यबाट शायद यही निष्कर्ष निकालौं होला कि उनले आफ्नु निजी अनुभवको आधारमा लेखेर आफूलाई समेत सतर्क राख्ने भावनाले नै 'मित्र' शब्दको प्रयोग स्थान-स्थानमा गरेका हुन् । यसरी उनका निबन्ध विचारात्मक एवं निजात्मक दुवै स्तरको हुनु पर्छ । 'उन्नतिको सांचा'मा परेको उनको अर्को निबन्ध 'समयको उपयोगिता' बाटका केही अंश पनि यहाँ उद्धृत गरौं होला—

"हे मित्र, समय अन्मोल वस्तु हो । अतः समयलाई त्यसै खेर फाल्नु हुंदैन । समय एक पटक उम्केदेखि फेरि कदापि फेला पर्दैन । उर्दूको एक शायर लेख्नु हुन्छ, गया वक़्त फिर हाथ आता नहीं, लगाता रहे आस्मां व ज़मीं—जुन् समय हाम्रो हातमा छ, त्यसको भरपूर उपयोग गरी सफलता हासिल गर्नु पर्दछ । अल्छेले आफ्नै उद्धार गर्न सक्तैन भने उसबाट देश वा समाजको भलो हुनसक्ला भन्नु व्यर्थ कुरो हो । एक मिनेटको ढिलाइले गर्दा रोगीको ज्यान खुस्कन वेर लाग्दैन । हनुमानले संजीवनी बूटी ल्याउनमा अलिकति पनि अबेर गरेको भए लक्ष्मण बांच्ने थिएनन् । नेपोलियनले आफ्ना इंजीनियरहरूको निराशाजनक सल्लाह मानेर समयगुमाइदिए को भए एल्पसलाई नाघी रोम विजय गर्ने उसको सपना पूरा हुने थिएन । अभिमन्युले आफ्नु प्राणलाई संकटमा हालिकन चक्रव्युह तोडने फैसला समयमा नलिएको भए पाण्डवहरूको पराजय निश्चित थियो । अमरसिंह थापाले समय (अवसर) लाई मात्र कुरिबसेको भए गोरखालीहरूको वीरता र साहसले विश्व-इतिहासमा स्थान पाउने थिएन । नेलसनले समयको महत्त्वलाई बुझी झट्ट आक्रमण न गरेको भए इंगल्यांडको इतिहास शायद अर्कै पाराले लेखिने थियो ।···

हे मित्र, जीवनमा उन्नतिको चाहना गर्ने हो भने अथवा समाज वा देशलाई प्रगति पथतर्फ अग्रसर गराउने हो भने मानिसले आफ्नु मुटुभित्रको समस्त साहसलाई बटुली यथेष्ट कार्यको सफलता निम्ति तुरुन्तै हाम फाल्नु पर्दछ अनि निरन्तर प्रयास-परिश्रम गर्नु पर्दछ ।···

एक जना मामुली क ख र जान्ने बिगुलेले फुर्सतको समयमा जांडरक्सी पिउनु, गफा गर्न,ताश-जुवा खेल्न अथवा रोदी गाउनतिर न लागेर अंग्रेजी सिक्ने अनि ठीक निशाना ताक्ने अभ्यास गर्न थाले । देख्दादेख्दै तिनले सुबेदारको दर्जासम्म हासिल गर्न सके । उस्तै एकजना सिपाहीले फुर्सतको समयमा चित्रकारीको अभ्यास गर्थे··· आठ दस वर्षको कडा मिहनतले गर्दा तिनी एक प्रसिद्ध चित्रकारको रूपमा विकसित हुन सके ।··· प्रकृतिले प्रत्येक मानिसलाई केही न केही विशेष गुन प्रदान गरेकै हुन्छ । आफ्नु त्यो गुनको खोजी गरी एकाग्र मनले अविरल लागि रहे एक न एक दिन अवश्यै सफलता पाइन्छ । जसले समयको टुपिलाई समातेर काम लिनु

जान्यो, त्यहि मानिस बुद्धिमान हो, त्यस्ताले नै जीवनमा उन्नति गर्न सक्तछ। हे मित्र, सांचा नै समयको सतोपयोग पनि उन्नतिको सांचा हो।"

बाजेबजै वा बा-आमा सबैले आफ्नु शाखा-सन्तानको भलोका लागि अथवा उनका उन्नतिका लागि दिलैदेखि चाहना गर्दछन्। प्रत्येक युवाहृदयमा पनि आफ्नु जीवनलाई सार्थक बनाउने भाव-विचार वा सपना विद्यमान रहन्छनै। यो मूल मनोवैज्ञानिक तथ्यलाई बुझेर होला मित्रसेनले हाम्रा युवावर्गका पथप्रदर्शनका निमित्त उक्त निबन्ध 'सुशीलता' एव 'समयको उपयोगिता' सृजित गरेका। "ध्यान पूर्वक बाच्नेलाई यस पुस्तिकाबाट केही न केही लाभ अवश्यै पुग्ला" भन्ने मित्रसेन-को भनाइ ठीकनै ठहरिन्छ।

मित्रसेनको तेस्रो निबन्ध-पुस्तिका गहिरो खोज (10,000 शब्द) मा उनले केही आध्यात्मिक वा नैतिक विषयहरूको व्याख्या बेग्लाबेग्लै शीर्षकहरूमा गरेका छन्—जस्तै—परमात्मा विचारशक्ति, वादविवाद, मृत्यु, शोक, उद्योग, धैर्य, सन्तोष, चित्त, चोखो मन, दया, नम्रता, अहंकार, क्रोध इत्यादि। यसको भूमिकामा उनी लेख्छन्···'यी लेखिएका कुरा मात्र सत्य हुन् भन्नु शायद भूल हो, सत्यको सांचा (चाबी) मान्छेको हातबाट टाढा छ—फगत आफ्नु जीवनमा अनुभव गरिएका, अध्ययन गरिएका अथवा प्रयोग गरिएका केही खोज-सामग्री यहां चढ़ा-उंदै छु—त्रुटि भएमा क्षमा-याचना।"

उक्त निबन्धहरूको संक्षिप्त परिचय—

"हे मित्र, दिनमा सूर्यको उज्यालोले गर्दा अकासमा ताराहरू नदेखिए तापनि ती ताराहरू त्यहां विद्यमान छन् भन्ने कुरामा कसैलाई शंका हुंदैन भने यस सृष्टि-लाई रचाउने सर्वशक्तिमान निराकार परमात्माको अस्तित्व बारेमा शंका मान्नु उचित ठहरिंदैन। अतः श्रद्धापूर्वक परमात्माको भजन-ध्यान गर—कृतज्ञ भएर अश्रुधार बगाउंदै उसको अस्तुति-पूजा गर अनि सधैं परोपकारका कार्य गर्दै रहनु पर्छ। तब मात्र यो जीवनमा सुखशान्ति वा आनन्द पाइन सम्भव हुने छ।··· हे मित्र, विचारशक्तिबाट नै मनुष्य अन्य जम्मै प्राणीहरूमा श्रेष्ठ मानिएको छ। कमाउने, खाने र सुत्ने काम त पशुले पनि गर्छ। मानिसले गर्नु पर्ने काम त हो संसारको भलो चिताउनु अनि अर्काको भलो गर्नु। परोपकारका कार्य गर्दै गयौं भने हामी जीवनको मन्जिलमा अवश्य पुग्ने छौं। हाम्रो लक्ष्य हो—जीवन छंदैमा ठूलो आनन्द अथवा शान्ति प्राप्त गर्नु। विचारशक्तिको प्रयोग उचित ढंगले मात्र हुनु पर्दछ।···हे मित्र, संसारमा भिन्दाभिन्दै प्रकारका कइयन मतमतान्तरहरू छन्—तर सार-रस जम्मैको एउटै छ अर्थात—मानवमात्रको कल्याण—विग्रिजा, भक्ति जा त कसै धर्मले भन्दैन। हाम्रो धर्म नै असल हो अनि अर्काको धर्म हीन हो भनि वादविवाद गर्नाले संसारमा झगड़ा-फसाद अनि अशान्ति फैलिन्छ। वादविवादको

कुरामा पर्नु भन्दा बरू शान्तचित्तले सत्यको खोजीतिर मनलाई लगाउनु उचित कुरो हो ।···

हे मित्र, ससारमा जन्म लिएपछि एक दिन अवश्यं मर्नुपर्दछ । मृत्यु जीवनको अन्तिम जांच हो । धेरै वर्षसम्म व्यर्थमा बांचिरहनु भन्दा कम्ता उमेरमा संसारको उपकार गरी मर्ने मानिस धन्य हो । मृत्युलाई सधैं सम्झी बस अनि जीवन छंदैमा शुभ कार्यहरू गर । यस्तो गर्नाले मर्दा मनमा शान्ति रहला ।···हे मित्र, प्रिय वस्तुबाट नै शोक उत्पन्न हुन्छ । जुन् मानिस मोहको बन्धनमा न बांधिइकन निरासक्त भएर संसारमा विचरण गर्दछ, उसैले शास्वत शान्ति अर्जित गर्दछ । जसले जीवन छंदैमा घृणा-द्वेष, कामक्रोध आदि शत्रुहरूलाई जितिसकेको छ—उसलाई न त शोकले सताउंछ न कुनै प्रकारको भयले ।···

हे मित्र, बितिसकेको बात बारे चिन्ताशोकमा न परी एवं भविष्यको सुखद कल्पनामा समय बर्बाद न गरी मानिसले वर्तमानलाई सोझ्याउनका निमित्त ठूलो उत्साहले उद्योग-परिश्रम गरिरहनु पर्दछ । प्रकृतिले सूर्य-चन्द्रमा-तारा-हावा-पानी वा पशुपक्षी जम्मैलाई गतिशीलता प्रदान गरेको छ भने, मानिसले उद्योग-धंधा नगरी त्यसै बसिबसिकन दिन बिताउनु उचित कुरा होइन । यसैले उद्योग गर, परीश्रमी बन । यसैले गर्दा देश-समाज एवं आफ्नो वा आफ्नो परिवारको भलो हुन जान्छ । हे मित्र, जीवनमा दुःखसुख त लागे कै छ । धैर्यवान मानिस नै सांचा साहसी वीर हो । अनेकौं दुःखकष्टलाई सहेर उ अघि बढदछ अनि आफ्नु भाग्यलाई उसले आफै बनाउंद छ । दुःख परेमा आत्तिनु हुंदैन अनि सुख पाएमा उत्तालिनु हुंदैन—दुवै अवस्थामा धैर्यलाई धारण गरि राख्नेले जीवनलाई सार्थक तुल्याउंदछ ।···हे मित्र, खुबै मिहनत गरेर सात्विक कमाइ गर अनि जे जति प्राप्त हुन्छ, त्यसैमा सन्तोष राख । सन्तोषी मानिसको मन सधैं प्रसन्न रहन्छ । थोरैमा सन्तोष मान्नु अनि शान्तिपूर्वक जीवन बिताउनु नै बुद्धिमानी हो । धेरै धन थुपारेर चिन्ता-तृष्णा-लोभ-डाह-रिसको वृद्धि हुन्छ । असन्तोषी मानिस संसारमा दुःख-भय-हिंसा र अशान्ति पैदा गर्द छ ।···

हे मित्र, जस मानिसको चित्तमा कुनै प्रकारको मैल (मलिनता) छैन, जसलाई कुनै प्रकारको भ्रम-शंका छैन, जसले धर्मको गहिरो खोज गरी पाप-पुण्यलाई चिनि सकेको छ, उस्तो निर्मल चित्त भएको सत्यप्रायण मानिसलाई कसै किसिमको दुःख-चिन्ताले परेशान गर्दैन अनि त्यस्तालाई नै जीवन-मुक्त भनिन्छ ।—हे मित्र, चोखो मन भएको मानिसले उही कुरा गर्दछ जुन् उसको मनमा हुन्छ । चाहे त्यो कुरा कसैलाई राम्रो लागोस् अथवा नराम्रो लागोस् । ढांट वा छलकपट मिसाएर उ कुरा गर्न जन्दिन । आफ्नु लाभका लागि अर्काको खुसामद गरेर उसले कदापि आफ्नु आत्मालाई धोखा दिदैन । अतः मनको पवित्रतालाई सधैं ध्यानमा राख ।···हे मित्र, दया नै धर्मको सार हो । फूलले आफ्नु मधुर बासनाले सबैको चित्त प्रसन्न

गराउंछ अनि शीतल वरखाले संतप्त प्राणीलाई सुख पुर्याउंछ—उस्तै दिठालु मानिसले दु:खीजनको पिरलाई मेटी शान्ति प्रदान गर्दछ । संसारमा दुइचार दिन-को जिन्दगानी छ। यसैले दयालु बनेर प्रेमपूर्वक व्यवहार गर।···हे मित्र, सृष्टिको विस्तारलाई विचार गर्दा मानिसको क्षण-भगुर शरीर विशेष महत्त्वपूर्ण देखा पर्दैन । हो, हामी विनम्र वनेर हिंडौं अनि संसारको भलो निमित्त केही गर्दै जावौं। सधैं निहुरेर रहने मानिसले गुन वा शील वटुल्न पाउंछ। नम्रतायुक्त मिठो वाणी एवं शिष्ट व्यवहारले गर्दा उ लोकप्रिय बन्द छ अनि उसद्वारा जनकल्याण कार्य असल पाराले सम्पन्न हुनसक्त छ।···

हे मित्र, प्रत्येक मानिसमा अहंकारको केही अंश त अवश्यै हुन्छ। तर अहंकार को मात्रा धेरै वेसी भइदियो भने त्यो घमन्डी बन्द छ। घमण्डी मानिस अहंको नशामा मातेर दुष्टवृत्तिको हुन जान्छ, त्यस्ताले नै संसारमा उपद्रव वा अशान्ति फिजाउंछ। अत: अहंकारलाई घृणित दुर्गुन जानी यसलाई छोड्ने प्रयास गर्नुपर्छ। ···हे मित्र, क्रोधलाई वसमा राख्न साह्रै कठिन हुन्छ। तर निरन्तर साधनाले रिसलाई रोक्न सकिन्छ। मोह-तृष्णामा लिप्त भएका स्वार्थी-लोभी वा अहंकारी मानिसलाई नै धेरै रिस उठदछ। ईर्षालु अनि बदलाको भावना मनमा राख्ने पनि रिसाह हुन्छ। सबैसंग दिलैदेखि प्रेम राखी निष्काम भावले परोपकारका कार्यहरू गर्दै रह्यो भने यो क्रोध रूपी शत्रु उपर सहजै विजय प्राप्त गर्न सकिन्छ···।"

"गहिरो खोज"मा परेका उक्त लेख-मालाले मित्रसेनको गहन चिन्तन वा अध्ययन वारेमा हामीलाई केही परिचय अवश्य दिन्छ। ती बहुमूल्य विचार-सिद्धांत लाई निजी जीवनमा उतार्न अनि समाजमा फिंजाउनका लागि उनी नमरुन्जेल प्रयासरत रहेको कुरा पनि यहाँ उल्लेखनीय छ।

भागसूमा 13 जूलाई 1944 का दिन सत्संग प्रचारिणी सभाको गठन गरिदा मास्टर नत्थुराम बोगटी (छेत्री) बी० ए० बी० टी० बाट परामर्श पाइए बमोजिम मित्रसेनले आफ्नु यात्रा-डायरी लेख्न आरम्भ गरे। तर उनलाई पुन: बिमारीले छोप्दा छोरो दिग्विजयसेनले 1 अक्टोबर 1944 देखि उनको देहावसान (9 अप्रेल, 1946) सम्मको यात्रा-वृतान्तलाई छोटकरीमा लेखी पूरा गर्नुभएको छ! यो पुस्तिका सन 1983 मा मित्रसेन साहित्यसंगीत सभा-भागसू-धर्मशाला द्वारा मित्रको डायरी र केही कविता-झ्याउरे नामले छापिनाले हाम्रा केही ज्ना साहित्यिकहरूबाटप्रशंसा-पत्रादि प्राप्त गर्न सकियो। ती मद्धे प्रा० इन्द्रवहादुर राई, डा० जगत छेत्री, श्री आर०पी० लामा अनि श्री विपिनदेव ढुङ्गेल इत्यादिको नाम उल्लेखनीय छन्।

मित्रको डायरी (झन्डै 5000 शब्द) मा जहाँ मित्रसेनले आफ्नु विरामी अवस्था एवं बिग्रँदै गइरहेको आर्थिकस्थिति बारे खुलस्त पारेका छन् वहाँ उनीद्वारा यसमा आफ्नु अन्तिम यात्राको हाल, नौतुनाको त्यति वेलाको सामाजिक जीवन

को झाँकी एवं आफ्नु इच्छा-आकाँक्षा बावत भाव-विचार अनौठो प्रकारले प्रस्तुत गरिएको छ। संक्षिप्त रूपमा—

'…म सन् 1940 को श्रावण मासदेखि रोगग्रस्त भएको, बल्लबल्ल यस साल (1944 मा) बिमारीले अलिकति छोडेको छ। तर पूर्ण रोगनाश न हुनाले शरीर साह्रै निर्बल छ। कुनै प्रकारको सात्विक कमाइ गर्न सक्ने बल शरीरमा छैन। अतः सभाको निर्णय अनुसार समाजमाथि नै परिवारको भार थोपी, नाम मात्रको ढाँट-सेवक हुनु स्वीकार गरें। छीः छीः कति न सुहाउँदो कुरा गर्दै छु—कति ठूलो आत्मघात म गर्दै छु। यस्तो आत्म-ग्लानि लिएर मैले सभा (सत्संग प्रचारिणी सभा) को कार्यवाही बहीमा हस्ताक्षर गरिदिएं।' (13 जूलाई 1944)

यात्रा-वर्णन—'साहुको ऋण पछि तिरूंला भन्ने निश्चय गरी 1 अगस्त (1944) को विहान साढे आठ बजेको डाकमोटरमा पानीले भिज्दै घर छाडी हिंड्यौं (नौतुनातर्फ)। गग्गल-शाहपुर-कोटला सबै ठाउँमा पानी झमाझम् पर्दै थियो। ठाउँठाउँमा पहिरो गएर सडकै थुनिएको, डाँडाहरूका खोल्चाखोल्चीको भल जम्मै सडकको माझमा बगिरहेको थियो—सडक मानो के थियो ? एक खासा ठूलो खोला झैं थियो।...हत्तपत्त टिकेट-बाबूकोमा गएर टिकेट मांगें। टिकेट दिने समय भएको छैन भनिभन्यो। तर दुनियाँ लोभी छन्, दुइचार पैसा अप्ठ्यारो परेका परदेसीबाट फुत्काउनका लागि पनि अहिले समय भएको छैन भनि भन्द छन्। सो कुरा बिचार गरी तिनी हरूलाई पान-फुलका लागि भिन्दै भेटी चढ़ाएं र बल्ल चार टिकेट पठानकोटदेखि गोरखपुरसम्मको 83 रुपियां 12 आना खर्च गरी इन्टर किलासको लिएं।'…

'अब नौतुनाको अलिकति परिचय दिन जरूरी सम्झन्छु...अन्दाजी एक सय घर गोरखालीहरूका यहां होटेल खोली (भट्टी थापी) बसेका छन्। यिनीहरूले देशतर्फ जाने अनि रजाछुट्टी वा पेन्शनमा पहाड़तिर फर्कने गोरखालीहरूलाई भात-रोटी पकाएर खुवाउँछन्। परदेशीलाई भात पकाएर खुवाउनु अनि मुनासिव दाम लिनु असल कुरो हो, धर्मको धर्म हुने अनि धनको धन पाइहाल्ने। तर यहाँ अर्कै जंगली चाल देखियो। हरेक भट्टीमा डम्फु-मादल साथै तरूनी आइमाइहरूको चड़क-भड़क छ। उनकै हातबाट रकसी खुवाइ लाहुरेहरूलाई जोशमा ल्याउँछन्, अनेक प्रकारको छांट झिकी मुखालठट्ठा गर्दै गीतमा ताना-झांसा मार्दै मनलाई विषय-वासनातिर तान्छन् र एकै रातमा एकएक लाहुरेबाट ज्यादा भन्दा ज्यादा फुत्काउंछन्। प्रत्येक भट्टीमा दस-पन्द्रह लाहुरेहरू त कममे कम बसे कै भेटछौं। यस हिसाबले एक मामूली भन्दा मामूली भट्टीवालाले एकै रातमा कम्ति भनेको तीनसय रुपियां लाहुरेहरूबाट खसाल्छन्। ओहो, कस्तो अनीति, कस्तो अधर्म यस ठाउँमा चलेको छ!'…

'हामी सर्वत्र नाम पाएका बहादुर र इमानदार गोरखाली हौं भन्ने कुरा त

यहाँ छंदै छैन । जातिको गौरव भन्ने के हो, कसैले बुझेको छैन । कति जना गोरखालीहरूले यहां आइमाइ बेच्ने काम पनि गर्दछन् भनि मलाई थाहा भयो ।...ती जातफाली दुख पाएकी आइमाइहरूसंग मैले त्यहां (पंजाबमा) भेटेर कुरा गर्ने धेरै पल्ट कोशिश गरें तर ती आइमाइहरू एकदमै लुकी जान्थे, सामुने पर्दैन थिए... धेरै वर्षपछि आज त्यस्को अर्थ पनि बुझ्न सकें । तिनीहरूको श्रद्धा-विश्वास-मायां-प्रेम गोरखाली प्रति रित्तिइसकेको थियो ।तिनीहरूको हृदयले गोरखालीलाई शायद यसरी धिक्कारी रहन्थ्यो होला, "हे नीच पापी स्वास्नी बेचुवा गोरखाली जाति, हामी गरीब अबलालाई धोखामा पारी हाम्रो जीवनलाई सधैं भरिका लागि नाश पारीदियौ—अब कौना मुखले हामीसंग कुरा गर्नु आएको ? जाऊ, हामी दुखी छौं वा सुखी, हाम्रो सोधपूछ गर्नु पर्दैन । हाम्रो घरबार, इष्टमित्र, दिदीबहिनी, आमा-बाबुसंग सधैंका लागि छुट्याइ विदेशमा थुनुवा बनाउने नीच गोरखाली हौ, जाऊ, हामी तिमीहरूको मुख देख्दैनौ ।'...

'नौतुनामा गोरखालीको यस्तो नजाती अवस्था देखेर जातिहितैषी कप्तान बहादुरसिंह बरालको मनमा साह्रै दुख लाग्यो र वहांले केही समय अघिदेखि यहां सत्संग-प्रचारको साप्ताहिक कार्यक्रमद्वारा समाज-सुधारको काम थाल्नु भएका रहे छन् । यसै सत्संग प्रथालाई अझ बलियो बनाउनको उद्देश्यले सत्संग प्रचारिणी सभा-भागसूले मलाई नौतुनामा खटाइपठाएको हो ।'...

इच्छा-आकांक्षा—'जाति सेवाले तप र त्यागको मांग गर्छ, तर यस भित्र एक अजीब किसिमको आनन्द पनि छ । यसै आनन्दको लोभले गर्दा राधा-फिल्म-कम्पनी को डायरैक्टरको प्रलोभन-जालबाट म बांच्नसकें—डेढसय रुपियां मासिक र बस्ने घर फ्रि दिन्छौं, कम्पनीमा काम गर भनि जोर हालेर भन्नु हुन्थ्यो । म चाहिं मानेन । पोहोर साल लाहौरमा सनातन धर्म प्रतिनिधि सभा (पंजाब) का मंत्री-ज्यूले—सभामा आएर फेरि काम गर,तपाईंलाई अघि भन्दा पनि बढता तलब दिने छौं—आग्रह गर्नु भो, तर मैले 'हुंदैन' भनि उत्तर दिएं । यस्तै प्रकार मेरा कति जना धनी देसी मित्रहरूले कति पटक मलाई भनिसके तपाईं हाम्रोमा आएर बस्नु होस्, जिमिन-जग्गाह, गाइ-भैंसी जम्मै गृहस्थका सर्सजाम मिलाइदिन्छौं, आनन्द साथमा जीवन निर्बाह गर्नु होस् अनि समयसमयमा धर्म-प्रचार गरेर उपकारको काम पनि गर्नु होस—तर मैले त्यो सुझाव पनि मानेन । मेरो लगन त आफ्नै जाति तिर लागेको छ, कसरी म आफ्नु र आफ्नो परिवारको सुख-आनन्दको मात्र विचार गरूं ?पैसा कमाउने नै इच्छा भए म किन यो धर्म-प्रचारको काम गरी हिंडने थिएं !'

उक्त डायरीलाई लेखी रहँदा मित्रसेनले आफ्नु आत्मकथा लेख्ने प्रेरणा पाएका थिए—तर दुर्भाग्यवश, उनको त्यो अभिलाषा चाहिं पूरा हुन सकेन । यस सम्बन्धमा उनी लेख्छन्—'यो (डायरीलाई) लेख्दा मनमा विचार उठ्छ कि पुरानो जीवन-यात्रा-वृतान्त पनि लेखूं, सो भगवानको इच्छा !'

मित्रसेनको अन्तिम निवन्ध रीडी-तिर्थस्थल (झन्डै 800 शब्द), उनी त्यहाँ सपरिवार दर्शनार्थ जाँदा 20 अक्टोबर 1944 का दिन लेखिएको हो। यस लेखको संक्षिप्त विवरण यस प्रकार छ—उनकै शब्दमा—

'रीडी कृष्ण-गन्डकीको छेउमा, अन्दाजी आधा कोसको फांटमा आवाद भएको छ। रीडीको चारैतिर अग्ला-अग्ला मनोहर पहाडहरू छन्। यहां दुइ-अढाइसय घरहरू छन् जुन् मद्धे साठी-सहत्तरि घरहरू त तिनतीन चारचार तले छन्। रीडी-बजार दोहरो लाइनमा बनेको छ। लुगा-लत्ता-नून-तेल-तमाखू-मसलाहरूका पचास-साठी पसलहरू छन् होला। बजारको सडकमा ढुंगाको फरस ओछाइएको छ।...उहिले रुढु नामकी कन्याले तपस्या गरेको स्थान हुनाले यस बस्तीको नाम 'रीडी' प्रचलित भएको हो भन्ने विश्वास यहाँ छ। रिषीकेशव भगवानको मन्दिर यहां नदीको किनारमा भएको हुनाले पनि यस स्थानलाई रीडी भनेको हुनसक्त छ किन भने मगर कुरामा डीको अर्थ पानी हुन्छ अर्थात पानीको तिरमा रि-षी केशव को पवित्र धाम—रीडी।...गंगा (कृष्ण-गन्डकी) पारी भृगु-आश्रम छ, यस गुफामा भृगु समेत अनेकानेक ऋषि-मुनिहरूले तपस्या गरेका हुन्। गुफाभित्र एक अनौठो प्रकारको शिवलिंग छ जुन् भृगु-तुम्बेश्वर नामले प्रसिद्ध छ। भृगु-आश्रमको नजिकैमा एउटो ठूलो गुफा छ जसभित्र गणेश भगवानको प्राकृतिक मूर्ति गांचै-गांचले बनिएको छ। ती गांचहरूबाट सधैं पानी चुही रहन्छ।...भृगु-आश्रममा धेरै जना जोगिनीहरू बस्तछन्।'

उक्त निबन्धले मित्रसेनको, कुनै स्थान विशेष सम्बन्धमा लेख लेख्न सक्ने प्रतिभाको केही परिचय दिन्छ।

ठोस सारगर्भित विचारको अभिव्यक्ति निबन्धको माध्यमबाटनै राम्ररी हुनसक्त छ अनि यी निबन्धहरू समेत अन्य ससाना कृतिहरूलाई पुस्तिका को रूपमा छाप्नु सकेमा विशेषतया हाम्रा बालकबालिका एवं युवावर्गलाई धेरै लाभ पुग्थ्यो होला भन्ने मित्रसेनको धारणा थियो। तर धन-अभावले गर्दा उनको त्यो आकांक्षा चाहिं आफ्नु जीवनकालमा पूरा हुन सकेन। यसै संदर्भमा मित्रको डायरी (पृष्ठ 16) मा उनी लेख्छन्—"कप्तान साहेब बरालसंग सल्ला-विचार गरी मैले लेखेका भजन-कथा-गीत-उपदेश (निवन्ध) आदिलाई पुस्तकरूपमा गोरखपुरको कुनै प्रेसमा छापेर सत्संग सभा हुँदा विक्रि गर्दै जाउंला भनि विचार गरेको थिएं तर वहांको लामो विमारीले गर्दा मेरो योजना विग्रंदै गएको जस्तो लाग्छ..."

# 9. बुद्ध वाणी

"मनुष्य जीवनलाई अति उपयोगी छ भन्ने बुझी अनेक बुद्ध-ग्रन्थहरूबाट छानेर यो 'बुद्ध वाणी' नामको पुस्तक हिन्दी भाषामा लेखिएको थियो। नेपाली भाषाभाषी पाठकहरूका लाभका लागि यसलाई नेपाली भाषामा उल्था गरेको छु।···" मित्रसेनले बुद्धवाणी पुस्तक (30, 000 शब्द) को भूमिका लेख्दा 28 अगस्त 1942 मा उक्त जानकारी दिनु भएको छ। ग्रन्थ-संकेतमा उनीद्वारा राहुल सांकृत्यायनको नामसम्म लेखिएको छ।

दोस्रो विश्वयुद्धको दौरानमा झंडै चार वर्षसम्मको लामो बिमारीले गर्दा मित्रसेन प्रचार-भ्रमणको सिलसिलामा कहीं जानु सकेनन्। प्रायः घरैमा रहेर उनले आफ्नु इलाजका साथै बुद्ध एवं टाल्सटय-साहित्यको अध्ययन गहिराइ साथ चलाइराखे। महात्मा बुद्धका सत्य-अहिंसा आदि सिद्धान्त अनि महान् रूसी लेखक टाल्सटयको मानव-प्रेम सन्देशलाई उनी विश्वशान्ति अनि जनकल्याण निमित्त आफ्नु लेखनीको माध्यमले फिंजाउन चाहन्थे। त्यसताक पत्र-पत्रिकाहरूमा छापिंदै गर्ने लडाइंको भयंकर विनाशकारी घटनाहरूका वृतान्तले जहां एकतर्फ मित्रसेनको भावुक हृदयलाई क्षत-विक्षत गराइरहेको थियो, वहाँ अर्को तर्फ उनी रोगको दुख-कष्टलाई सहन गर्दै मृत्युको सामना गरिरहेका थिए। गीताको प्रथम प्रकरण (विषाद योग) मा महाकवि व्यासले जस्तो पाराले दुखसंतप्त अर्जुनको मनोदशाको वर्णन गर्नु भएको छ, हो झन्डै त्यस्तै मनोस्थितिमा त्यतिबेला मित्रसेन थिए होलान्। हृदयको छटपटी, विषाद, दुःखबाटनै विशुद्ध आध्यात्मिक-ज्ञानको अभ्योदय हुन सम्भव छ। सम्राट अशोक लडाइंमा मारिएका हजारौं मानिसहरूको मृत-शरीरलाई एवं घाइते भएका हजारौं तड्पेंदै गरेका सैनिकहरूलाई देख्दा उनको मनभित्र पनि यस्तै प्रकारको ज्ञान जागेको थियो अनि उनीद्वारा आत्मशान्ति, विश्व शान्ति एवं जनकल्याणका लागि बुद्ध-वाणी-विचारलाई संसारभर फिँजाउने अठोट वा प्रयास विषयको ऐतिहासिक तथ्य सर्वविदितै छ। महात्मा बुद्धको दर्शनको सराहना गर्ने पूर्व वा पश्चिमका अनेकानेक दार्शनिक-विद्वान्हरू मद्धे महाकवि रविन्द्रनाथ ठाकुर, स्वामी विवेकानन्द, महात्मा गांधी, राहुल सांकृत्यायन,

टाल्स्टय, रोमांरोलां, बर्ट्रेंड रसल अनि जर्ज बर्नडशा इत्यादिको नाम यहाँ उल्लेखनीय छन्। मित्रसेन द्वारा अनूदित बुद्ध वाणी पुस्तकबाटका केही विचार-दोहन यहाँ छोटकरीमा राखिदिए उचित होला—

मनुष्य जीवनमा प्रत्येकलाई दुःखको सामना गर्नु पर्दछ। दुःखको मूल (जरो) तृष्णालाई त्यागिदिएपछि मात्र दुखको नाश हुन्छ। दुःख निवारणका आठ मार्ग हुन्—सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति अनि सम्यक समाधि। तृष्णाबाट लोभ, स्वार्थ, मोह, अहंकार, इर्ष्या, स्पर्धा, घृणा, द्वेष, हिंसा, लडाइंझगडा इत्यादि दुर्गुणहरू जन्मन्छन् —परिणामस्वरूप मानिस चिन्ता, भय, विनाश आदि दुःखको भुमरीमा पर्दछ। अतः आफ्नु वा दुनियाँको सुख-शान्तिका लागि तृष्णाको परित्याग अत्यन्तै आवश्यक छ। यो कुरोको असल जानकारीनै साँचो ज्ञान हो अथवा सम्यक दृष्टि हो। तर ज्ञान अर्जित गरेर मात्र त हुँदैन—यसलाई कार्यरूपमा परिणित गर्नलाई पक्का इरादा वा दृढ़ प्रयत्न-प्रतिज्ञाको खाँचो पर्छ अनि त्यहि प्रतिज्ञानै हो सम्यक् संकल्प। साँचो-मिठो वचन बोल्नुले मित्रता बढ़द छ अनि यसबाट प्रेम, विश्वास र शान्ति फिजिन थाल्छ—यसैले सम्यक् वचनको ठूलो महत्व छ। करुणा, दया दिलमा राखेर निस्स्वार्थ भावले परहित कार्य गर्नुनै सम्यक् कर्म हो—यो एकमात्र मुक्तिको, निर्वाणको, शान्तिको बाटो हो।

इमानदारीपूर्वक उपार्जित सात्विक कमाइले जीवन-निर्वाह गर्नु अनि सन्तुष्ट रहनु सम्यक-आजीविकाको अर्थ हो। आसन प्राणायामको अभ्यासले मन-शरीरलाई स्वस्थ राख्नु अनि शारीरिक परिश्रमबाट पछि न हटनु सम्यक् व्यायामको रहस्य हो। रोग, जरा, मृत्यु आदि देहको लाचारी वा क्षण भंगुरता, तृष्णादि दुःखका कारणहरू, दुःख निवारणार्थ दृढ़ संकल्प वा प्रयास तथा जीवन-लक्ष्य (शास्वत शान्ति) बारे स्मरणलाई सधैं मनमा ताजा राख्नु सम्यक् स्मृति हो। संयम-ध्यानबाट मनलाई शुद्ध-पवित्र एव एकाग्र गर्ने प्रयास सम्यक् समाधि हो—यसैले मोक्ष अथवा निर्वाणको मार्ग खुलस्त गराउँछ।

उक्त पुस्तकको शुरूको आवरण पृष्ठमा मित्रसेनले बुद्धं शरणम् गच्छामि, धम्म शरणम् गच्छामि, संघम शरणम् गच्छामिको उल्लेख गरेका छन्। यसै संदर्भमा बुद्धवाणीमा संग्रहित विचार—संदेशको सारांश यहां दिए असल होला—

बुद्धम् शरणम्—आफ्नै बुद्धिको, आत्माको शरणमा जाऊ। आत्म-निरीक्षण गर्दै रहू। आफ्नै आँखाले देखेर जाँच-परख गर, आफ्नै प्रज्ञा (बुद्धि) ले विचारेर फैसला गर—के हितकर हो, के अहितकर? कुन् कुरोलाई ग्रहण गर्ने, कुन्लाई त्यागि दिने? यसमा कुनै परम्पराको, शास्त्र-प्रमाणको अथवा कुनै व्यक्ति विशेषको दरकार तिमीलाई नपरोस्—प्रत्येक कुरोको निर्णय आफ्नै अनुभवको आधारमा गर। यही साँचो ज्ञानको मार्ग हो, बुद्धको बाटो हो।

धम्मम् शरणम्—प्रेमनै अहिंसा हो। वैरले वैर कदापि शान्त हुँदैन, वैर त प्रेमले मात्र शान्त हुन्छ। अतः क्रोधलाई अक्रोधले जित, अभलाइलाई भलाइले जित अनि घृणालाई प्रेमले वशमा गर। अहिंसा अथवा प्रेमनै परम धर्म हो। सत्य बचन अमृत बचन हो। सत्यनिष्ठ मानिस धर्मी मानिस हो—धर्मी मानिसनै मोक्ष, निर्वाण पदको हकदार बन्दछ। सत्य एउटै हुन्छ, अर्को हुँदैन अनि त्यो निर्विवाद पनि हुन्छ। सत्य सर्वोच्च धर्म हो। संयमलाई जीवनमा अंगालेर दुःखलाई समूल नाश गर। ब्रह्मचर्यलाई स्थिर राखी प्राणीमात्रको सेवा-कल्याणार्थ कर्म गर। अहिंसा वा सत्यका पालनका लागि ब्रह्मचर्य-पालन अत्यन्तै आवश्यक छ। ब्रह्मचर्यनै धर्मको महत्वपूर्ण अंग हो। अतः अहिंसा, सत्य, ब्रह्मचर्य आदि धर्मको शरणमा जाऊ!

संघम शरणम्—दुष्टवृत्तिका मानिसहरूलाई पनि संघ बनाउने खाँचो पर्छ भने सद्वृत्तिका धर्माचारी मानिसहरूको एकता-संगठन त झन् बेसरी बलियो हुनु पर्दछ। जवसम्म तिमीहरू आपस्तमा मिलेर संघको कार्य गर्दै रहौला, जबसम्म तिमीहरूमा एकता-प्रेम रहला, जवसम्म तिमीहरू संघका नियम-बमोजिम चल्दै गरौला, अहिलेसम्म तिमीहरूले जनकल्याणको भाव मनमा राखी निरन्तर कामगर्दै जाऔला, तबसम्म तिमीहरूको उन्नतिनै हुँदैरहने छ। अतः संघको शरणमा जाऊ!

नैतिक वा आध्यात्मिक मूल्यहरू सजिलो पाराले सम्झाउन भनेर बुद्धवाणीमा केही प्रतीकात्मक भाषा-शैलीको पनि प्रयोग गरिएको छ। केही नमूना—

फाल, फाल, यस नाऊमा जम्मा भइ रहेको पानीलाई फाल! पानी फाल्नले नाऊ हलुंगो होला र यसको गति तीव्र हुँदै जानेछ—यस्तै तृष्णादि दुर्गुणरूपी पानीलाई जीवनरूपी डोंगाबाट फाल्दै जाऊ, तब मात्र मुक्तिको मार्ग, शान्तिको मार्ग प्रशस्त हुने छ। विषय-वासनारूपी झ्यांग-झंखाडलाई फाँडेर शास्वत शान्ति वा निर्वाणको बाटो तयार पार! जस्तो मौरीले फूलको केही विगार नगरीकन रसमात्र टिपेर जान्छ, उस्तै मानिसले संसाररूपी फूलवारीलाई कति नविगारेर, न उजाड़ेर आफ्नो निर्वाहको लागिमात्र उपभोग गर्दछ। चन्दनको वासना त एक छिन मात्र रहन्छ तर सदाचारको मिठो बासनाले सधैं सबैलाई प्रफुल्लित गराउँछ—अतः सदाचारी बन! जस्तो प्रकारले सुनारले चाँदीको मैल फालेर त्यसलाई उज्ज्वल-सुन्दर बनाउंछ, त्यसरीनै बुद्धिमान मानिसले आफ्नु मनभित्रका जम्मै दुर्गुणरूपी मैललाई सफा गरेर शुद्ध-पवित्र बनाउने प्रयास गर्दछ। रित्तो गाग्रोको आवाज बेसी हुन्छ, तर भरिएको छ भने त्यो शान्त रहन्छ—यस्तै गुणरहित मानिस रित्तो गाग्रो जस्तै अहंकारी हुन्छ तर गुणी मानिसको स्वभाव प्रायः शान्त-गम्भीर वा विनम्र हुन्छ। जस्तो पर्वत हुरिबतासको पर्वाह नमानी अडिग वा अचल रहन्छ, त्यस्तै बुद्धिमान मानिस आफ्नु निन्दा अथवा बढ़ाइको कुरा सुनी कहिले विचलित हुँदैन।

केही अन्य बहुमूल्य अर्तिका कुराहरू—

अर्काको दोष त सजिलैसंग देखिन्छ, तर आफ्नु दोषलाई देख्ने अनि सुधार्ने

बानी गरे आफ्नु वा अर्काको पनि भलो हुन जान्छ। सुन-चाँदी वा धनदौलत भन्दा पनि मूल्यवान वस्तु मानिसको गुण. शील वा असल चरित्र हो। सत्संगतीबाट सुख-शान्ति वा आनन्द मिल्दछ अनि कुसंगतिबाट दुःख-कष्ट वा भय। कतिनै विद्या पढ़े तापनि यदि आचरण शुद्ध छैन भने त्यस्ताबाट न त आफ्नु कल्याण हुन सम्भव छ न अर्काको। आफ्नो भोजनको गुन र मात्रा जान्ने मानिसले सुख, सिद्धि एवं दीर्घ आयु अर्जित गर्दछ। अतः शुद्ध आहार अनि शुद्ध आचारलाई ग्रहण गर : विजयबाट बैर उत्पन्न हुन्छ, बैरबाट कलह, झगड़ा, अशान्ति; पराजयबाट पनि दुःख-क्लेशनै उप्जन्छ अनि दुःख-क्लेशबाट चिन्ता, भय अशान्ति। अतः शास्वत शान्तिका लागि विजय-पराजयको भाव-बिचारलाईनै चट्ट छोडिदेऊ ! अर्कालाई सताएर सय वर्ष-सम्म बाँच्नुभन्दा कम्ता उमेरमानै परहित कार्य गरी मर्नु असल होभनेर ठान्नू ! पराधीनतामा दुःख अनि स्वाधीनतामा सुख विद्यमान छ—यसैले इमानदारी वा परिश्रमपूर्वक उद्योग-धन्धा गरी धन उपार्जन गर अनि दुखीजनको सेवा पनि गर ! उच्चकुलमा जन्म लियो भन्दैमा त्यो श्रेष्ठ कदापि हुन सक्तिन। श्रेष्ठ आचरण गर्ने मानिस उच्चकुलमा नजन्मे तापनि पूजनीय हुन्, सम्मानीय हुन्—यो कुरोको विचार राख्नू ! रंग र रूपलाई हेरेर धोखा नखानु, त्यो बाहिरबाट देख्दामा असली, तर भित्रबाट नकली हुनसक्तछ। लोभको जालोमा बल्झेरनै मानिस हिंसक, अत्याचारी, अन्यायी अनि भ्रष्टाचारी बन्द छ। अतः धनसंचयपट्टि धेरै नलागेर गुण संग्रहतर्फनै लागिरहनू !

अनि महात्मा बुद्धको अन्तिम अर्ति-संदेशको उल्लेख मित्रसेनले यस प्रकार गरेका छन्—

श्रद्धावान् बन, पाप कर्मदेखि लाज मान, लोक अपवादबाट डराऊ,विद्या संचय गर, सत्कर्ममा उत्साह राख, स्मृतिलाई जागृत राख अनि प्रज्ञावान ज्ञानवान बन ! सदाचारी बन; सदाचारबाट मानकीर्ति बढ्द छ, सभामा प्रभाव पर्दछ अनि यसबाट शान्ति प्राप्त हुन्छ। आफ्नु उद्धार आफै गर; आत्माको र बुद्धिको शरणमा जाऊ, धर्मको शरणमा जाऊ अनि संघको शरणमा जाऊ ! मैत्री, मुदिता (प्रसन्नचित) करुणा एवं उपेक्षा (अनासक्ति) लाई सधैं अंगाली राख ! जनहितको लागि सर्वत्र डुलिडुलिकन—घुमिघुमिकन प्रचार गर साथै ब्रह्मचर्यलाई स्थिर राख ! ध्यान-समाधिमा अलिकति सफलता पाएर यो साधनालाई बिचैमा नछोडिदिनु! मेरो देह-त्यागपछि मेरो शरीरको (मूर्ति आदिको) पूजा-अर्चना गर्ने चाहिँ झिजोमा नपर्नु—बरु मैले बताएको सत्य-मार्गमा हिँडिरहने प्रयास गर्नू !

बुद्धबाणीमा संकलित महात्मा बुद्धका अमृत-बचन वा विचार मानव मात्रका लागि अत्यन्तै उपयोगी छन्। विश्वशान्ति एवं जनकल्याणको भावनाले प्रेरित भइकन लेखिएको उक्त अनूदित पुस्तकबाट हामी मित्रसेनको मानवप्रेम, देशप्रेम तथा समाजप्रेम विषय किञ्चित् परिचय पाउन सक्छौं।

# 10. कथा रूपान्तर

उहिलेदेखि नै मित्रसेनलाई कतिपय पौराणिक वा एतिहासिक ग्रन्थहरूबाट कथा-सामग्रीहरूको छानबीन गरी काव्य-नाटक वा उपदेशात्मक निबन्धहरूको सृजना गर्ने चासो थियो। आफ्नु लामो बिमारी (1940-44) को बिचमा उनले बुद्धसाहित्यका साथै टाल्सटय—कथासाहित्यको गहन अध्ययन गरेका थिए। टाल्सटयको प्राय: प्रत्येक कृतिमा मित्रसेनले मानव प्रेमकोनै अमर सन्देश भेट्टाए-काले उनले उनका केही उत्कृष्ट कथाहरूको रूपान्तर गद्य-पद्य दुवै विधामा, नेपाली भाषामा गर्नसकेको कुरा यहाँ उल्लेखयोग्य छ। रूपान्तरित पहिलो कथा तीर्थयात्रा को गद्य (7200 शब्द) वा पद्य-भाग (660 पंक्ति) को संक्षिप्त परिचय उनकै शब्दमा—

'कसै समयमा तानसिङ नगरको नजिकैमा स्थित गहिरी गाउँमा दुइ जना मगरहरू वस्तथे। एउटोको नाम सर्वजीत अनि अर्कोको मनवहादुर थियो।···दुवै जना साठी नाघी सकेका थिए। दुवैको आपस्तमा खुवै मितारि थियो। दुवैलाई धर्मतर्फ रुचि भएको हुनाले तिर्थ-ब्रत खुबै गरिहिँडथे। पशुपतिनाथ—मुक्तिनाथ-काशी-हरिद्वार इत्यादि घुमिसकेका थिए—एक पटक हिउंलाज माइको दर्शन गर्न जाने दुवैको ठूलो इच्छा थियो। दुवैले आफ् आफ्नो घरको वर-बन्दोबस्त मिलाए-पछि ऐतवारको बिहान टिकाटालो गरी घरवाट बिदालिए।···डेढ महीना पुग्दा न पुग्दैमा (पैदल) पंजावको सिमानामा पुगे। बिसपच्चीस दिनपछि मुलतान हुँदै सिन्धु देशमा पुगे। त्यस साल सिन्धुमा बरखा नभएकोले भारी अन्नकाल परेको थियो।···दाइ, म पानी खाएर तपाईंलाई बाटैमा भेटुंला भनी मनबहादुरले सर्व-जीतलाई भने अनि गाउंको एक घरतर्फ लागे।...भोकले गर्दा त्यस घरका जम्मै प्राणीहरू अति संतप्त थिए। मनवहादुरले तिनीहरूको तनमनधनले खुबै सेवा-सहायता गरे—महाजनकहाँ गएर गौ-चरन र खेत गिरबी राखेको रकम जम्मै तिरिदिए अनि एक जोड़ गोरू, एउटो दुहनी गाइ अनि एक बोरा गहुं इत्यादि पनि किनि दिए। यी कामहरूमा एक साता बितेको चालै पाइएन।···सबै सुतेको बेला मनबहादुर एकाबिहानै उठी हिँडे।···थैली फुकाएर गन्दा सात रुपियाँ पाँच आना

मात्र बाँचेको थियो। यति पैसाले त हिँउलाज गएर फर्कनु मुश्किल छ भन्ने विचार गरी मनबहादुर पहाड-घर फर्की आए ।

पद्य-भागबाटका—केही अंश—

**तानसिङको गहिरी गाउँमा, मगरहरू थिए दुइ जना**
**गाउँले साइनो दाजी र भाइ, बस्थे दुवै घर मिलिकन**
**धर्ममा दुवैलाई रुचिथियो, जान्थे मिलेर तिर्थमा दुवै**
**सांझ एक ठाउँमा जम्मा भएर, हरिकीर्तन गर्थे सधैं**

अनि कथाको अन्तिम भागबाट—

**सबैले जम्मै कुरा सुन्यो अनि, मनमा गर्दछन् विचार**
**बल्ल मैले आज बुझें, सत्यधर्मको नै सार**
**मेरो शरीर पुग्यो हिउँलाजमा, मनेको त पुग्यो आत्मा**
**दुखीजनको सहायताले गर्दा, हिउंलाज खुसी भयिन् मनमा**

**असहायको आंसु पुछ्नुनै, ठूलो तिर्थ हो भनि जान**
**दया-प्रेम सिंचित हृदयमा, गर्छन् बास हरि भगवान**

पहाड-घरको ग्रामीण जीवनको झाँकी अनि अनौठो यात्रा-वर्णन उक्त कथामा हामी पाउँछौं भने जाति-धर्मको पर्खाललाई नाँघी दुखीजनको निस्स्वार्थसेवानै मानिसको ठूलो कर्तव्य हो भन्ने अर्ति यसमा निहित छ।

दोस्रो कथा 'तीन कुरो' लाई मित्रसेनले गद्य (6600 शब्द) अनि पद्य (740 पंक्ति) मा, दुवै विधामा तयार पारेका छन् । कथाका तीनजना प्रमुख पात्रहरू बीरे दमाई, उनकी पत्नी अनि सन्त (देवदूत) द्वारा तिनवटा तथ्यहरूको पत्तो रोचक पाराले लगाइएको छ—पहिलो कुरो, दया-भावना एकदमै असल गुन हो; दोस्रो कुरो, कसैलाई पनि मृत्यु बारे थाहा हुँदैन अनि तेस्रो कुरो, पवित्र प्रेमबाटनै धर्म वा उपकारको कार्यहरू सम्पन्न हुनसक्त छ।

उक्त कथाको पद्य-भागबाटका केही अंश—

**अलिक छिनपछि त्यसको मनमा दया भाव जागृत भयो**
**त्यो त्यसको डर लाग्दो रूप, तुरुन्तै समाप्त भयो**
**अनुहार बदलिएको देखें, अति सुन्दर राम्रो रूप**
**पहिलो कुरो तब बुझें मैले, मेटियो मनको केहि दुख**

**अकासतर्फ जब देखें मैले, मेरै साथी आउँदैं छ**
**त्यसको प्राण हर्नुलाई, कालको डोरी घुमाउँदैं छ**
**एकदुइघड़ीको छ पाहुना, तर गर्छ एकवर्ष आगेका कुरा**
**दोस्रो सत्य जानें मैले, मानिसलाई हुन्न मृत्युको थाहा**

**थाहा भयो जहां दिलमा प्रेमछ, वहीं नै छ धर्म उपकार**
**राक्षसवृत्तिका जनको मनमा, हुन्छ लोभ रिस अहंकार**
**मानिसनै दानव-दैत्य कहिले, देवता पनि उनै बन्द छ**
**आफ्नै शुभ-अशुभ कर्मले, रूप थरिथरि फेर्द छ**

यहाँ बीरे दमाइ-दम्पत्तिलाई नैतिक वा आध्यात्मिक चर्चामा सामेल गरी दलितवर्गको महत्वलाई उजाग्र गर्नखोजेको प्रयास सराहनीय होला—

तेस्रो कथा धर्म छोरो मा एउटो तन्देरि केटोको साहस, उत्साह अनि खोज-यात्राको कथा अलौकिक पाराले वर्णित छ। गद्यभागमा 6200 शब्द अनि पद्य-भागमा 980 पंक्तिहरूको प्रयोग गरिएको छ। कथाको अन्तिम अंश तथा केही पद्य अंश यहाँ उद्धृत गरिन्छ—

'जहिलेदेखि मैले संसारको आशा-तृष्णाको परित्याग गरें अनि स्वार्थलाई एकदमै छाडी दिएं—उहिलेबाट नै मेरो मन सफा भयो अनि डांकूको मनमा पनि मेरो शिक्षाको प्रभाव पर्न लाग्यो—त्यसै भएर पहिलो ठुटो पलायो।···अनेक पाप-हरूले गर्दा मानिस मर्नदेखि डराउँछ—यदि उ वलियो भएर धर्मको बाटोमा हिंडछ भने उसलाई मृत्युसित डराउनु पर्दैन। मैले यो डरलाई छाडिदिनु साथै डांकुको फलाम जस्तो सारो मनलाई घुमाउनु सकें—अनि दोस्रो ठुटो पलाएको थियो।··· जहिलेसम्मन् हृदयमा प्रेमको आगो खुबै दन्केको छैन—उहिलेसम्म कांचा झार-पात रूपी पापहरूलाई डढाउन सकिदैन—मेरो सांचा प्रेमले गर्दा डांकुले अधर्म मार्गलाई छोडी धर्मको बाटोमा हिंडने निश्चय गर्‍यो—अनि नात्र यो तेस्रो ठुटो पलाएको हो।···'

केही पद्यांश—

**प्रेमको आगो दन्क्यो जसै, कांचा डांकु डढनु गयो**
**कुरा गर्दै यिनी दुवै जना, कुटिनजिकै पुग्नु भयो**
**देख्छन् तेस्रो ठूटो पनि, हरियो भइ पलाएको छ**
**सुन्तोलाको बोट बढ़ी, फल समेत झुलाएको छ**

**प्रेम सिंचित हृदयले मात्र, सुधार गर्न कोही सक्तछ**
**आत्मा नै शुद्ध भयो भने, ईश्वर सहायक बन्दछ—**

समाज वा देश प्रेमी जनसेवकहरूलाई यथेष्ट रूपमा यस कथावाट विशेष मार्गदर्शन उप्लब्ध हुन सक्छ ।

चौथो कथा तीन योगी (गद्यभाग-2600 शब्द वा पद्यभाग-260 पंक्ति) का आखिरी गद्यांश अनि केही पद्यांशका नमूना—

'तीन जना साधु जहाजको संगसंगै समुन्दरमा दगुर्न लागे अनि नजिकमा पुगी हात जोडेर स्वामीज्यू अनि आचार्यज्यूलाई भन्छन्—हे पूज्य गुरु हौ, हामीहरूले गुरुमंत्र अलिक भूल्नले सोध्न भनि आएका हौं, कृपा गरी एक पटक फेरि घोक्याइ दिबक्सियोस् ! साधुहरूको यस्तो प्रार्थना सुन्दा दुवै गुरुहरूले हात जोडेर भन्छन्—हे योगेश्वर महान् आत्मा हौ,हामीहरू पाखण्डी हौं—हाम्रो भूलको क्षमा गर-हामी अहंकारी नीचहरूमाथि दया गर ! आज बल्ल हामीले शास्त्रको सारलाई बुझ्यौं । पढेर मात्र हुँदैन रहे छ—उल्टो, म यत्तिको जान्ने-सुन्ने भनी अहंकार वढ्दो रहे छ । जसले असल कर्तव्य-कर्म गर्दछ, जसको हृदयमा प्रेम छ अनि जसमा विनम्रता को गुण विद्यमान छ—उसैलाई ईश्वरले रुचाउने रहेछ ।···देख्दादेख्दै ती तीनजना साधु पानीमा अलोप भए ।'

उक्त कथाका केही पद्यांश—

**भन्छन् तिनैजना साधुले, हातजोडी, धन्य गुरु**
**जस्तो उपदेश दिनु होला, गर्ने छौं आजैदेखि शुरू**
**सत्यानन्दले ज्ञान-ध्यान अनि, कर्मकाण्ड सबै बताए**
**ओम भूर्भुवः स्वः मंत्र पनि, जप्नु भनेर अह्राए—**

**हात जोडेर लज्जित गुरुले, प्रणाम साधुलाई गर्दछन्**
**क्षमा गर हे योगीजन हौ, विनम्र भावले भन्दछन्**
**दिलैदेखि पछुतो गर्दछन्, भेटाएर सत्य ज्ञान**
**देख्दादेख्दै तिनै साधु भए, पानीमा अन्तर्धान**

धन-मान वा उच्च विद्यावाट उत्पन्न अभिमानको नशामा मातेको मानिसबाट कुनै जनकल्याण-कार्य शुद्ध रूपमा हुनसक्तैन । समाज-सुधार अथवा देश-सेवाका लागि तप-त्याग-विनम्रता-प्रेम अनि विशाल हृदयको खाँचो पर्दछ—यस कथामा यहीनै कुरो दर्शाइएको पाउँछौं ।

पांचौं र अन्तिम कथा 'प्रेममा भगवान' केवल मात्र गद्य (8,000 शब्द) शैलीमा लेखिएको उपलब्ध छ । मित्रसेनले छानेका उक्त उत्कृष्ट कथाहरू मद्धे यस कथाको प्रमुखपात्र मइते सारकीद्वारा भगवानको साक्षात्कार साथै पहाडखण्डका केही धार्मिक वा सांस्कृतिक परम्पराको झांकी प्रस्तुत गरिएको छ । छोटकरीमा—

'रीडी बजारको छेउमा एउटो मइते नाम भएको सारकी बस्तथ्यो। नेपाली-अंग्रेजी ढांचा जस्तो भने पनि मइतेले जुत्ता अति राम्रो र बलियो बनाउंथ्यो अनि दाम पनि ठिकै लाएको हुनाले जुत्ता बनाउन चाहनेहरूका हुल कहिले कम्ति हुंदैनथ्यो। आनन्दमा आफ्नु परिवार सहित मइतेले दिन काटेको थियो।···सबै दिन एक समान रहंदैन।···मइतेकी स्वास्नी विरामी भयिन्, अन्त तीन वर्षको छोरोलाई छाडी स्वर्ग भयिन्। एघार वर्ष पुगी बाह्रैमा लाग्दा छोरो पनि बिती हाल्यो। मइतेलाई ठूलो चोट लाग्यो, मन विरक्त भयो।··· दया गरेर एक जना साधुले मइतेलाई ईश्वरभक्तहरूको चरित्रकथा-पुस्तक पढ़न भनी दिए। महात्मा-हरूको जीवनी पढ़्दा मइतेको मन हलुंगो भयो अनि मइतेले आफ्नु काम-काजतर्फ फेरि घ्यान दिन थाल्यो।···माघे संग्रातीताक रीडीमा तिर्थ-यात्रीहरूका हुलका हुल रातभरि ओहोर-दोहोर गरेका छन्। चारै तर्फ बत्तीहरू बलेर झिलिमिलि पारेको छ। कतै झ्याउरे गीत, कतै बाहुने भजन, कतै रकमरकमका बाजा इत्यादि बज्दै छ। तर मइतेलाईं यी कुराहरूतर्फ केही चाख छैन। फगत ईश्वर चिन्तन गरी आफ्नु ओछ्यानमा पल्टेका छन्। राती झसंग मइतेको निद्रा खुल्यो। एक अजीब आवाज सुनियो—मइते, भोलि म जात्रा हेर्न आउने छु, मलाई पर्खनु !—

अगिल्लो दिन मइते जात्रातर्फ लाग्यो।···रीडी खोला पारी एउटो ठूलो रुखको फेदीमा पुगी मइते एक छिन सुस्ताउन भनी बसे। नजिकैमा ढुंगाको आडमा बसेको एउटो अस्सी वर्ष नांघेको बुढोलाई मइतेले देख्यो।···मइतेले एउटो भट्टीमा लगेर बुढालाई खुवाउंछन् अनि भर्पर्दो भरियाको बन्दोबस्त मिलाई बुढालाई घर फर्काइ पठाउँछन्।···त्यसै दिन मइतेले एउटी असहाय आइमाइको पनि मदत गर्छन्।···थाकेर राती सुत्न लाग्दा मइतेलाई झल्यांस हिजो रातीको कुरो याद आउँछ—मइते, भोलि म जात्रा हेर्न आउनेछु, मलाई पर्खनु !' खोइ त, मेरो पास-मा त कोही आएनन्! सोच्दासोच्दै आंखा झिम्म भयो—आधा रातीमा मइतेको आंखा खुल्यो, उसले कोठामा उज्यालो प्रकाश देखे अनि सुने—मइते, म आएं—प्रकाशमा ती निर्बल बुढाको अनि ती असहाय आइमाइको अनुहार झलक्क देखियो।···

दुःखी-असहाय उपर दया-प्रेम जनाउनु नै परमात्माको पूजा-अर्चना हो।

मित्रसेनद्वारा रूपान्तरित टालसटयका उक्त कथाहरूमा हजरत ईसामसीहको मानव-प्रेमको भावना-संदेश निहित छ। संसारको प्रत्येक धर्मले मानव-कल्याण एवं विश्वशान्तिको नै अर्ति दिन्छ। कुनै धर्मले घृणा-द्वेष-शत्रुताको पाठ पढ़ाउँदैन। 'मजहब नहीं सिखाता आपसमें बैर रखना'—इकबालको यस विचारसित मित्रसेन एकदमै सहमत थिए। यसैले उनी गीता-महाभारत, बुद्धवाणी एवं टाल्सटय-कथा-साहित्य इत्यादिको प्रचार-प्रसार जतातते गर्न चाहन्थे।

# उपसंहार

भारतीय संस्कृति वा साहित्यको विकासमा मास्टर मित्रसेनको महत्वपूर्ण योगदान छ। कविद्वारा नेपाली भाषामा सृजित गीता-महाभारत अनि अन्यान्य पौराणिक वा एतिहासिक रचनाहरूले जनजनलाई लाभान्वित गरेको छ। कृष्ण-अर्जुन, ध्रुव-प्रह्लाद, भीषम-अभिमन्यु, हरिश्चन्द्र-अम्बरीष, शंकर-पार्वती, सत्य-वान-सावित्री, कलावती-लीलावती, सूरदास-चिन्तामणि, द्रौपदी-सखुबाइ इत्यादि अनेकानेक उत्कृष्ट चरित्रहरूको चित्रण गरी नाटक, व्याख्यान, गीत, संगीत वा ग्रामोफोन रेकर्डिंगको माध्यमबाट जताततै घुमिघुमिकन फिँजाउन सक्ने बहुप्रतिभा सम्पन्न मास्टर मित्रसेनको प्रयास साँचीनै अनौठो छ, अद्वितीय छ। लोक-गीतको आधारमा तयार पारिएका उनका हास्ययुक्त व्यंग्य-शैलीका विभिन्न रचनाहरू हाम्रो साहित्य-संगीतलाई विशेष देन हुन् अनि समाज-सुधारको दृष्टिले एकदमै महत्वपूर्ण। अझ विश्वशान्ति एवं जनकल्याणका लागि उनीद्वारा अनूदित वा रूपान्तरित बुद्धवाणी तथा टाल्सटय कथा-साहित्यले उनको हृदयको विशालता, संवेदनशीलता एवं दूरदर्शिताको परिचय दिन्छन्।

विशेषतय: मास्टर मित्रसेनका ग्रामोफोन रेकर्डहरूबाट नेपाली भाषाभाषी गोरखाली जगतमा उनको नामको प्रसिद्धि सन् 1936 देखिनै भइरहेको थियो। विश्व-युद्धको दौरान अनि भारतले आजादी पाएपछि लगभग पन्द्रह-बीस बर्षसम्म ऑल इन्डिया रेडियो दिल्लीबाट गोरखाली प्रोग्रामको अन्तर्गत उनको गीत-भजन-को रेकर्ड प्रतिदिन प्रसारित गरिन्थ्यो। गत तीस-पैंतीस वर्षदेखि नेपाल रेडियोले समयसमयमा मास्टर मित्रसेनको रेकर्डहरू अनि उनी बारे केही परिचय प्रसारित गरिरहेको सर्वविदितै छ। यसै संदर्भमा डा. जगत छेत्री (दार्जलिंग) लेख्नु हुन्छ — 'धेरै अघि 'दियालो' पत्रिकामा म सम्पादक भएको समय स्व. मित्रसेन विषय एउटा लेख छापिएथ्यो। नेपाल रेडियोबाट पनि समयसमयमा उनी सम्बन्धमा चर्चा गरेको र उनको गीत प्रसार गरेको सम्झना छ।"...

नेपाली गीत-संगीतका प्रसिद्ध कलाकार नाती काजी, शिवशंकर, पुष्पलाल अनि तारादेवी इत्यादि दार्जिलिङ् जाँदा, मिलेर संगीतको कार्यक्रम प्रस्तुत गर्नु भए

सम्बन्धमा एउटा समीक्षा-लेख त्रैमासिक पत्रिका 'दियालो-1961' को जुलाई-सितम्बर अंकमा छापिएको थियो। त्यसबाटका केही अंश—'नेपाली आधुनिक संगीतमा नेपालका संगीतकारहरूले हामीलाई विशेष समृद्ध तुल्याएका छन्… उताका संगीतकारहरूका गीतहरू जातीयता त्यति सजिलै फेर्न अस्वीकार गर्छन्। यसैले मित्रसेनले खनेको बाटोमा उनीहरूनै अघि बढेका छन्।…' हो लोकगीत-का अन्वेषक, रचनाकार वा गायकको रूपमा मास्टर मित्रसेनले हाम्रो झ्याउरेका साम्राटको उपाधिले ख्याति अर्जित गरेका हुन्।

'रिफ्लेकशन्ज ऑन नेपाल-इन्डिया रिलेशन्ज' पुस्तकमा डा. यदुनाथ खनाल लेख्नु हुन्छ—'मित्रसेन द्वारा आफ्ना रसिला गीतसंगीत एवं समर्पित सेवाकार्यहरू बाट त्यतिबेला समाजमा प्रचलित जांड़-जुवा वा अन्यान्य सामाजिक बुराइहरूका विरुद्ध जन-समुदायको आत्मालाई जगाउन खोजेको अनि समाजलाई उच्च नैतिक वा सांस्कृतिक स्तरमा पुर्‍याउन चाहेको उनको प्रयास सराहनीय छ।…'

यसै संदर्भमा नेपाली साहित्यका गौरव वा प्रख्यात नाटककार बालकृष्ण समको विचार उनकै शब्दमा—'हामी भात खाने कीराहरूको अस्तित्व जति सुकै नाम, मान-ऐश्वर्य कमाए तापनि एक दुइ पीढी सम्म मात्र रहने छ तर मास्टर मित्रसेनको प्रतिभाशाली व्यक्तित्व, जाति-समाज-भाषा प्रति उनको त्याग र सेवा ले गर्दा, संसारमा ध्रुवतारा झैं अटल रहने छ। समस्त जनले उनको जीवनबाट प्रेरणा पाउँदै रहने छ।' '

यस्तै हाम्रा प्रसिद्ध साहित्यिक प्रा. इन्द्रबहादुर राई (दार्जिलिंग) द्वारा व्यक्त गरिएका केही शब्द—'मित्रसेन एक नेपाली गायक मात्र होइनन, मित्रसेन भार-तीय गोरखाली समाज बनाउने एक निर्माता हुन्। हामी जे जति बनेका हौंला त्यसमा निश्चयतः मित्रसेनको योगदान छ, त्यागदान छ।'…अनि नेपाली साहित्य सम्मेलनका अध्यक्ष आर.पी. लामा (दार्लिलिंग) लेख्नु हुन्छ—'मित्रसेन थापाका अमूल्य कृतिहरूको प्रकाशन र प्रचार यस घरी नेपाली समाजमा अत्यन्तै आवश्यक छ।…'

साप्ताहिक पत्र 'हिमालचूली' सम्पादक विपिनदेव ढुंगेल (बिराटनगर) द्वारा उक्त पत्रमा छापिएको टिप्पणीकाकेही अंश—'धेरै बर्षदेखि प्रतीक्षा गरिंदै आएको नेपाली लोकगीत-संगीतका उत्थानकर्ता तथा समाजसेवी मास्टर मित्रसेन थापाको डायरी र केही कविताझ्याउरेलाई पुस्तकको रूपमा निकाल्दिएर समाजलाई ठूलो गुन लगाइएको छ।…' अनि आकाशवाणी दिल्लीका भूतपूर्व अधिकारी वा समाचार उद्घोषक शालिगराम शर्माको विचार—'मास्टर मित्रसेनलाई म, भागसूको मात्र होइन, बरु समस्त गोरखालीजनका एक महान युगपुरुष हुन् भन्ठान्छु। उनी एक उच्चकोटिका कलाकार, नाटककार वा समाज सुधारकका साथ-साथै गहन विचारक, कवि वा लेखक पनि थिए।…'

मास्टर मित्रसेनका अनगन्ती प्रशंसकहरू मद्धे केही जना उनका रिश्ता-नाता पर्ने बुढापाका भिमेकी, सहयोगी, शिष्य एवं जानकारहरूसितको भेटवार्ताको आधारमा उनको संक्षिप्त जीवनीलाई यो सानो पुस्तकमा राख्न सकियो। मित्रसेनका सहपाठी वयोवृद्ध स्व० नत्थुराम थापा (जन्म 1897) बाट, 3 अगस्त 1981 को भेटवार्तामा, कविको बाल्यकालदेखि देहावसानसम्मका धेरै कुराहरू विषयमा जानकारी उपलब्ध भएको यहाँ उल्लेखनीय छ। मास्टरज्यूकी धर्मपत्नी श्रीमती लाजवन्ती थापा, छोरो श्री दिग्विजयसेन थापा, भान्जा सु० हुश्यारसिंह थापा वा कै० प्यारसिंह थापाले पनि उनी बारे अनेक प्रमाणिक तथ्यहरू प्रदान गरेका हुन्। उनका सहयोगी अथवा शिष्यहरू मद्धे सर्वश्री मदनसिंह गुरुंग, हरिचन्द शाही, शिवचरण ठाकुर, रामसिंह ठाकुर (आजाद हिन्द फौजका प्रसिद्ध संगीत निर्देशक), किशनजंग थापा, भगवानसिंह चौहान अनि रोशनलाल सूदबाट थप्रै उपयोगी सामग्रीहरू प्राप्त गर्नसकियो। ब्रि० शेरजंग थापा, क० शिवनारायणसिंह गुरुंग, क० दिलविक्रमसिंह गुरुंग, ले० जगतसिंह खंडका, मे० संसारसिंह नेपाली, सु० प्रेमसिंह कारकी, सु० आनन्दसिंह थापा इत्यादि महानुभावहरूबाट पनि धेरथोर जानकारी उनी बारे उपलब्ध गरिएको हो। उक्त भागसूबासी बन्धुजन बाहेक यी पंक्तिका लेखकद्वारा यसै संदर्भमा सन् 1951-52मा महाकवि लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रशाद देवकोटा अनि महानन्द साप्कोटासितको भेटवार्ता (काठमाण्डूमा) साथै दुइ वर्ष अघि देहरादूनमा श्री यज्ञवल्लभ वा सु० सत्यवल्लभ-बाटको जानकारी एवं गत वर्ष दिल्लीमा श्री डी० एन० जोशी, विधायक (शिलांग) बाट कवि विषय पाइएका व्यक्तिगत अनुभव बारे केही संस्मरण यहाँ उल्लेखनीय छ।

मास्टर मित्रसेनको जीवन अनि उनका कृति वा उपलब्धिहरू बाबत केही परिचय साधारण पाठकवृन्द समक्ष प्रस्तुत गर्न निमित्तनै विशेषगता यो सानो पुस्तक तयार पारिएको हो। पचास बर्षको छोटो जीवनकालमा उनीद्वारा भारतीय साहित्य-संस्कृतिको निर्माण वा विकास सम्बन्धमा गरिएको ठोस कार्यहरूले वास्तवमा हाम्रो मस्तक ऊँचो गराएको छ। हामी सबैलाई गौरान्वित तुल्याएको छ।

Indian Institute of Advanced Study
1169.70
8/12/04

गीता—महाभारत (सात सर्ग) अनि अनेक पौराणिक गाथाहरूलाई खण्ड-काव्यको रूपमा लेखी, गाउँदै-डुल्दै जताततै प्रचार गरिहिंडने बहुप्रतिभावान मित्रसेन केवल कवि-गायक र धर्म-प्रचारक मात्र थिएनन्, उनी एक सफल नाटककार, निबन्धकार एवं लोकगीतसंगीतमा माहिर रचनाकार वा समाज-सुधारक पनि थिए। नेपालीका प्रख्यात साहित्यकार एवं समालोचक प्रोफेसर इन्द्रबहादुर राई लेख्नु हुन्छ—'हामी जे जति बनेका हौंला त्यसमा निश्चयतः मित्रसेनको योगदान छ, त्यागदान छ।' संगीत-साहित्य अनि नाट्यकलाको माध्यमबाट मित्रसेनले जनसाधारणमा देश-प्यार र जातिए गौरवको जुन् जागरण उत्पन्न गर्न सके त्यो उनको अझ ठूलो योगदान हो। उनीद्वारा तयार पारिएको युवा मन-मस्तिष्कले आज़ादीको उदघोषलाई सजिलै पाराले कबूल गर्न सक्नु अनि महान् बलिदान यज्ञमा हाम फाल्न पुग्नु—एक चमत्कारी घटना नै हो। ती कतिपय हाम्रा युवा देशभक्त शहीदहरूको असीम त्याग र बलिदानले भारतको इतिहासका पाता गौरवान्वित छन्

Library IIAS, Shimla
N 891.491 092 M 697 P
00116970

यो सानो पुस्तकमा भाग्सु

मित्रसेनको जीवन झांकी तथा उनक

गरेका छन्। मित्रसेनका अमूल्य वृ

हाम्रो देश र हाम्रो समाजमा अत्यन्तै आवश्यक छ।

ISBN 81-7201-675-1

पन्द्रह रुपियाँ